साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com
अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १६५औं दिन
वर्ष ४३, अंक ३८, २०८२, फागुन ११ गते, सोमबार (Feb. 23, 2026) मूल्य रू. १०/-

# पूर्व राजाको सन्देशले चुनावी गणित हल्लायो
## राप्रपा : बहिस्कार कि सहभागिता ?

**काठमाडौं । प्रजातन्त्र दिवसको पूर्वसन्ध्या, ०८२ फागुन ६ गते, पूर्वराजा ज्ञानेन्द्र शाहले राष्ट्रका नाममा दिएको कडा भिडियो सन्देशले नेपालको राजनीतिक वृत्तमा नयाँ तरंग ल्याइदियो । औपचारिक राजनीतिबाट टाढा बसेका पूर्व राजा अचानक चुनावी बहसको केन्द्रमा उभिएका छन् । प्रतिनिधि सभा निर्वाचन २०८२ फागुन २१ गतेका लागि तय भइसकेको बेला आएको सन्देशले निर्वाचन प्रक्रियामाथि नै प्रश्नचिन्ह खडा गरिदिएको छ–"पहिले राष्ट्रिय सहमति, अनि मात्र निर्वाचन ।"**

यो अभिव्यक्तिले केवल राजतन्त्रवादी वृत्तमा मात्र होइन, प्रतिनिधि सभा निर्वाचनको समग्र राजनीतिक गणितमै हलचल ल्याएको छ । कतिपय विश्लेषकहरूले यो सन्देशले निर्वाचन प्रभावित हुन्छ कि भन्ने आशंका समेत व्यक्त गर्न थालेका छन् ।

**राप्रपा धर्मसंकटमा**

राजाको स्पष्ट संकेत-राजनीतिक सहमति विना गरिने निर्वाचनले निकास नदिने-पछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) चाहिं दोधारमा देखिएको छ। राजतन्त्रलाई वैचारिक आधार बनाएको दलले चुनावमा भाग लिँदा राजाको भावनाविपरीत हुने र नलिँदा राष्ट्रिय राजनीतिबाट विमुख हुने जोखिम छ । यही द्विविधाले राप्रपाभित्रको मनोविज्ञान चर्किएको देखिन्छ। यद्यपि व्यवहारिक राजनीतिले राप्रपालाई चुनावबाट पछि हट्न दिएको छैन । झापा-३ बाट अध्यक्ष राजेन्द्र लिङ्देन, मकवानपुर-१ बाट दीपकबहादुर सिंह, काठमाडौं-५ बाट कमल थापा, काठमाडौं-१ बाट रवीन्द्र मिश्र, नवलपरासी-२ बाट ध्रुवबहादुर प्रधान र जुम्लाबाट ज्ञानेन्द्र शाहीलगायतका प्रभावशाली उम्मेदवार चुनावी मैदानमा छन् । पार्टीको आन्तरिक मूल्यांकनअनुसार काठमाडौं-५ बाहेकका निर्वाचन क्षेत्रमा राप्रपाको जितको सम्भावना देखिएकाले चुनावी मैदान नछाड्ने संकेत स्पष्ट देखिन्छ ।



२०८२ फागुन ७ गते बसेको केन्द्रीय पदाधिकारी बैठकले राजाको सन्देश "स्वागत र समर्थन" गर्ने निर्णय गऱ्यो, तर चुनाव बहिस्कार नगर्ने पनि स्पष्ट गऱ्यो । यसरी राप्रपाले एकातिर पूर्व राजाको भावनालाई ग्रहण गर्ने, अर्कोतर्फ चुनावी मैदान नछोड्ने दोहोरो 'दही चिउरे' राजनीतिक रेखा अख्तियार गरेको देखिन्छ ।

**बहिस्कारको बाटो रोज्ने राजतन्त्रवादी शक्ति**

राप्रपाको विपरीत, राजतन्त्रवादी दुर्गा प्रसाईंको 'नागरिक बचाउ दल नेपाल', केशरबहादुर विष्टको 'राष्ट्रिय शक्ति नेपाल', 'नेपालका लागि नेपाली दल' र भरत दाहालको 'त्रिमुल नेपाल'ले भने चुनाव बहिस्कार गर्ने घोषणा गरिसकेका छन् । केही स्वतन्त्र राजापक्षधर उम्मेदवारहरूले समेत उम्मेदवारी फिर्ता लिँदै निर्वाचन प्रक्रियाबाट अलग भएको घोषणा गरेका छन् ।

यसले राजतन्त्रवादी खेमाभित्रै दुई धार देखिएको छ-एक सक्रिय राजनीतिक प्रतिस्पर्धामा जाने, अर्को पूर्ण बहिस्कारमार्फत वैकल्पिक आन्दोलन निर्माण गर्ने ।

**'भद्र सक्रियता' कि रणनीतिक हस्तक्षेप ?**

पछिल्लो एक वर्षमा पूर्वराजा ज्ञानेन्द्र शाहले क्रमिक रूपमा अभिभावकीय शैलीका वक्तव्य दिँदै सार्वजनिक उपस्थिति बढाएका छन् । प्रत्यक्ष राजनीतिमा प्रवेश नगरी (बाँकी पृष्ठ ८ मा)

# घण्टीको लहर कि किल्लाको रक्षा ?
# सरकार गठनको म्याजिक नम्बर

**काठमाडौं । २०८२ फाल्गुण २१ को निर्वाचन नजिकिँदै गर्दा नेपालको राजनीतिक रंगमञ्चमा गम्भीर संशय र शंकाको वातावरण व्याप्त छ । एकातिर राप्रपा र केही 'जेन–जी' (न्भल(श) समूहले विद्यमान व्यवस्थामाथि नै प्रश्न उठाउँदै राजासहितको सर्वपक्षीय सम्मेलन र राष्ट्रिय सहमतिपश्चात मात्र निर्वाचनमा जानुपर्ने कडा अडान राखिरहेका छन् । अर्कोतिर, एमाले आफ्नो सांगठनिक स्थिति मजबुत नदेखेपछि कुनै पनि बहानामा निर्वाचन पर सार्ने रणनीतिक दाउपेचमा देखिन्छ ।**

**१. राजनीतिक संशय र दलगत रणनीति**

नेपाली कांग्रेसभित्र पनि शेरबहादुर देउवा पक्ष निर्वाचनप्रति खासै उत्साहित नदेखिएको अवस्थामा गगन थापा पक्षले भने एकतर्फी रूपमा चुनावी माहोललाई पेलेर अगाडि बढाइरहेको छ । यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यस निर्वाचनलाई आफ्नो 'जीवन-मरण'को सवाल बनाएको छ, जसका कारण देशभर 'घण्टी'को पक्षमा एउटा बलियो लहर सिर्जना भएको देखिन्छ ।

**२. गगन थापाको 'सर्लाही यात्रा' र पेचिलो प्रतिस्पर्धा**

यसपटकको निर्वाचनको सबैभन्दा चर्चाको विषय गगन थापाले आफ्नो सुरक्षित मानिएको 'काठमाडौं क्षेत्र नं. ४' छोडेर सर्लाही क्षेत्र नं. ४ बाट उम्मेदवारी दिने निर्णय गर्नु हो । काठमाडौंमा रास्वपा र बालेन शाहको बढ्दो प्रभावका कारण पराजयको डरले उनले क्षेत्र परिवर्तन गरेको आरोप विपक्षीहरूले लगाएका छन् । खस-आर्य (क्षेत्री) समुदायका थापाका लागि मधेशको चुनावी मैदानमा 'टुरिस्ट उम्मेदवार' को ट्याग भिरेर अमरेश कुमार सिंह जस्ता स्थानीय प्रभावशाली नेतासँग भिड्नु फलामे चिउरा साबित हुन सक्छ ।

अमरेश कुमार सिंहले गगन थापालाई १० हजार मतले पराजित गर्ने ठोकुवा गर्दै, पराजित



गर्न नसके आत्मदाह गर्ने घोषणासमेत गरेका छन् । यसले मधेशको चुनावी माहोल निकै पेचिलो बनाएको छ । यो कदमले थापालाई कि त 'राष्ट्रिय सर्वमान्य नेता' को रूपमा स्थापित गर्नेछ, कि त उनको 'भावी प्रधानमन्त्री' को सपनामा पूर्णविराम लगाइदिनेछ ।

**३. शीर्ष नेताहरूको चुनौती र बालेनको उदय**

समग्रमा, २०८२ को यो निर्वाचन पुराना स्थापित दलहरूका लागि आफ्नो विरासत जोगाउने अन्तिम लडाइँ जस्तो देखिएको छ । शेरबहादुर देउवा यसपटक उम्मेदवार नबन्ने चर्चाले कांग्रेसको आन्तरिक समीकरण फेरिएको छ भने अन्य शीर्ष नेताहरूको प्रतिष्ठा पनि दाउमा लागेको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफ्नो गृहक्षेत्र झापा-५ मा तुलनात्मक रूपमा बलियो देखिए तापनि नयाँ पुस्ताको चरम वितृष्णा र 'नो नट अगेन' अभियानका कारण जोखिमपूर्ण स्थितिमा छन् ।

काठमाडौंको मेयर पदबाट राजीनामा दिएर रास्वपाको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवारका रूपमा मैदानमा उत्रिएका बालेन शाहले ओलीलाई उनकै गढमा कडा चुनौती दिएका छन् । बालेनको पक्षमा युवा र 'जेन-जी' पुस्ताको ठूलो क्रेज देखिएको छ भने उनले ओली सरकारले युवा आन्दोलन दबाएको र सुशासन दिन नसकेको विषयलाई मुख्य चुनावी एजेन्डा बनाएका छन्। बालेनको उपस्थितिले एमालेका मात्र नभई कांग्रेसका पुराना र असन्तुष्ट मतदाताहरूलाई समेत आकर्षित गरिरहेको देखिन्छ ।

**४. झापा–५: राजनीतिक परिवर्तनको 'लिटमस टेस्ट'**

झापा-५ मा अहिले "पुरानो पुस्ताको अनुभव" र "नयाँ पुस्ताको विद्रोह" बीच महासंग्राम छ । ओलीसँग एमालेको मजबुत ग्रासरुट संगठन र पुराना 'लोयल' मतदाताको साथ भए पनि बालेनसँग सामाजिक सञ्जाल र युवाहरूको स्वःस्फूर्त लहर देखिन्छ । पहिले देशभर चुनावी सभा सम्बोधन गर्दै हिँड्ने ओली अहिले आफ्नै सिट जोगाउन झापाका गाउँ-बस्तीमा घरदैलो गर्नै बाध्य हुनु र एमालेद्वारा '३५ बुँदे अपिल' जारी गरिनुले उनको रक्षात्मक अवस्थालाई झल्काउँछ ।

यहाँ कांग्रेसले मन्धरा पौडेल र माओवादी केन्द्रले रञ्जित तामाङलाई उठाए पनि मुख्य लडाइँ 'ओली भर्सेस बालेन' मै केन्द्रित छ । त्यस्तै, चितवन-२ मा रास्वपा सभापति रवि लामिछाने विभिन्न कानूनी विवाद र सहकारी प्रकरणका बाबजुद आक्रामक रूपमा प्रस्तुत भएका छन्, जसले उनलाई अन्य स्थापित नेताहरूको तुलनामा बढी आत्मविश्वासपूर्ण स्थितिमा राखेको छ ।

**५. सुरक्षा तयारी र मतदाताको मनोविज्ञान**

निर्वाचन हुने-नहुने विषयमा संशय कायमै रहे तापनि तयारी पूर्ण रूपमा भएको देखिन्छ । अहिले देशभर नेपाली सेना परिचालन गरिएको छ । सडकमार्ग र हवाई मार्गमा सेनाले गस्ती तथा तालिमप्राप्त कुकुरसहित चेकजाँच गर्न थालेको छ भने विमानस्थलहरूको सुरक्षाको जिम्मा पनि सेनाले लिएको छ ।

मतदाताहरू निर्वाचनको विकल्प नभएकोमा स्पष्ट छन्, तर एमालेलगायत केही दलहरू अझै संशयमै (बाँकी पृष्ठ ८ मा)

## रास्वपा : पहिलो दलको दौड रोचक मोडमा

काठमाडौं । पछिल्ला दिनमा चुनावको अंकगणितमा केही रोचक दृश्यहरु देखिन थालेको छ । अहिले रास्वपालाई पहिलो शक्ति बनाउन खेल बाहिरबाट पनि भइरहेको चर्चा पनि हुने गरेको छ । त्यो चर्चा अनुसार रास्वपा पहिलो दल बन्ने संभावना भएपनि ठूलो शक्ति बन्न नसक्ने भन्दै उसलाई साथ दिएका शक्ति केन्द्रहरु चिन्तित देखिन थालेको पनि सुनिन्छ । एमालेलाई सबैभन्दा बढी प्रहार गर्न खोजिएको छ ।

एमालेको संगठनलाई कमजोर बनाएपछि उक्त मतहरु रास्वपालाई आउने वा एमाले कमजोर भए रास्वपा बलियो शक्ति बन्ने शक्ति केन्द्रहरुको आंकलन थियो । तर, पछिल्ला दिनमा रास्वपाको रफ्तारमा ब्रेक लागेको र उस्तै परेमा रास्वपाका नेताहरु नै विवादमा पर्ने र पार्टी छोड्न थालेपछि थप नकारात्मक असर परेको आंकलन हुँदैछ । त्यसैले, अबको चुनावमा रास्वपाको अपेक्षित मत आउने देखिएको छैन । २०८२ फागुन ८ गते दाङमा एमाले झण्डा जलाएको काण्डपछि प्रत्यक्षमा त ३५ भन्दा कम सिटमै रास्वपा खुम्चिने संभावना बढेको छ । त्यसबाहेक पहिला रास्वपाले जितेको स्थानमा अहिले जित्ने संभावना कम रहेको पनि सर्भेहरुले देखाएका छन् । त्यसले गर्दा रास्वपा पनि क्रेज घटेकोमा चिन्ता व्यक्त गरिरहेको छ । स्रोतका अनुसार, रास्वपाले ३० लाख बढीमा भोट ल्याउने अनुमान भइरहेको छ । त्यस्तो अवस्थामा पनि केही रास्वपामा पहिलो दल बन्न नै गारो देखिएको पनि स्रोतहरुको भनाइ छ ।

स्रोतका अनुसार, रास्वपा दोस्रो वा तेस्रो दल नै बन्ने संभावना रहेको छ । कांग्रेस र एमालेवीच पहिलो दलमा प्रतिस्पर्धा हुन सक्ने केही सर्भेले पनि देखााएका छन् । (बाँकी पृष्ठ ८ मा)

# राजस्व लक्ष्यमा ठूलो अन्तर-मन्त्री असफल
## अर्थतन्त्र : १ खर्ब ८२ अर्बको खाडल !

काठमाडौं । चालु आर्थिक वर्षका लागि पूर्ववर्ती सरकारले १४ खर्ब ८० अर्ब रुपैयाँ आन्तरिक राजस्व संकलनको महत्वाकांक्षी लक्ष्य निर्धारण गरेको थियो । तर, अन्तरिम सरकारले सार्वजनिक गरेको अर्धवार्षिक समीक्षाअनुसार लक्ष्य घटेर १२ खर्ब ९८ अर्ब रुपैयाँमा सीमित हुने अनुमान गरिएको छ । अर्थात् प्रारम्भिक लक्ष्यको तुलनामा १ खर्ब ८२ अर्ब रुपैयाँ कम संकलन हुने प्रक्षेपण गरिएको हो । राजस्व लक्ष्यमा यस्तो ठूलो अन्तर पर्नु सामान्य प्राविधिक समायोजन मात्र नभई संरचनागत कमजोरीको संकेत भएको अर्थविद्हरू बताउँछन् । आर्थिक वर्षको आधा अवधि बितिसक्दा संकलन दर लक्ष्यको ४५-५० प्रतिशत हाराहारीमा सीमित रहनुले वर्षान्तसम्म लक्ष्य भेट्न कठिन देखिएको हो ।

**राजस्व संरचना र कमजोरी**

नेपालको कुल आन्तरिक राजस्व संरचनामा भन्सार राजस्व करिब ४५ प्रतिशत, मूल्य अभिवृद्धि कर (भ्याट) ३० प्रतिशत, आयकर २० प्रतिशत र अन्य कर ५ प्रतिशतको योगदान रहने गरेको छ । यसमध्ये भन्सार राजस्व आयातमा निर्भर छ । पछिल्लो समय आयात संकुचन, उपभोग घट्दो र बैंकिङ क्षेत्रमा तरलताको समस्या रहँदा भन्सार आम्दानीमा सीधा असर परेको छ । वाणिज्य तथा आपूर्ति विभागका तथ्यांकअनुसार गत वर्षको तुलनामा आयात करिब १२-१५ प्रतिशतले घटेको देखिन्छ । पेट्रोलियम पदार्थ, सवारीसाधन, निर्माण सामग्री तथा विलासिताका वस्तुको आयात घट्दा राजस्वमा उल्लेखनीय गिरावट आएको छ । तर, अर्थविद्हरूको (बाँकी पृष्ठ ८ मा)

# निर्वाचन बहानामा, पदस्थापन रोकियो
## आचारसंहिता कि मन्त्री र सचिवको बेइमानी ?

काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत लामो समयदेखि तीनजना नव-बढुवा सहसचिव जिम्मेवारीविहीन अवस्थामा बस्न बाध्य भएका छन् । वरिष्ठ डिभिजनल इन्जिनियरबाट ०८२ माघमा सुपरीटेन्डेन्ट इन्जिनियर (सहसचिव) मा बढुवा भएका राजेश पौडेल, विजय महतो र धर्मेन्द्र झालाई मन्त्रालयले हालसम्म कुनै जिम्मेवारी नदिएको गुनासो उनीहरूले गरेका छन् । राजेश पौडेलले २०८२ माघ १४ गतेदेखि मन्त्रालयमा हाजिर गर्दै आएका छन् भने विजय महतो र धर्मेन्द्र झाले २०८२ माघ १८ गतेदेखि नियमित हाजिर मात्रै गरिरहेका छन् । तर, बढुवाको झण्डै एक महिनापछि पनि उनीहरूको कार्यक्षेत्र र जिम्मेवारी तोकिएको छैन । पीडितहरूको भनाइमा, मन्त्रालयले बस्ने कोठा समेत उपलब्ध नगराएकाले उनीहरू दैनिक हाजिर गरेर घर फर्किने अवस्था रहेको छ ।

**दरबन्दी खाली, कामु सक्रिय** : रोचक पक्ष के छ भने मन्त्रालयअन्तर्गतको सडक विभागका तीनवटा निकायमा सहसचिव स्तरका दरबन्दी रिक्त छन् । ती स्थानमा हाल कामु प्रमुखमार्फत कार्यसम्पादन भइरहेको छ । तर नयाँ बढुवा भएका सहसचिवहरूलाई ती (बाँकी पृष्ठ ८ मा)

# निर्मल निवासको संकेतपछिको सक्रियता
## सीपीको नेतृत्वको विशेष भेलामा के भयो ?

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले २०८२ फागुन ७ गते सार्वजनिक गरेको सन्देशपछि राजतन्त्रवादी वृत्तमा असामान्य हलचल देखिन थालेको छ । राजनीतिक सहमतिविना निर्वाचन प्रक्रियामा नजानु उपयुक्त हुने आशय व्यक्त गरिएको उक्त सन्देशलाई राजतन्त्रवादी समूहहरूले 'संकेतात्मक आव्हान'का रूपमा लिएका छन् । स्रोतहरूका अनुसार, त्यसयता काठमाडौंमा विभिन्न किसिमका 'विशेष कोठे बैठक' सुरु भएका छन्, जहाँ सर्वपक्षीय सरकार गठन, राष्ट्रिय सहमति र राजतन्त्र पुनर्स्थापनाको विषयमा गहन छलफल भइरहेको छ ।

**फागुन ९ को बैठक : निर्मल निवासको इसारा ?**

राजनीतिक वृत्तमा चलेको चर्चाअनुसार, २०८२ फागुन ९ गते अपरान्ह निर्मल निवासको इसारामा सीपी मैनालीको नेतृत्वमा राजतन्त्र पक्षधरहरूको गोप्य भेला भएको बताइएको छ । उक्त छलफलमा सीपी मैनाली, वीपीन कोइराला, सञ्जीव न्यौपाने, खेमराज सेंढाइ, मोहन लामा रुम्बा, कल्पना मगर, देवप्रकाश त्रिपाठी, रमा सिंह, बन्दना कोइराला, गोपाल थापालगायतका व्यक्तिहरू सहभागी रहेको स्रोतहरूको दाबी छ ।

बैठकमा 'मौसूफ'को सन्देशलाई आधार मानेर निर्वाचनअघि नै राष्ट्रिय सहमति कायम गर्ने पहल गर्नुपर्ने विषयमा सहमति भएको बताइएको छ । स्रोतका अनुसार, २०८२ फागुन ११ गतेभित्रै 'राष्ट्रिय सहमति संवाद समिति' गठन गर्ने प्रारम्भिक निर्णयसमेत भएको छ । (बाँकी पृष्ठ ८ मा)

## सर्वपक्षीय सरकारको कार्ड

काठमाडौं । २०८२ फागुन २१ गते चुनाव आउन दस दिन बाँकी छ । यही बेलामा फेरि चुनावअघि नै सर्वपक्षीय सरकारको मुद्दा उठ्न थालेको छ । यो मुद्दा उठेपछि चुनाव अन्तिम समयमा भएपनि रोकिने भन्दै चर्चा हुन थालेको छ। पूर्वराजा ज्ञानेन्द्र शाहले चुनावअघि नै राजनीतिक संकट मोचन गर्नुपर्ने अर्थात सर्वपक्षीय सहमतिपछि मात्रै चुनावमा जानुपर्ने धारणा सार्वजनिक गरेका छन् । सोही धारणापछि थप चुनावको विषयमा प्रश्न उठाउन थालिएको हो ।

पूर्वराजा ज्ञानेन्द्र शाहले नेपालमा राजनीतिक संकट रहेको र त्यो संकटले नेपालको अस्तित्वमै प्रश्न उठाएको बताएका छन् । ७ फागुन २०८२ मा प्रजातन्त्र दिवसको अवसरमा पूर्व राजा ज्ञानेन्द्र शाहले जारी गरेको सन्देशले त्यसलाई बल दिएको हो । हुन त, पूर्व राजाले योभन्दा अघि पनि यस्तो कुरा नगरेका भने होइनन् । अहिले भने चुनावअघि नै सहमति गर्नुपर्ने कुरा जोडका साथ उठाउनुले (बाँकी पृष्ठ ८ मा)

## मन्त्रिपरिषदमै बेथितिको डंगुर

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वाणिज्यतर्फका सचिव डा. रामप्रसाद घिमिरे अनिवार्य अवकाशमा गएका छन् । ५८ वर्ष उमेर हदका कारण उनी २०८२ फागुन ९ गते शनिबारबाट अनिवार्य अवकाश हुने भएपनि फागुन ८ गते शुक्रबार नै मन्त्रालयले उनको बिदाई कार्यक्रम आयोजना गरेको थियो । सचिवको कार्यकाल पाँचवर्षे हुने भएपनि उमेर हदका कारण उनी निजामती सेवाबाट बिदा हुनु परेको बताइन्छ । राजस्व, अर्थ सचिव भइसकेका घिमिरेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रपति कार्यालयमासमेत सचिवको जिम्मेवारीमा रहेर कामकाज गरेका थिए ।

घिमिरेको अवकाश भएसँगै उनको स्थानमा कायममुकायम सचिव (बाँकी पृष्ठ ८ मा)

## संसद भवन अधुरै, सचिवको ध्यान सरुवातिर !
# फागुन २१ पछि संसद कहाँ बस्ने ? सरकार मौन

● साँघु संवाददाता

**काठमाडौं । संघीय संसद नयाँ भवन निर्माणको जिम्मा शहरी विकास मन्त्रालयअन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग मातहतको विशेष भवन आयोजना समन्वय कार्यालयले लिएको थियो । उक्त संसद भवन समयमा निर्माण सम्पन्न गर्न सचिव गोपालप्रसाद सिग्देलले खासै चासो नदिएको गुनासो कर्मचारीहरुले गरेका छन् । बरू सचिव सिग्देलको ध्यान यतिखेर २०८२ चैत्रमा ८ गते पछि रिक्त हुन लागेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिव बन्नेतर्फ केन्द्रित हुन थालेको चर्चा छ ।**

सो मन्त्रालयमा कार्यरत सचिव केशवप्रसाद शर्मा बिडारी ५८ वर्षे उमेर हदका कारण अनिवार्य अवकास जाने लागेका छन् ।

त्यसैले उक्त मन्त्रालयमा कसरी बाजी मार्ने भन्ने ध्याउन्नमा सचिव सिग्देल लागेको बताइन्छ । त्यसका लागि उनले मन्त्री प्रा. डा. कुमार इङ्नाम र प्रधानमन्त्री सुशीला कार्कीलाई खुशी पार्न चाकडीमा व्यस्त हुने गरेको कर्मचारी स्रोतले दावी गरेको छ । यसअघि आरजु राणालगायतको शक्ति केन्द्र परिचालन गरेर दुईपटक भौतिक मन्त्रालयको सचिवको जिम्मेवारीमा रहेर काम गरिसकेका छन् । जसले गर्दा शहरीको तुलानामा भौतिक मन्त्रालयका अतिरिक्त आम्दानीका हिसाबले पनि निकै आकर्षित मानिन्छ । २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनमा कुनै राजनीतिक दलको बहुमत नआउने प्रारम्भिक विश्लेषण भइरहेको छ ।

निर्वाचनपछि दलीय गठबन्धनको नयाँ सरकार गठन हुन पनि लामो समय लाग्ने भएकोले त्यही मौकाको सदुपयोग गर्दै उनी भौतिक मन्त्रालयमा सरूवा हुन चलखेल अहिलेदेखि नै सुरु गरिसकेको मन्त्रालय स्रोतले दावी गरेको छ । त्यसकारण पनि उनले नयाँ संसद भवन निर्माणमा पहल र मन्त्रालयअन्तर्गत



मन्त्री प्रा. डा. कुमार इङ्नाम, सचिव गोपालप्रसाद सिग्देल

रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको पुनर्निर्माणमा पनि उदासिन हुँदै आएको आरोप खेप्दै आएका छन् । अर्थ मन्त्रालयले पुन निर्माणको लागि केन्द्रलाई बजेट नदिएको भनेर उनी टक्टकिँदै आएका छन् र कुनै पहल पनि नगरेको मन्त्रालय स्रोतले बताएको छ । अन्तरिम सरकार प्रतिनिधि सभाको निर्वाचन फागुन २१ गते सम्पन्न गर्ने अन्तिम तयारीमा जुटिइरहेको छ ।

निर्वाचन सम्पन्नपश्चात गठन हुने निर्वाचित सांसदहरूको संसद बैठक कहाँ बस्ला भन्ने अन्यौलताको भने अझै कायम रहेको छ । संघीय प्रशासननिक निकाय सिंहदरबारमा परिसरमा हाल निर्माणाधीन अवस्थामा रहेको नयाँ संसद भवनको निर्माण कार्य ८५ प्रतिशत मात्र सम्पन्न भएको छ । १५ प्रतिशत निर्माण कार्य हुन अझै बाँकी रहेकोले पनि संसदको बैठक कहाँ आयोजना गर्ने भन्ने हालसम्म एकीन हुन सकिरहेको छैन । ०६४ सालमा सरकारले संविधान सभा बैठक आयोजनाको लागि भाडामा लिएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र २०८२ भदौ २४ गते खरानी भएकाले यतिखेर भग्नावेशमा परिणत भएको छ ।

नयाँ भवन निर्माणमा भइरहेको ढिलाइ र समयमा केन्द्रको मर्मतमा सरकारले खासै ध्यान नदिएको कारण यस्तो अन्यौलताको अवस्था सिर्जना हुन पुगेको बताइन्छ। जसका कारण जन निर्वाचित संसदको बैठक समयमा बस्न नसक्ने होकि भन्ने अन्यौलता भने बढेको छ । उता, अन्तर्राष्ट्रिय केन्द्र जेन-जी आन्दोलनकाक्रममा ध्वस्त भएकाले भवनको पुन निर्माण गरी सिट र माइकलगायतका आवश्यक पूर्वाधार तयार गर्न कम्तीमा तीन महिना समय लाग्ने अनुमान प्राविधिकहरूले गर्दै आएका छन् । संघीय संसद सचिवालयले पनि भाडामा लिएको केन्द्र भवनको पुन निर्माणमा खासै चासो नदेखाएको जानकारहरु बताउँछन् ।

२०८२ साउनपछि संझौता नवीकरण गर्नुपर्ने भएपनि २०८२ भदौ २३ र २४ को आन्दोलनपछि उसले (बाँकी पृष्ठ ८ मा)

## प्रशासनिक सुशासन लत्याउँदै गृह
## सहसचिवको दरबन्दीमा उपसचिवलाई का.मु. !

काठमाडौं । निजामती प्रशासनमा पछिल्लो समय देखिएको निर्णय-प्रक्रियाले कर्मचारी वृत्तमा गम्भीर प्रश्न खडा गरेको छ। बैतडी जिल्लाका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) सहसचिव पुण्यविक्रम पौडेल ०८२ फागुन ४ गते ५८ वर्षे उमेर हदका कारण अनिवार्य अवकाशमा गए । तर, अवकाश लगत्तै गृह मन्त्रालयले सहसचिव दरबन्दी रहेको उक्त जिल्लामा उपसचिव कृष्ण थापालाई कायममुकायम प्रजिअको जिम्मेवारीमा खटायो ।

प्रश्न यतिमै सीमित छैन । कर्मचारी वृत्तमा उठेको जिज्ञासा छ-सहसचिव दरबन्दी कायम रहेको 'क' वर्गको जिल्लामा किन उपसचिवलाई जिम्मेवारी दिइयो ? अझ रोचक त के भने, मन्त्रालयले अवकाशमा गएका पौडेलको दरबन्दी देखाएर अन्य निकायबाट सहसचिव भित्र्याइसकेको छ । यसले निर्णयको समय, प्रक्रिया र मनसायबारे थप संशय जन्माएको छ ।

**निर्णयको समय र मितिको रहस्य**

अझै चासोको विषय भनेको उपसचिव थापालाई २०८२ माघ १५ गतेकै मितिमा कामु जिम्मेवारी दिने निर्णय गरिएको तथ्य हो । अर्थात्, सहसचिव पौडेल अवकाश हुनु अघि नै निर्णय प्रक्रिया टुंग्याइएको देखिन्छ । मन्त्रालयको तर्क छ-पौडेलले अवकाशभन्दा १५ दिनअघि घर विदा लिएर गएकाले प्रशासनिक रिक्तता नहोस् भनेर अग्रिम निर्णय गरिएको हो ।

तर, प्रशासनिक प्रचलनअनुसार सहसचिव दरबन्दी रहेको जिल्लामा प्राथमिकता सोही स्तरका अधिकृतलाई दिने चलन छ । यस्तो अवस्थामा निर्वाचनको मुखमा गरिएको अग्रिम निर्णयले राजनीतिक वा अन्य प्रभावको आशंका जन्माएको कर्मचारीहरू बताउँछन् । गृह सचिव राजकुमार श्रेष्ठ र गृह मन्त्री ओमप्रकाश अर्यालको नेतृत्वमा भएको यो निर्णयले मन्त्रालय परिसर सिंहदरबारमा चर्चा र असन्तोष बढाएको छ ।

**वरिष्ठहरु आयोगमा, उपसचिव 'क' वर्गमा**

गृह प्रशासनमा देखिएको अर्को प्रवृत्ति झन् गम्भीर मानिएको छ । जेनजी आन्दोलनपछि गठित जाँचबुझ आयोगमा कतिपय वरिष्ठ सहसचिवहरूलाई खटाइएको छ । (बाँकी पृष्ठ ८ मा)

## कुन-कुन सचिव अवकाशमा ?

काठमाडौं । चालु आर्थिक वर्षको २०८३ को असार मसान्तसम्ममा नेपाल सरकारका पाँचजना सचिव अवकाशमा जान लागेका छन् । जसमध्ये हाल राष्ट्रपतिको कार्यालयमा कार्यरत सचिव डा. हरिप्रसाद लम्साल ५८ वर्ष उमेर हदका कारण २०८२ फागुन २३ गते अनिवार्य अवकाशमा जाने भएका छन् । सचिव लम्साल अवकाशमा गएसँगै रिक्त स्थानमा हाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा कार्यरत वरिष्ठ सहसचिव इन्दु घिमिरे सचिवमा बढुवा हुने लाइनमा रहेकी छिन ।

सचिव लम्सालपछि हाल भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यरत सचिव केशवकुमार शर्मा बिडारी अवकाशका लागि तयार भएर बसेको बताइन्छ । उनी पनि ५८ वर्षे उमेरहदका कारण २०८२ चैत ८ गते निजामती प्रशासनबाट विदा हुने तरखरका रहेको बताइएको छ । उनी केपी ओली निकटको शक्ति केन्द्र प्रयोग गरेर सचिव बढुवा हुनासाथ प्रदेश सचिवमा नगइकन उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको सिंचाईतर्फ पदास्थापन हुन सफल भएका थिए । केही समय उर्जा आयोगमा सरुवा भएपनि त्यसयता उनी मन्त्रालयबाट अन्यत्र कतै सरुवा हुनु परेको अवस्था छैन । यसैगरी, वन तथा कृषि समूहतर्फका (बाँकी पृष्ठ ८ मा)

# नेताको भाषण कि मतदाताको विवेक ?
## मतको शक्ति र भ्रमको राजनीति !

**यो बेला**



**युवराज पाण्डे(पीएचडी)**

**निर्वाचन प्रचार–प्रसारको क्रममा भाषणका रूपमा नेताहरूले जनसमक्ष गर्ने झुटा वाचा र नौटंकीका आधारमा नै मतदाताले कसलाई मत दिने भन्ने कुराको निर्णय गर्छन् भन्ने मान्यता नयाँ र पुराना भनिने सबै दलहरूले राख्छन्**

निर्वाचनको मिति घोषणा भएको पाँच महिनाको समय करिब-करिब बितेपछि मात्रै दलहरूले आफ्नो निर्वाचन घोषणापत्र सार्वजनिक बनाएका छन् । निर्वाचनको मिति तोकिएको झण्डै पाँच महिना बितेपछि मात्रै दलहरू निर्वाचन घोषणापत्र सार्वजनिक गर्न अग्रसर भएको कुराले राजनीतिक दलहरू निर्वाचनबाट आफ्नो दललाई सरकार गठन गर्ने अवसर प्राप्त भएमा मुलुक र जनताको हितको रक्षा र अभिवृद्धिका लागि सरकारले के गर्नुपर्छ भन्ने कुरामा आफैं दृढसंकल्पित पनि छैनन् र स्पष्ट पनि छैनन् भन्ने कुरा स्वतः स्पष्ट नै हुन्छ ।

यसबाट आफ्नो सोच र कार्यदिशा समयमा सार्वजनिक बनाएर आफ्नो घोषणापत्रमा परेका कुरा वा प्रतिज्ञा वा वाचाहरूको लेखाजोखा गरेर मात्रै मतदाताहरू आफ्नो दललाई मत दिने वा नदिने निर्णयमा पुगुन् वा पुग्न सकून् भन्ने चाहना पनि दलहरूले राख्दैनन् भन्ने कुरा स्पष्ट हुन्छ ।

निर्वाचन प्रचार-प्रसारको क्रममा भाषणका रूपमा नेताहरूले जनसमक्ष गर्ने झुटा वाचा र नौटंकीका आधारमा नै मतदाताले कसलाई मत दिने भन्ने कुराको निर्णय गर्छन् भन्ने मान्यता नयाँ र पुराना भनिने सबै दलहरूले राख्छन् भन्ने कुरा दलका नेताहरूको चरित्र र व्यवहारले देखाउँछ ।

**घोषणापत्रप्रति उदासीनता**

धेरै मानिसहरू वा मतदाताहरूले पनि कुन दलले आफ्नो घोषणापत्रमा के गर्ने भनेर उल्लेख गरेका छन् भन्ने कुरामा तुलनात्मक अध्ययन गरेर निर्णयमा पुग्ने कुरामा खासै चासो राखेको पाइँदैन । भावनाका आधारमा एउटा दल वा तिनका नेताका विषयमा एउटा धारणा बनाएर त्यसकै आधारमा कसैको प्रशंसा र कसैको आलोचनामा लागेको र त्यसैमा रमाएको देखिन्छ ।

पहिले खास दल वा नेताका विषयमा भावनामा डुबेर एउटा आग्रहपूर्ण धारणा बनाउने र त्यस्तो धारणासित बाझिने तथ्य र प्रमाणहरू सुन्न र हेर्नसमेत नचाहने रोगले धेरैजसो नेपाली मतदाताहरूलाई च्यापेको पाइन्छ । नेपाली मतदाताहरूको यही कमजोरीबाट फाइदा उठाएर कतिपय विदेशी शक्तिहरूले समेत पैसा र प्रायोजित सूचनाको आधारमा "डमी उम्मेदवार" खडा गरेर निर्वाचनमा अवाञ्छित प्रभाव पार्ने प्रयाससमेत गर्न सक्ने देखिन्छ ।

**विदेशी चलखेल र अपारदर्शिता**

अधिकांश दल र राजनीतिज्ञहरूले पनि जनताको यो (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### प्रतिभा र सुन्दरता

एकपटक राजा विक्रमादित्यले महाकवि कालिदासलाई भने, तपाईं प्रतिभा सम्पन्न हुनुहुन्छ । तर भगवानले तपाईंलाई सुन्दर प्रतिभा जस्तै सुन्दर शरीर भने दिएनन् । राजाको त्यस्तो जिज्ञासा सुनेपछि कालिदासले एउटा सुनको र अर्को माटाको गाग्री मगाएर ती दुवै गाग्रीमा टन्न पानी भर्न लगाएपछि महाराजा तपाईंको यो जिज्ञासाको जवाफ साँझमा दिन्छु । साँझमा दरवार आएका कालिदासले सुनको सुन्दर र माटाको सामान्य गाग्रीबाट अलि अलि पानी निकालेर राजालाई चाख्न दिए र भने–यी दुई गाग्रीको पानी चाखेर कुनको पानी मीठो छ भन्नुहोस् । विक्रमादित्यले दुई वटै गाग्रीको पानी चाखेपछि भने–माटाको गाग्रीको पानी सुनको गाग्रीको पानीभन्दा मीठो र चिसो छ । त्यसपछि महाकविले भने–राजन तपाईंको विहानको जिज्ञासाको जवाफ यही हो । जसरी माटाको गाग्री सुनको गाग्रीभन्दा गुणका कारणले गर्दा उत्तम छ । त्यसैगरी कुरुप शरीरमा पनि उत्तम प्रतिभा पाउन सकिन्छ र प्रतिभा सुन्दरताको तादत्म्यता हुनुपर्दछ भन्ने छैन ।

दौडनु व्यर्थ हो, मुख्य कुरा त समयमा हिंड्नु हो । – **ला फान्तेने**

## सम्पादकीय

### *लोककल्याणमा असफल ७६औं प्रजातन्त्र दिवस*

*७६औं प्रजातन्त्र दिवस फेरि एकपटक औपचारिक समारोह, भाषण र शुभकामनाबीच २०८२ फागुन ७ गते सम्पन्न भयो । तर, प्रश्न उही पुरानै छ–के प्रजातन्त्रले साँच्चै जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउन सकेको छ ? राजनीतिक प्रणालीहरू परिवर्तन भए, व्यवस्थाहरू फेरिए, तर जनजीवनको पीडा, आर्थिक अभाव र कुशासनको चक्र भने किन उस्तै देखिन्छ ?*

*नेपाली जनताले विगत सात दशकमा संवैधानिक राजतन्त्रदेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा पार गरेका छन् । विक्रम सम्वत २००७ सालको राजनीतिक परिवर्तन, २०४६ को जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक संघर्षले नागरिक अधिकार, बहुदलीय प्रतिस्पर्धा र समावेशी संरचनाको मार्ग खोल्यो । तर, व्यवस्थाको नाम फेरिए पनि राज्य सञ्चालनको चरित्रमा अपेक्षित रूपान्तरण नआएको जनगुनासो व्यापक छ । लोकतन्त्रको मूल उद्देश्य जनताको जीवनस्तर उकास्नु, अवसरको समानता सुनिश्चित गर्नु र राज्यलाई उत्तरदायी बनाउनु हो । तर, आज पनि बेरोजगारी, महँगी, गरिबी र प्रशासनिक ढिलासुस्ती जनताको दैनन्दिन यथार्थ बनेका छन् ।*

*कुशासन लोकतन्त्रको सबैभन्दा ठूलो शत्रु हो । नीति निर्माण र कार्यान्वयनबीचको दूरी, भ्रष्टाचारप्रति दण्डहीनता, सार्वजनिक संस्थाको कमजोर क्षमता र दलगत स्वार्थले लोकतान्त्रिक मूल्यलाई कमजोर बनाएको छ । चुनावमार्फत प्रतिनिधि चयन भए पनि उनीहरू जनताप्रति कति उत्तरदायी छन् भन्ने प्रश्न उठिरहेको छ । राजनीतिक स्थिरताको अभावले दीर्घकालीन आर्थिक योजना प्रभावकारी बन्न सकेका छैनन् । परिणामतः युवा शक्ति रोजगारीको खोजीमा विदेश पलायन हुन बाध्य छन्, र देशको उत्पादनशील ऊर्जा बाहिर बगिरहेको छ ।*

*आर्थिक अभावको चक्र तोड्न संरचनागत सुधार आवश्यक छ। कृषि, उद्योग र पर्यटनजस्ता आधारभूत क्षेत्रलाई उत्पादनमुखी बनाउनु, लगानी वातावरण सुधार गर्नु र उद्यमशीलतालाई प्रोत्साहन गर्नु आजको प्राथमिकता हुनुपर्छ । केवल वैदेशिक ऋण र रेमिट्यान्समा आधारित अर्थतन्त्र दीर्घकालीन समाधान होइन । आर्थिक आत्मनिर्भरता राजनीतिक स्वतन्त्रताको पनि आधार हो । राज्यले बजेट खर्चको पारदर्शिता, सार्वजनिक परियोजनाको समयमै सम्पन्नता र सेवा प्रवाहमा सुधार सुनिश्चित गर्न सकेन भने जनआस्थामा थप क्षरण हुनेछ ।*

*यससँगै लोकतन्त्रको संस्थागत पक्ष सुदृढ बनाउनु अनिवार्य छ । संसद, न्यायालय, अख्तियार, लोकसेवा र संवैधानिक निकायहरूलाई दलगत प्रभावबाट मुक्त राख्दै पेशागत दक्षता र स्वायत्तता कायम गर्नुपर्छ । संघीय संरचनाले अवसर र जिम्मेवारी दुवै दिएको छ, तर केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वय र पारदर्शिता सुदृढ नभएसम्म सेवा प्रवाह प्रभावकारी बन्न सक्दैन। जनप्रतिनिधिले निर्वाचन जित्नुलाई अन्तिम लक्ष्य होइन, सुशासनको माध्यम ठान्नुपर्छ ।*

*प्रजातन्त्र केवल शासन पद्धति मात्र होइन, उत्तरदायित्व र सहभागिताको संस्कार पनि हो । नागरिक समाज, सञ्चारमाध्यम र स्वयं जनता सचेत, प्रश्नाकुल र सक्रिय रहनुपर्छ । लोकतन्त्रलाई दोष दिंदै निराश हुनु समाधान होइन, यसको मूल मूल्य–स्वतन्त्रता, समानता र न्याय–लाई व्यवहारमा उतार्ने सामूहिक प्रयास आवश्यक छ । व्यवस्थाको नामभन्दा बढी महत्त्व राज्य सञ्चालनको नैतिकता र कार्यक्षमताको हुन्छ ।*

*७६औं प्रजातन्त्र दिवसले राज्य सञ्चालकहरुमा आत्ममूल्यांकनको अवसर दिन सकोस् । नेपाली जनताले सुख, सुरक्षा र सम्मानको जीवन कहिले पाउने भन्ने प्रश्नको उत्तर भाषणमा होइन, नीतिगत दृढता र कार्यान्वयनमा खोजिनुपर्छ । कुशासन, बेरोजगारी र गरिबीबाट उन्मुक्ति सम्भव छ–यदि राजनीतिक नेतृत्वले दूर दृष्टि, इमानदारी, चुस्तदुरुस्त सेवा प्रवाह र जनउत्तरदायित्वलाई व्यवहारमा उतार्न सके । लोकतन्त्रको सार जनकल्याण हो, यदि जनताको जीवनमा परिवर्तन नआए, त्यो उत्सव अधुरो रहन्छ, जनताका लागि 'बेल पाक्यो, कागका लागि हर्ष र विस्मात् ।' त्यसैले अब २०८२ सालपछि उत्सवभन्दा परिणाममुखी शासनको समय आएको छ, सबैमा सद्बुद्धि आवोस् ।*

# भोट हाल्दै थाकेको लोकतन्त्र, चुनाव चलिरहेछ, भरोसा मरिरहेछ...!

# चुनाव, जननिराशा र जेन-जी : दोहोरिंदै गएको भ्रमको राजनीति !!

**विगतका निर्वाचनहरू मेरा लागि उत्सव जस्तै रहेका थिए । २०४३ सालमा पञ्चायतविरुद्ध उठेका जनपक्षीय उम्मेदवारलाई जिताउन म उत्साहका साथ लागेँ । २०४८ सालको निर्वाचन त झन् ऐतिहासिक लागेको थियो । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्वहालीपछि नेपाली कांग्रेस र एमालेप्रति जनआकर्षण उर्लिएको थियो । म जस्तै बहुदलीय व्यवस्था पुनर्स्थापनाका लागि जेल–नेल भोगेकाहरूका लागि त्यो २०४८ सालको निर्वाचन केवल मतदान मात्र थिएन, त्यो राजनीतिक परिवर्तनप्रतिको विश्वासको उत्सव थियो ।**

## प्रतिपक्ष



**गोपाल बुढाथोकी**

**२०४९ सालदेखि २०७९ सालसम्म दल बदलिए, झण्डा फेरिए, नाराहरू नयाँ भए, तर राजनीतिक चरित्र कहिल्यै बदलिएन । जनताले पटक–पटक मौका दिए, नेताहरूले पटक–पटक धोका दिए ।**



तर, त्यो विश्वास धेरै समय टिक्न सकेन । २०५१ सालमा गिरिजा प्रसाद कोइरालाको नेतृत्वको नेपाली कांग्रेसको बहुमतको सरकार आफ्नै आन्तरिक द्वन्द्वले ढल्यो र मध्यावधि निर्वाचन घोषणा भयो । सत्तामा पुगेपछि आदर्श होइन, स्वार्थ नै निर्णायक हुने रहेछ भन्ने अनुभूति त्यहीँबाट सुरु भयो । २०५२ सालमा 'जनयुद्ध' सुरु भयो । जनताको नाममा जनताकै रगत बगाइयो । राज्य कमजोर हुँदै गयो, समाज हिंसाको सिकार बन्यो र देश अधोगतिको बाटोमा धकेलियो ।

यही अवधिमा बहुदलीय राजनीतिभित्रको वास्तविक अनुहार पनि नाङ्गियो । पजेरो काण्ड, निलो सिनेमा काण्ड, सुत्केरी औषधिको नाममा सांसदहरूले लिएको भुक्तानी-यी घटनाले संसद् जनताको प्रतिनिधि संस्था होइन, सौदाबाजीको केन्द्र बन्दै गएको स्पष्ट सन्देश दिए । मध्यावधि निर्वाचनपछि बनेको हङ्ग पार्लियामेन्टमा एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार २०५२ मा बन्यो । त्यसको नौ महिनापछि सरकार बन्ने-ढल्ने खेल खुला व्यापारजस्तै भयो । 'खोभारी राय' शैलीका सांसदहरू रातारात करोडौंमा किनबेच हुन थाले । ठूला व्यवसायीहरूको लगानी सरकार निर्माण र पतनको आधार बन्न पुग्यो ।

एकातिर बहुदल पक्षधरहरूको सत्तालोलुप र फोहोरी राजनीति, अर्कोतिर माओवादीहरूको देश ध्वँस पार्ने हिंसात्मक र रक्तपातपूर्ण अभियान-यी दुई ध्रुवले देशलाई च्याप्दै लगे । यही अराजकताको बहानामा २०६१ साल माघ १९ गते महाराजले सबै बहुदल पक्षधर नेतालाई पाता फर्काए। त्यो क्षणले एउटा कटु सत्य उजागर गर्‍यो-जब राजनीति सड्छ, निरंकुशता अवसर खोज्दै बसेको हुन्छ ।

नागरिक समाज फेरि उठ्यो । पत्रकार, वकिल, प्राध्यापक, इन्जिनियर र शिक्षकहरूको व्यवसायिक संगठनहरूको छाता संगठन सम्मिलित 'पापड' खडा भयो । 'पापड'कै नेतृत्वमा बहुदलीय व्यवस्था पुनर्स्थापनाको संघर्ष सुरु भयो । रत्नपार्कमा भेला भएर नेताहरूले कसम खाए-अब अनैतिक राजनीति गर्दैनौं, अब भ्रष्टाचार गर्दैनौं । बहुदलीय व्यवस्था पुनर्स्थापनाको संघर्ष सफल भयो । २०६२ साल वैशाखमा महाराज ज्ञानेन्द्र वीर विक्रम शाह घुँडा टेक्न बाध्य भए। दलहरूसँग केही समझदारी संझौता सहित बहुदलीय व्यवस्था पुनर्स्थापित भयो। फेरि आशा पलायो ।

२०६४ सालको संविधानसभा निर्वाचनमा जनताको भरोसा माओवादीतर्फ गयो। ५७५ सिटमध्ये २२० सिट जितेर माओवादी पहिलो दल बन्यो । तर, सत्ता राजनीतिमा प्रवेश गरेपछि त्यो दल र त्यसका नेताहरू पनि अरू दलका भन्दा फरक साबित हुन सकेनन् । नयाँ संविधानको आशा पनि पुरानै सत्ता खेलमा अल्झियो ।

आज २०६४ सालमा जन्मिएका नेपालीहरू-जेन-जी २०८२ को निर्वाचनमा मतदाता बनेका छन् । उनीहरूले न पञ्चायत देखेका छन्, न २०४६ को आन्दोलन, न जेल-नेल। उनीहरूले देखेको राजनीति भनेको बेरोजगारी, भ्रष्टाचार, अवसरहीनता र भाषणमै सीमित 'समृद्धि' हो । त्यसैले जेन-जी समूह विचारभन्दा अनुहार, संगठनभन्दा ट्रेन्ड र कार्यक्रमभन्दा भाइबमा आकर्षित हुँदै गएको छ ।

यही सन्दर्भमा काठमाडौं महानगरका निवर्तमान मेयर बालेन्द्र शाह जेन-जीको आकर्षणको केन्द्र बनेका छन् । लोकप्रिय मत ल्याएर मेयर बनेका बालेन शाह काठमाडौं छाडेर झापा-५ पुग्नु केवल उम्मेदवारी होइन, स्थापित राजनीतिक शक्तिहरू-विशेषतः केपी ओलीको राजनीतिमा प्रत्यक्ष चुनौती दिंदैछन् । रास्वपा पनि बालेनकै व्यक्तित्वको छायाँमा अघि बढिरहेको देखिन्छ ।

तर, यहाँ गम्भीर प्रश्न उठ्छ-व्यक्ति परिवर्तनले व्यवस्था बदलिन्छ कि इतिहास फेरि दोहोरिन्छ ? महानगर चलाउनु र देश चलाउनु एउटै कुरा होइन भन्ने लाग्छ ।

फेसबुके सेलीब्रेटीले ताली त अधिक पाउँछ, तर, फेसबुके तालीले राज्य चल्छ भनेर कसरी विश्वस्त हुनु । एकल निर्णय शैली, संस्थाभन्दा व्यक्ति बलियो भएको राजनीति दीर्घकालीन समाधान होइन ।

जेन-जी समूहले बुझ्नैपर्ने कटु सत्य के हो भने-व्यवस्था नबुझी व्यक्ति पूजा गर्ने पुस्ता अन्ततः फेरि ठगिन सक्छ । आज सामाजिक सञ्जालमा भाइरल हुने राजनीति भोलि संसद्, मन्त्रालय र संघीय संरचनामा नचल्न सक्छ ।

मेरो निष्कर्ष कठोर छ । २०४९ सालदेखि २०७९ सालसम्म दल बदलिए, झण्डा फेरिए, नाराहरू नयाँ भए, तर राजनीतिक चरित्र कहिल्यै बदलिएन । जनताले पटक-पटक मौका दिए, नेताहरूले पटक-पटक धोका दिए ।

मलाई लाग्छ, अहिलेको चुनाव आशा जगाउने प्रक्रिया होइन, निराशा व्यवस्थापन गर्ने नियमित अभ्यास जस्तो बनेको छ । देश र जनता अब २०८२ फागुन २१ गते फेरि प्रयोगशाला नबनुन् । म उदासीन भएको होइन, मैले केवल अब भ्रममा पर्न अस्वीकार गरेको हुँ । जबसम्म राजनीति नैतिकता र चरित्रको विषय बन्दैन, जबसम्म नेता, सांसद, मन्त्रीहरू जवाफदेही हुँदैनन् र मतदाता विवेकशील हुँदैनन्-चुनावहरू परिवर्तनको माध्यम होइन कि सत्ताको पुनरावृत्ति मात्र हुनेछन् ।

*(बुढाथोकी : वरिष्ठ पत्रकार बुढाथोकी प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष हुन्)*

# भोट हाल्नुपूर्व सुशासनको मृगतृष्णा

**सुशासन विश्वव्यापी मुद्दा भएकाले धनी, विकसित र सम्पन्न मुलुकहरूमा समेत सुशासनका विषय संवेदनशील हुन्छन् । अमेरिका, चीन र भारतहरूको अवस्था समेत सुशासनको स्तरमा गिरावट आएको देखिन्छ । ट्रान्परेन्सी इन्टरनेसनलको सन् २०२५ को प्रतिवेदनले पुनः न्यूजील्यान्ड, फिनल्यान्ड, नर्वे, सिंगापुर, स्वीडेन, स्विट्जरल्यान्ड, नेदरल्यान्ड, जर्मनी र लक्जेम्वर्ग आदि मुलुकहरूमा न्यून भ्रष्टाचार हुने तथा सुशासनको अवस्था सुदृढ हुनेमा देखायो । सुशासनको अवस्था नाजुक रहेका देशहरूमा सोमालिया, साउथ सुडान, सिरिया, भेनेजुयला, यमन, बुरुन्डी, गुयनिया, हाइटी, उत्तरकोरिया र लिबिया आदि छन् । सन् २०२४ मा १०७ औं स्थानमा रहेको नेपालको स्थिति १०९ मा झर्‍यो ।**

## समय र विचार



**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**सुशासनको अवस्था कमजोर हुनुमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्च स्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, अस्थिर र कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिताको कमी ।**

**सुशासन के हो त ?**

ट्रान्सपरेन्सी इन्टरनेशनले 'निजी स्वार्थ्यका लागि सार्वजनिक पदको दुरूपयोगलाई' भ्रष्टाचार मान्यो । सुशासन शासन सञ्चालनमा लागु हुने त्यस्तो मान्यता हो जहाँ, पारदर्शिता, स्वच्छता, कानुन र विधिको आधारमा प्रणाली चलेको हुन्छ भन्ने मानिन्छ । सुशासनको स्तर उच्च भएका मुलुकहरूमा प्रणालीले आफैं स्वचालित ढङ्गले कार्य गरिरहेका हुन्छन् । युएनडिपीले सुशासनलाई 'जिम्मेवार, समावेशी, पारदर्शी तथा उत्तरदायी शासन प्रणाली' मान्यो । नेपाल कानून आयोगद्वारा प्रकाशित कानुनी शब्दकोशले 'असल तरिकाले चलेको शासन, कानुन अनुसार चल्ने राज्य प्रणाली' भन्यो । नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा नेपाली बृहत् शब्दकोशमा ' उचित किसिमको शासन, असल राज्य व्यवस्था, कल्याणकारी शासन' भनियो । अर्थात् सुशासन राज्य सञ्चालनको त्यस्तो अभ्यास र मान्यता हो जहाँ विधिको शासन, कानुनी शासन, पारदर्शिता, उत्तरदायित्वपूर्ण नागरिक शासनको अभ्यास हो भन्ने कुरा प्रस्ट हुन्छ । सुशासनलाई भ्रष्टाचारसँग प्रत्यक्ष जोडेर हेरिने, बोलिने र बुझिने गरिएको भए पनि त्यो सीमित तथा साँघुरो अवधारणा मात्र हो ।

सुशासनमा कानूनी शासन, असल शासन, भ्रष्टाचार मुक्त शासन, विधिबाट चल्ने प्रणाली, पारदर्शिता, सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँच र अनुमानयोग्य शासन प्रणाली आदिको अपेक्षा गरिएका हुन्छन् । सुशासन र विधिको शासनको न्यूनताले भ्रष्टाचार वृद्धि हुने चाहिँ भूराजनीतिक अनुभवले पनि प्रस्ट गरेको छ । सुशासन विश्वव्यापी सरोकार र चासोको विषय पनि हो । ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रकाशित प्रतिवेदनलाई हेर्दा विश्वमा द्वन्द्वग्रस्त तथा कठोर शासन भएका मुलुकहरूमा सुशासनको अवस्था नाजुक रहेको देखिन्छ ।

सन् १९९५ देखि ट्रान्सपरेन्सीले भ्रष्टाचार तथा सुशासनसम्बन्धी यस्तो विश्वव्यापी सूची प्रकाशित गर्दै आयो । विश्वव्यापी प्रतिवेदन अनुसार सुशासनको स्तर माथि हुने र सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकहरुको सूचीमा अधिकांश युरोपेली मुलुकहरू निरन्तर अग्रस्थानमा रहेका छन् । सुशासनको अवस्था कमजोर भएकाले नागरिकका सासना (सास्ती) बढ्ने गरेका हुन् । २०२५ को प्रतिवेदनमा १० ९ औं मा आर्लिएपछि सुशासनको मुद्दा निर्वाचन पूर्वको एउटा मृगतृष्णा जस्तो बन्यो ।

**विश्वमा भ्रष्टाचार**

विश्वमा सबै प्रकारका शासनमा भ्रष्टाचार हुने गरेको भए पनि विकसित युरोपमा त्यसको दर सर्वाधिक न्यून छ । चीनमा मृत्युदण्डको समेत व्यवस्था रहेको छ । त्यहाँ पनि भ्रष्टाचार सुशासनको लागि प्रमुख चुनौती बन्दैछ । केही महिनाअघि चिनियाँ कम्युनिस्ट पार्टीको उच्च अधिकारी भ्रष्टाचारमा समातिए । हालैमात्र अर्का अधिकारीमाथि आरोप लागेको छ । सन् २०१७ मा चीनमा १५५१ जनालाई फाँसी दिइएकोमा अधिकाँश भ्रष्टाचारमा दोषीहरू थिए । सुशासनको स्तर उच्च भएकाले नै युरोपका डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विट्जरल्यान्ड, लग्जेम्बर्ग, नर्वे आदि मुलुकहरू विकसित र समृद्ध छन् ।

भ्रष्टाचार गम्भीर प्रकृतिको सामाजिक तथा सरकारी फौजदारी अपराध हो । जसमा घूस, रिस्वत, आर्थिक अपचलन, नीतिगत भ्रष्टाचार, निर्णयगत भ्रष्टाचार, निर्वाचन भ्रष्टाचार आदि पर्दछन् । राजनीतिक अस्थिरता भएका, द्वन्द्वग्रस्त अफ्रिकी एवम् दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश र अफगानिसतान जस्ता मुलुकहरूमा सुशासनको स्तर कमजोर भएकाले नागरिकको सुशासन मृगतृषणा गरिने विषय जस्ता भएका छन् । राजनीतिक र प्रशासनीक केन्द्रीय सत्तामा संस्थागत तथा नीतिगत भ्रष्टाचार भएपछि त्यसको छायाँ प्रदेश, स्थानीय तह, प्रहरी कार्यालय, मालपोत, यातायात, नापीदेखि वडा कार्यालयसम्म पुगेको अनुभव नागरिकले गर्दै आएकाले पनि प्रत्येक निर्वाचनपछि सुशासनको बढी अपेक्षा गर्ने गरिएका हुन् ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा नेतृत्व गर्ने राजनीतिक र निजामती नेतृत्व शुद्ध हुने हो भने मुलुकमा सुशासनको अवस्थामा सुधार हुने कुरा भूराजनीतिक अनुभवबाट देखिन्छ । सुशासनको कमिले राष्ट्रमा कानूनी र विधिको शासन, नागरिक नियन्त्रण, लोकतान्त्रिक संस्कार, सामाजिक मूल्य, नैतिकता, सामाजिक आचार, मानवीयता र मूल्य सबैतिर नकारात्मक असर परेकाले नागरिक आक्रोस चुलिएको हो । अप्रजातान्त्रिक र निरङ्कुश शासन भएका तथा द्वन्द्वग्रस्त मुलुकहरूमा सुशासनको दर झनबढी खराब जस्तो बन्दैछ । ग्रिक दार्शनिक प्लेटोले आफ्नो पुस्तक रिपब्लिकामा 'भ्रष्टाचारको लागि राजनीतिक संस्था पर्खाल पछाडिको वासस्थान जस्तै हुने' बताएर सुशासनको लागि राजनीतिक नेतृत्वको प्रभावकारी भूमिका हुने सङ्केत गरेका थिए ।

सरकार र सरकारी निकायमा अख्तियारप्राप्त व्यक्तिले सुशासनको अर्थ, मर्म र मान्यताको पालना गर्दैनन् भने अन्य निकायमा त्यसको दुष्प्रभाव पर्ने हुन्छ । सरकार, अदालत, संसद, सेना, प्रहरी, अख्तियार जस्ता अनुसन्धान गर्ने निकाय र त्यसमा रहेका अधिकारीहरूप्रति नै नागरिकले पटकपटक प्रश्न उठाउने गरेका हुन् । राजनीतिक र सार्वजनिक प्रशासकीय नेतृत्वमा बस्नेहरूले अख्तियारको दुरूपयोग गर्ने प्रवृत्तिले लोकतन्त्र, लोकतान्त्रिक मूल्य, सुशासन र प्रणाली कमजोर बन्न पुगेको अनुभव भएकाले सुशासनको ससना न्यून गर्ने कुरा चुनावी घोषणा-पत्रमा मात्र घोषित हुने विश्व अनुभवले देखाएकोले लोकतान्त्रिक र पारदर्शी शासनको विकल्प रहेन । सन् १९८९ अघिको सोभियत संघको कम्युनिस्ट शासन, दोस्रो विश्वयुद्धका क्रममा जर्मनमा भएको हिटलरको शासन, उत्तरकोरियाको वर्तमान किम नेतृत्वको शासन, द्वन्द्वग्रस्त सोमालिया, इरान, यमन, इरान, भेनेजुएला, सिरिया आदि यसका उदाहरण हुन् ।

**नागरिक समाज दोषी**

सुशासन मृगतृष्णाको विषय भइरहनुमा नागरिक समाज पनि दोषी छ । समाज आफैं भ्रष्ट छ । भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिस्कार र तिरस्कार नगर्ने प्रवृत्ति रहेसम्म भ्रष्टाचारी संस्कृति न्यून हुन सक्दैन । तथापि भ्रष्टाचार सतप्रतिशत रोक्न सकिने कुरा चाहिँ होइन । समाज रहेसम्म रहने भएकाले भ्रष्टाचार न्यूनीकरण र नियन्त्रणका लागि स्थायी संरचना राखिएका हुन् । परिवार र समाजबाट विरोध र घृणा गरिदिने हो भने यसमा कमि आउने हुन्छ । भ्रष्टाचारीलाई सामाजिक सम्मान मिल्ने र समाजले कुनै सोधी-खोजी नगर्ने प्रवृत्ति चुनौतीको रूपमा रहयो । जस्तोसुकै माध्यमबाट आएको पैसा परिवार र समाजले स्वीकार गर्ने, भ्रष्टलाई नेता मान्ने, चुनावमा विजयी गराउने जस्ता कार्यले भ्रष्टाचारलाई मलजल गरिरहयो । यस्ता प्रवृत्ति, कार्य र सोचले सुशासनमा बाधा पार्दछन् । युरोपका मुलुकहरूमा सुशासनको स्तर उच्च हुनुमा यिनै पक्ष निर्णायक रहे । कानूनको शासन, विधिको पालना, पारदर्शिता, सरकारी र सार्वजनिक सेवा चुस्त र दुरुस्त हुनु, समाजमा धनि र गरीबलाई हेर्ने दृष्टिकोणमा ठूलो खाडल नहुनु, शिक्षा, स्वास्थ्य, रोजगारी, सेवा, सूचना, यातायात र सार्वजनिक सुविधामा सबैको सहज तथा न्यायोचित पहुँच र वितरण हुनुले सुशासनको अवस्था उच्च रहने विश्व अनुभवले देखाएको छ ।

सुशासन उत्कृष्ट भएका मुलुकहरूको विकास, समृद्धि, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा समग्र अवस्था सुदृढ र सम्पन्न हुनुले सुशासनको मुद्दा सर्वाधिक प्राथमिक तथा पेचिलो हुने कुरामा दुईमत रहेन । नेपालमा सुशासन चुनावी घोषणा-पत्र र सार्वजनिक खपतको विषय मात्र बढी बनाइने गरिएको कारण नागरिक तिर्खाको मृग जस्तै मृगतृष्णामा बाच्न विवश छन् ।

**चुनावपूर्वको मृगतृष्णा**

सुशासन चुनावी मृगतृष्णाको विषय बन्नुमा सामाजिक चेतना, शिक्षा प्रणाली, संस्कार र संस्कृति, सामाजिक नैतिकता, राज्यको कानून र कानुन कार्यान्वयन गर्ने निकायको व्यवहार जस्ता कुराहरूको बहुआयामिक भूमिका देखिन्छ । मूलत : सुशासनको अवस्था कमजोर हुनुमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्च स्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, अस्थिर र कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिताको कमी । जवाफदेहीताको कमी, विधिको शासन नहुनु, नागरिक नियन्त्रण र खबरदारीको कमी, सामाजिक जागरण र चेतनाको कमी, गरिबी र आर्थिक अवसरको अभाव, सामाजिक र राजनीतिक अस्थिरता आदि कारण प्रमुख हुन् ।

सुशासन चुनावी र सार्वजनिक खपतको विषय मात्र रहेसम्म नागरिकको लागि मृगतृष्णा सिवाय केही हुने देखिन्न । चुनावमा भोट हाल्नुपूर्व सुशासन, विकास र समृद्धि गरम मुद्दा भएर आएको देखिन्छ । पोलिटिकल्ली सेन्सलेसहरू चाहिँ भोट आफूतर्फ तान्नका लागि मात्र सुशासन र भ्रष्टाचारमुक्त शासनको कुरा गर्ने गर्दछन् । नागरिकले बढी अपेक्षा गरेको सुशासनको मुद्दा संवेदनशील विषय भएकाले यसलाई चुनावी मृगतृष्णाको टुल्स बनाउनु हुँदैन ।

# दीर्घरोगी संघीय मामिला तथा सामान्य प्रशासन ! मन्त्रीले किन घटाएनन् अनावश्यक महाशाखा ?

● रामहरि चौलागाईं

**काठमाडौं । अर्थ मन्त्रालयसहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्व मन्त्री रामेश्वर प्रसाद खनालले संहाल्दै आएका छन् । मन्त्री खनालले सामान्य मन्त्रालयको नेतृत्व गरेसँगै मन्त्रालयमा रहेका अनावश्यक महाशाखाहरु घटाउने उद्घोष गरेका थिए । मन्त्रालयको जिम्मेवारीमा निजामती कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा, तालिम, अवकाश व्यवस्थापन र खटनपटन गर्ने रहेको छ । योसहित स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको खटन पटनको काम गर्दै आएको छ । यी कार्यहरु गर्दा यसअघि मन्त्रालयको नेतृत्वमा रहेकाहरुले प्रशासनिक बेथिति गरेको आरोप खेप्दै आएका थिए ।**

जुन कार्य २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि पनि घट्न नसकेको गुनासा सुनिदै आएको छ । हाल निर्वाचन आचारसंहिताका कारण निर्वाचन आयोगको सहमति बिना सामान्य प्रशासन मन्त्रालयले कर्मचारीहरुको खटनपटन चाहेर पनि गर्न सकिरहेको छैन । यी बाहेक मन्त्रालयबाट कार्य सम्पादन हुँदै आएका सेवा प्रवाहमा जेन-जी आन्दोलनपछि पनि तात्विक सुधार आउन नसकेको कतिपय कर्मचारीहरुले गुनासो गरिरहेका छन् ।





मन्त्री रामेश्वर खनाल

मन्त्रालयको उक्त कार्यशैलीमा परिवर्तन नआएपछि विगतमा नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा कर्मचारी सरुवामा जे जस्ता विकृति, विसंगति र बेथिति रहेका थिए, यतिखेर पनि कमी हुन नसकेको पीडित कर्मचारीहरु बताउँछन् । यतिखेर प्रधानमन्त्री सुशीला कार्कीले अन्तरिम सरकारको नेतृत्व गरेपनि आचारसंहिता जारी हुनु अगाडि अर्थात् २०८२ माघ चार गते अगाडिसम्म यस्ता बेथितिहरुले निरन्तरता पाइरहेको अवस्था थियो ।

**मन्त्रीको रणनीतिको खै मूर्त रुप ?**

मन्त्री खनालले मन्त्रालयको नेतृत्व गर्नासाथ कर्मचारीहरूको सरुवा प्रणालीलाई व्यवस्थित बनाउने रणनीति अख्तियार गरेका थिए । त्यसका लागि उनले पूर्व सहकर्मीसमेत रहेकी सचिव चन्द्रकला पौडेललाई कोशी प्रदेशको प्रमुख सचिवबाट सरुवा गरी मन्त्रलयमा भित्र्याएका थिए । त्यसपछि मन्त्री खनालले कर्मचारीहरुको सरूवा, बढुवा, तालिम र जिम्मेवारीमा कुनै भेदभाव नगरी समान व्यवहार गर्ने उद्घोषसमेत गरेका थिए ।

मन्त्री खनालले निष्पक्षता, मितव्ययिता, खर्च कटौती र सुशासन दिने प्रतिबद्धता जनाएका थिए । तर, खनालले मन्त्रालयको नेतृत्व संहालेको पाँच महिना बितिसक्दा पनि मन्त्रालयको कार्यशैली र सेवा प्रवाहमा कुनै सुधार ल्याउन नसकेको गुनासो कतिपय कर्मचारीहरुले गरेका छन् । जसले गर्दा कर्मचारीहरू र सेवाग्राहीले सुशासनको अनुभूति गर्न नपाएको र मन्त्री खनालको सुशासनको रणनीतिले मूर्त रुप पाउने अवस्था सिर्जना भएको छैन । छिटोछरितो सेवा प्रवाह, दरबन्दी मिलान, सुशासन, मितव्ययिता र खर्च कटौतीलाई प्राथमिकता दिन नसकिरहेको आरोप मन्त्री खनालले खेप्दै आएका छन् ।

मन्त्री खनालले सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हाल्नासाथ आन्तरिक व्यवस्थापन महाशाखा खारेज गर्ने घोषणासमेत गरेका थिए । तर, हाल सो महाशाखाको नेतृत्व सहसचिव नितु अर्याल पोखरेलले गरिरहेको बताइन्छ । उक्त महाशाखालाई योजना तथा विकास सहायता समन्वय महाशाखामा गाभ्ने योजना मन्त्री खनालको रहेको चर्चा थियो । तर, आजका दिनसम्म मन्त्री खनालले आफ्नो यो घोषित रणनीति मुताविक महाशाखालाई अझै खारेज गर्ने हिम्मत गर्न भने सकिरहेका छैनन् ।

**यी रणनीति किन भएनन् कार्यान्वयन ?**

यतिखेर मन्त्रालयको संघीय मामिला महाशाखाको नेतृत्व सहसचिव प्रकाश दाहाल गरिरहेका छन् भने कर्मचारी प्रशासन महाशाखा प्रमुखको जिम्मेवारीमा सहसचिव पार्वती शर्मा रहेकी छिन । सहसचिव डिलाराम पन्थीलाई क्षमता विकास महाशाखाको जिम्मेवारी दिइएको छ । सहसचिव एकदेव अधिकारी भने प्रशासन सुधार महाशाखा प्रमुखको जिम्मेवारीमा कार्यरत छन् ।

मन्त्री खनालले भर्खरै विशेष अदालतबाट सफाइ पाएर मन्त्रालयमा भित्रिएका सहसचिव प्रदीप परियारलाई मन्त्रीस्तरीय निर्णय गर्दै आन्तरिक व्यवस्थापन महाशाखा प्रमुखको जिम्मेवारी दिइएको बताइन्छ । जसका कारण मन्त्री खनालको रणनीतिले हावा खाएको चर्चा मन्त्रालय परिसरमा चल्ने गरेको गरेको छ । यसअघि मन्त्रालयमा आवश्यकता बिना नै दरबन्दी सिर्जना गरेर ६ वटा महाशाखा बनाएको आरोप लाग्ने गरेको थियो । जसलाई मन्त्री खनालले कटौती गर्नुको साटो किन निरन्तरता दिइरहेका छन् भन्ने प्रश्नसमेत कर्मचारीहरुबाट उठ्ने गरेको सुनिन्छ ।

माथि उल्लेखित महाशाखाहरुलाई कामको प्रकृति अनुसार घटाएर तीनवटामा सीमित गर्न सकिने दावी स्रोतले गरेको छ । त्यसकारण मन्त्री खनालले नै आफूले जनाएको प्रतिवद्धता विपरीत सुधार गर्न नसकेको गुनासो मन्त्रालयमा कार्यरत कतिपय कर्मचारीहरुले गर्दै आएका छन् ।

**सुशासनको प्रतिवद्धता नारामै सीमित ;**

मन्त्री खनाल र सचिव पौडेलले कतिपय रिक्त स्थानीय तहहरूमा दरबन्दी अनुसार कर्मचारीहरूको व्यवस्था गर्न सकिरहेका छैनन् । मन्त्रालयको अतिरिक्त समूहमा कतिपय अधिकृत र उपसचिवहरुलाई राखिएको छ । उनीहरु मन्त्रालयमा आएर हाजिर गर्दै सित्तैमा सरकारी तलव खाइरहेका छन् । तर, स्थानीय निकायहरुमा कर्मचारी अभाव र सेवाप्रवामा अवरोध हुँदासमेत मन्त्रालयले खटाउन किन सकिरहेको छैन ?

अझ मन्त्रालयको विकृत काम भनेको १२ महिना नै कर्मचारीहरुको सरुवा गर्नेमा गनिदै आएको छ । आवश्यकता अनुसार कर्मचारीको खटनपटन गर्नुपर्ने भएपनि लेनदेन र सेटिङका आधारमा कर्मचारी सरुवा हुँदै आएको गुनासो दीर्घ रोगको रुपमा रहेको छ । रोचक विषय त मन्त्रालयमा बढीमा तीनवटा महाशाखा भए पुग्ने प्रशासनविद्हरू बताउछन् । तीनवटा महाशाखाका सहसचिवहरूलाई नै पर्याप्त काम नहुने स्थितिमा आफू निकट सहसचिवहरूलाई खुशी पार्न र संघीय राजधानी काठमाडौंमा राख्न महाशाखा खारेज नगरिएको कर्मचारी स्रोतले दावी गरेको छ ।

खासगरी यस मन्त्रालयमा कामको चाप भनेको साउनदेखि असोजसम्म तीन महिना मात्र अन्तर मन्त्रालय कर्मचारीहरूको सरूवाको चाप बढी हुने गरेको छ । अन्य महिनामा भने खासै काम नहुने भएकोले भेटघाट, चिया कफी पिएर फुर्सदिला कर्मचारीहरु र गफ चुटेर शाखा अधिकृत, उपसचिव, सहसचिवलगायत कर्मचारीले दिन कटाउने गरेको खारोप खेप्दै आएका छन् ।

कार्यकालको ६ महिना पूरा हुनै लाग्दा समेत मितव्ययिताको नीति अख्तियार गरेका मन्त्री खनालले माथि उल्लेखित विषयमा आफ्नो ध्यान केन्द्रित गर्न सकिरहेका छैनन् । यसका साथै मन्त्री खनाल स्वयम्ले घोषणा गरेका विषयलाई कार्यान्वयनमा लैजान सक्रियता देखाउन नसक्दा आवश्यकता भन्दा बढी महाशाखा र कर्मचारीको दरबन्दी रहेको विज्ञहरू बताउँछन् । यही कारण सेवाग्राहीहरूको भिडभाड हुने जिल्ला प्रशासन, इलाका, पालिकाहरु, वैदेशिक रोजगार विभाग, वैदेशिक कार्यालय, कम्पनी रजिष्ट्रार, उद्योग, श्रम तथा औद्योगिक सुरक्षा, सम्पत्ति शुद्धीकरण विभागलगायतमा कर्मचारीहरुको अभाव रहेको बताइन्छ ।,

मन्त्रालयको नेतृत्वले यातायात व्यवस्था विभाग, त्रिभुवन विमानस्थल अध्यागमन कार्यालय, अध्यागमन विभागलगायत सेवाग्राहीको भिडभाड हुने सरकारी निकायमा दरबन्दी बढाउनपर्ने भनाईहरु सार्वजनिक भइरहेका छन् । यस्ता निकायमा दरबन्दी थप गरेर कर्मचारी खटाएर सेवाप्रवाहमा गति दिन सकेको खण्डमा मात्र सेवाग्राही नागरिकहरूले छिटोछरितो सेवा पाउन सक्ने मागहरु रहेका छन् । तरपनि मन्त्रालयको ध्यान यी विषयमा किन जान सकिरहेको छैन भन्ने प्रश्नसमेत उठ्ने गरेको छ ।

## समाचार/विविध

### *सवारी चालक अनुमति पत्र : स्वास्थ्य परीक्षणमा लुटतन्त्र !*

● *साँघु संवाददाता*

*काठमाण्डौं । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को प्रावधान बमोजिम लाइसेन्सका लागि निरोगिताको प्रमाणपत्र अनिवार्य मानिन्छ । तरपनि बागमती प्रदेश सरकारले ड्राइभिङ लाइसेन्स लिने प्रक्रियालाई व्यवस्थित र भरपर्दो बनाउन नसकिरहेको सेवाग्राहीले गुनासो गरेका छन् । जसका कारण स्वास्थ्य परीक्षण गर्ने संस्थाहरू र मेडिकल माफियाहरूले नयाँ सूची सार्वजनिक गर्दै आएका छन् । स्रोतका अनुसार, नयाँ कार्यविधि बनाएर केही सीमित व्यवसायीहरूलाई सूचीकृत गर्ने र उनीहरूलाई मात्र ठेक्का सुम्पिने रणनीति अख्तियार गरिएको बुझिएको छ ।*

*विशेषगरी सार्वजानिक खरिद ऐनलाई नै लत्याएर बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयले हाल कायम रहेको रु. १०। लाई बढाएर एकैपटक १ सय ७५। रुपैयाँ पुर्‍याएको जनगुनासो प्राप्त भएको छ । जसका कारण सवारी चालक अनुमति पत्रका लागि लिइने स्वास्थ्य परीक्षण सेवामा माफियाहरुको मिलेमतो र सक्रियता बढेको आशंका भइरहेको छ । बाग्मती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले विद्युतीय माध्यमबाट सवारी चालक अनुमति पत्रको लागि स्वास्थ्य परीक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०८० कार्यान्वयनमा ल्याइसकेको छ । योसँगै कतिपय संस्थाहरू छनौटमा परेका थिए ।*




*नयाँ व्यवस्था अनुसार अब आवेदकहरूले तोकिएका स्वास्थ्य संस्थाबाट मात्रै स्वास्थ्य परीक्षण गराउनुपर्नेछ । जसले गर्दा सेवाग्राहीलाई अझ बढी शुल्क लाग्नुका साथै थप सास्ती ब्यहोर्नुपर्ने भएको जनगुनासाहरु प्राप्त भएका छन् । यातायात कार्यालयबाट नै सेवाग्राहीले पाएको यो सुविधा अब छुट्टै स्वास्थ्य संस्था अर्थात यातायात कार्यालय बाहिरबाट लिनुपर्ने अवस्था सिर्जना गरिएको छ । जसबाट सेवाग्राही थप मर्कामा पर्ने भएका छन् ।*

*यातायात कार्यालयबाटै सुलभ दरमा सवारी चालक अनुमति पत्रका लागि स्वास्थ्य परीक्षण गर्नेक्रममा विभिन्न किसिमका अभाव देखाएर सेवाग्राहीहरूलाई निजी अस्पताल वा महंगा क्लिनिकतर्फ पठाउने खेल चलिरहेको छ । जसमा लुटतन्त्र मच्चाउने माफियाहरुको 'सेटिङ' खेल भइरहेको आशंकालाई थप बल पुर्‍याएको छ । यो कदमले लाइसेन्स प्राप्त गर्नुअघि हुने स्वास्थ्य परीक्षणलाई अपारदर्शी बनाउने र यातायात क्षेत्रमा हुने ढिला सुस्तीलाई अझ बढी मलजल गरेको बताइन्छ । प्रदेश सरकारले सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) का लागि गरिने स्वास्थ्य परीक्षणलाई व्यवस्थित र प्रविधिमैत्री बनाउदै लैजाने नीतिमा जोड दिएको छ ।*

*तर, कतिपय कर्मचारी, जनप्रतिनिधि, माफियाहरुको मिलेमतोका कारण अपारदर्शी तथा स्वास्थ्य सेवा प्रदायकहरुको मनोमानी थप बढ्दै गइरहेको पीडितहरुले गुनासो गरेका छन् । मन्त्रालयले सवारी चालक अनुमति पत्र (लाइसेन्स) का लागि गरिने स्वास्थ्य परीक्षण सेवालाई पूर्ण रूपमा स्वचालित र अनलाइन प्रणालीमा लैजाने भनेपनि कार्यान्वयनमा भने लैजान सकेको छैन । यही कारण नयाँ स्थापना भएका स्वास्थ्य सेवा प्रदायकहरुको मिलेमतोका कारण विगतको भन्दा मंहगो शुल्कमा सेवा प्रदान गरेको आरोप लाग्दै आएको छ । जसका कारण सेवाग्राही आवेदकहरूले लाइसेन्स अर्थात अनुमति पत्र लिन थप झन्झट व्यहोर्नुपर्ने बाध्यात्मक अवस्था रहेको बताइन्छ ।*

*अझ यस्तो सेवा लिन सम्बन्धित स्वास्थ्य संस्थामा जानुपर्ने नयाँ र बाध्यतामक नियम लागु गरिएको पीडितहरुले गुनासो गरेको छन् । जबकि हाल सम्बन्धित यातायात कार्यालयमै यस्ता सेवाहरु सहज रुपमा प्रदान हुँदै आएको छ । प्रदेश सरकारले सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गर्न इच्छुक नागरिकहरूका लागि लिइने स्वास्थ्य परीक्षण शुल्कमा किन वृद्दि गर्यो भन्ने प्रश्नसमेत उठने गरेको छ ।*

# सार्वजनिक खरिदबाट को को परे कालो सूचीमा

काठमाडौं । सार्वजनिक खरिद अनुगमन कार्यालयले सरकारी ठेक्का लिएर समयमै काम नगर्ने निर्माण कम्पनीलाई लिखित रुपमा स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ । ०८२ फागुन ६ गते कार्यालये ढिलासुस्ती गर्ने विभिन्न १५ वटा निर्माण व्यवसायी तथा आपूर्तिकर्ताहरूलाई सार्वजनिक खरिद सात दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न अन्तिम मौका दिएको छ । कार्यालयले गएको बुधबार सूचना जारी गर्दै ती कम्पनीहरूलाई कालो सूचीमा किन नराख्ने भन्नेबारे चित्तबुझ्दो आधार र प्रमाणसहित उपस्थित हुन निर्देशन दिएको छ ।

यसअघि सम्बन्धित सार्वजनिक निकायहरूले ती कम्पनीलाई कालो सूचीमा राख्न सिफारिस गरेपछि कार्यालयले ३० दिनको म्याद दिएर स्पष्टीकरण माग गरेको बताइन्छ । कार्यालयले सडक डिभिजन इलाम, सडक डिभिजन पाल्पा, सडक डिभिजन ललितपुरलगायतका निकायबाट सिफारिस भएका व्यवसायीहरूले समयमा काम नगरेको भन्दै यसअघि नै ३५ दिने सूचना जारी गरेको थियो । कार्यालयका अनुसार बीकोई धुलिखेल जेभी एमका मुख्य व्यक्ति युवराज पोखरेललाई बागमती नगरपालिकाको सिफारिसमा कालो सूचीमा राख्न सिफारिस गरेको हो ।

त्यसैगरी, कार्यालयले अनुप कन्स्ट्रक्सनका मुख्य व्यक्ति शिव खड्कालाई सडक डिभिजन डोटीको सिफारिसमा कालो सूचीमा राखेको बताइन्छ । अच्युत कन्स्ट्रक्सन एण्ड सप्लायर्सका मुख्य व्यक्ति मित्रलाल सापकोटालाई पनि सडक डिभिजन इलामको सिफारिसमा कालो सूचीमा राखेको छ । उता, अंसुमन निर्माण सेवाका मुख्य व्यक्ति विकास यादवलाई रोहिणी गाउँपालिकाको सिफारिसमा कालो सूचीमा राखिएको छ । कार्यालयले नागार्जुन/आशिका जे.भीका मुख्य व्यक्ति अच्युत सापकोटालाई पनि पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजनाको सिफारिस कालो सूचीमा राखिएको छ ।

अन्य कम्पनीहरूमा के.एम. कन्स्ट्रक्सन, टेक एण्ड सपना कन्स्ट्रक्सन, एबीसी निर्माण सेवा, गायत्री माँ कन्स्ट्रक्सन, भूमिराधा बिल्डर्स, नारायण भागरथी जेभी र कृपा इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स रहेका छन । त्यसैगरी, कार्यालयले पन्थ-तारा लक्ष्मी जे.भीका मुख्य व्यक्ति गणेशबहादुर तङ्नामीलाई सडक डिभिजन पाल्पाको सिफारिसमा कालो सूचीमा राखएको जनाएको छ । रिदम कन्स्ट्रक्सनका मुख्य व्यक्ति सुमन गुरुङलाई पनि सडक डिभिजन पाल्पाको सिफारिसमा कालो सूचीमा राखिएको छ ।

उता, फ्रन्टलाइन बिल्डर्सका मुख्य व्यक्ति ज्ञानदीप गिरीलाई पनि सडक डिभिजन ललितपुरको सिफारिसमा कालो सूचीमा राखिएको बताइन्छ । कालो सूचीमा परेमा ती निर्माण व्यवसायी वा कम्पनीले कालो सूचीमा राखिएको अवधिभर कुनै पनि सरकारी ठेक्कापट्टामा सहभागी हुन पाउने छैनन् । कार्यालयले माथि उल्लेखित कम्पनीहरुलाई यसअघि ३५ दिने सूचना जारी गर्दै प्रष्टीकरण पेश गर्न निर्देशन दिएको थियो ।

तर, उक्त अवधिमा कुनै पनि लिखित जवाफ नआएपछि कार्यालयले सार्वजनिक सूचनामार्फत पुन: ७ दिनको अल्टिमेटम दिएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (४ क) बमोजिम यो सूचना प्रकाशित गरेर जानकारीसमेत गराएको थियो । तोकिएको समयभित्र उनीहरुले स्पष्टीकरण पेश नगरेको भन्दै कार्यालयले ती कम्पनीहरूलाई कालो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाएको बताइन्छ ।

## भ्रष्टाचार रोक्न अब कठोर कदम चाल : चेतावनी

# राजस्वदेखि भूमिसम्म बेथिति, अख्तियारको खुलासा

● साँघु टिप्पणीकार

**काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'सुशासन र समृद्धि नागरिकको अधिकार : भ्रष्टाचार नियन्त्रणमा बनौं सबै जिम्मेवार' भन्ने नारासहित ३५औं स्थापना दिवस सम्पन्न गरेको छ । आयोगले ०८२ माघ २८ गते राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा दिवस मनाएको थियो । सो अवसरमा आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले प्रस्तुत गर्नुभएको लिखित मन्तव्य मुलुकमा बढ्दो भ्रष्टाचार न्यूनीकरणका लागि सान्दर्भिक र सहयोगी हुने उल्लेख गरिएको छ । त्यसैले प्रमुख आयुक्त राईले कार्यक्रममा प्रस्तुत गर्नुभएको लिखित मन्तव्यका प्रमुख बुँदाहरू आम पाठक वर्गका लागि पठनीय हुने भएकाले तल प्रस्तुत गरेका छौं ।**

प्रमुख आयुक्त राईले जिम्मेवार निकाय तथा पदाधिकारीहरूले नियम, कानुन, कार्यविधि, मापदण्ड र नागरिक बडापत्रको पालना नगर्ने प्रवृत्ति मौलाएको दाबी गर्नुभएको छ । उहाँले ३५औं स्थापना दिवसको अवसरमा सेवा प्रवाहमा बिचौलिया प्रवेश गराउने, आफूलाई तोकिएको कार्य समयमै पूरा नगर्ने, जिम्मेवारी र जवाफदेहिता नलिने, निर्णय नगरी फाइल थन्काएर राख्ने जस्ता प्रवृत्ति देखिएको बताउनुभयो । कर्मचारी नियुक्तिमा मिलेमतो, आधार र मापदण्डविना बढुवा, सरकारी सवारीसाधन र इन्धनको दुरुपयोग बढेको उहाँको भनाइ छ ।


(अख्तियार दिवसः राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, राष्ट्रिय सभा अध्यक्ष, प्रधानन्यायाधीश र प्रमुख आयुक्त)

त्यसैगरी, पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा सङ्गठित संस्थामा नियमित लेखापरीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्ने विषयमा आलटाल गर्ने जस्ता प्रवृत्तिहरू आयोगमा पर्ने उजुरीबाट प्रष्ट भएको र यस्ता प्रवृत्तिको अन्त्य आवश्यक रहेको उहाँको दाबी छ। पछिल्लो समय सूचना प्रविधिको प्रयोग विस्तार गरी सेवा प्रवाहलाई अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने सरकारी प्रयास भए पनि यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमनलगायत सेवा क्षेत्रमा अझै व्यापक जनगुनासो रहेको आयोगको भनाइ छ ।

**सार्वजनिक निकायमा बेथिति**

भूमि प्रशासनसम्बन्धी उजुरीको छानबिन गर्दा सार्वजनिक, सरकारी तथा वन क्षेत्रको जग्गा निश्चित व्यक्ति वा समूहलाई फाइदा पुग्ने गरी अत्यन्त न्यून भाउमा लामो समयसम्म लिजमा दिएको पाइएको उल्लेख गरिएको छ । विभिन्न व्यक्ति, क्लब र स्वार्थ समूहले अतिक्रमण र कब्जा गरी निजी प्रयोजनका लागि उपयोग गरेको विषयसँग सम्बन्धित उजुरी बढ्दो क्रममा रहेको प्रमुख आयुक्त राईको भनाई रहेको छ ।

हदबन्दीभन्दा बढी जग्गा जफत गर्ने कानूनी व्यवस्था लामो समयसम्म कार्यान्वयनमा नआएको र सरकारी जग्गा गैरकानूनी रूपमा व्यक्तिका नाममा दाखिल-खारेज भएको अवस्थामा दुष्कृति सच्याउने काम हुन नसकेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भनाइ छ। आयोगले भन्सार मूल्याङ्कन प्रणाली वास्तविक कारोबार मूल्यमा आधारित नभएको उल्लेख गरेको छ । भन्सार बिन्दु, सीमा नाका तथा आन्तरिक बजारबाट राजस्व चुहावट हुने गरेको, जिम्मेवार निकायले प्रचलित कानुनभन्दा बाहिर गई भन्सार र राजस्व छुट दिने गरेको ठहर गरिएको छ । न्यून विजकीकरणमार्फत राजस्व छली र चोरी निकासी-पैठारीजस्ता विकृति बढ्दै गएको आयोगको निष्कर्ष छ ।

**निरोधात्मक रणनीति**

राष्ट्रिय परिचयपत्र प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गरी नागरिकको वैयक्तिक तथा सम्पत्ति विवरण व्यवस्थित गर्नुपर्ने आयोगको धारणा छ । भ्रष्टाचार नियन्त्रणका लागि आयोगले निरोधात्मक रणनीति अवलम्बन गरेको जनाएको छ । यसअन्तर्गत भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन, शासकीय संरचना सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ। योजना तर्जुमा र बजेट विनियोजनमा पारदर्शिता, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, सदाचार प्रवर्द्धन, सूचना प्रविधिको प्रयोग, निर्वाचन प्रणाली सुधार, अनुदान वितरण, मानव पूँजी व्यवस्थापन तथा प्राकृतिक स्रोतको न्यायोचित उपयोगमा आयोगले सुझाव दिएको जनाएको छ । आयोगको ३५औं वार्षिक प्रतिवेदनमार्फत १२ विषय क्षेत्र र २४ मन्त्रालय-निकायलाई करिब ४२८ सुझाव दिइएको उल्लेख छ ।

**कार्यान्वयनमा असन्तुष्टि**

आयोगले आफ्ना सुझावको कार्यान्वयन सन्तोषजनक नभएको भन्दै असन्तुष्टि जनाएको छ। उही प्रकृतिका कसुर र विकृति दोहोरिरहेकाले सुझाव दोहोर्‍याउनुपर्ने अवस्था आएको उल्लेख गरिएको छ। विधायिकामा पर्याप्त छलफल नहुने र कार्यकारी निकायबाट तदारुकता नदेखाइएको आयोगको गुनासो छ ।

आयोगका सुझाव विकासमा बाधा पुर्‍याएको भनी सार्वजनिक टिप्पणी गर्ने प्रवृत्तिको पनि आलोचना गरिएको छ । आयोगका अनुसार कानूनको पालना नगरी सुझावलाई विकासविरोधी देखाउने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

**कानूनी स्पष्टता आवश्यक**

नीतिगत र प्रशासनिक निर्णयबीच स्पष्ट कानूनी परिभाषाको अभाव रहेको आयोगले जनाएको छ । प्रशासनिक निर्णय मन्त्रिपरिषदमा लैजाने र नीतिगत निर्णयको नाममा जिम्मेवारी पन्छाउने प्रवृत्ति बढेको उल्लेख गरिएको छ ।

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (यूएनसीएसी) का प्रावधान प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना शीघ्र टुंग्याउन आयोगले आग्रह गरेको छ ।

**अन्तर्राष्ट्रिय सहयोग**

नेपालमा पारस्परिक कानूनी सहायता ऐन र सुपुर्दगी ऐन कार्यान्वयनमा रहे पनि सम्बन्धित देशसँग द्विपक्षीय सम्झौता नहुँदा अनुसन्धानमा कठिनाइ भइरहेको आयोगको भनाइ छ । आवश्यक देशसँग पारस्परिक कानूनी सहायता सम्झौता गर्न सरकारलाई औपचारिक अनुरोध गरिएको उल्लेख छ ।

**संस्थागत चुनौती**

आयोगमा कार्यरत कर्मचारीको बारम्बार सरुवा हुँदा अनुसन्धान तथा अभियोजनमा गुणस्तर कायम गर्न कठिनाइ हुने गुनासो गरिएको छ । छुट्टै क्याडर प्रणाली वा उपयुक्त जनशक्ति व्यवस्थापन प्रणाली आवश्यक रहेको आयोगको धारणा छ ।

**सामाजिक चेतना**

भ्रष्टाचार र भ्रष्टाचारीप्रति शून्य सहनशीलता अवलम्बन गर्ने सामाजिक संस्कृति विकास हुन नसकेको आयोगको ठहर छ । भ्रष्टाचारप्रति समाजमा सहिष्णुता बढ्दै गएको भन्दै युवा पुस्ताको खबरदारी र साझेदारी आवश्यक रहेको आयोगले जनाएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक उपाय मात्र पर्याप्त नहुने भन्दै राज्य संयन्त्र, निजी क्षेत्र, नागरिक समाज र सञ्चारजगतको सामूहिक प्रयास अपरिहार्य रहेको आयोगको निष्कर्ष छ ।

# नेपालमा नागरिक–सैन्य सम्बन्ध कस्तो हुनु पर्छ ?
# विश्वास, कूटनीति र राष्ट्रिय एकता निर्माणको दृष्टिकोण



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**नेपालमा नागरिक–सैन्य सम्बन्ध स्थिर, सुरक्षित र दीगो भविष्य निर्माणको आधार हो। नेपाल सेना राष्ट्रिय सार्वभौमिकता र सुरक्षाको रक्षक मात्र नभई प्राकृतिक प्रकोपका बेला मानवतामूलक सहायता प्रदायक, अन्तर्राष्ट्रिय शान्ति रक्षाकर्मी, निर्वाचन सुरक्षाको भरोसायोग्य साझेदार तथा प्रभावकारी 'सफ्ट पावर' कूटनीतिक माध्यमका रूपमा सक्रिय छ।**

यी योगदानहरूले सेनाको व्यावसायिकता, निष्पक्षता र देशप्रेम झल्काउँछन् ।

**सैन्य कूटनीति र अन्तर्राष्ट्रिय पहिचान**

सैन्य कूटनीति प्रायः सतहमा नदेखिए पनि राष्ट्रिय हित प्रवर्द्धनको सशक्त माध्यम हो । अफिसर आदान-प्रदान, संयुक्त अभ्यास, तालिम कार्यक्रम र द्विपक्षीय सहकार्यले विश्वास निर्माण, साझा सिकाइ र दीर्घकालीन साझेदारीलाई बलियो बनाउँछन् ।

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना मिसनहरूमा नेपालको सहभागिता अन्तर्राष्ट्रिय सम्मानको महत्वपूर्ण आधार बनेको छ । कंगो, दक्षिण सुडान, माली र लेबनानलगायत देशहरूमा नेपाली सैनिकहरूले व्यावसायिकता, अनुशासन र मानवतामूलक प्रतिबद्धता प्रदर्शन गरेका छन् । यसले नेपाललाई जिम्मेवार र सहकार्यशील राष्ट्रका रूपमा स्थापित गर्न मद्दत गरेको छ ।

**आन्तरिक भूमिकाः आपतकालीन सहायता र निर्वाचन सुरक्षा**

देशभित्र, प्राकृतिक प्रकोपका बेला सेना प्रमुख साझेदारको रूपमा देखिन्छ । २०७२ सालको गोरखा भूकम्पमा खोज तथा उद्धार, राहत वितरण र पुनर्निर्माण कार्यमा सेनाको सक्रिय सहभागिताले नागरिक विश्वास बलियो बनायो ।

सामान्य निर्वाचनका समयमा पनि सेना शान्ति र सुरक्षाको सुनिश्चिततामा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । नेपाल प्रहरी, निर्वाचन आयोग र अन्य निकायसँग समन्वय गर्दै मतदान केन्द्र सुरक्षा, सामग्री ढुवानी तथा जोखिम न्यूनीकरणमा योगदान पुर्‍याउँछ । दुर्गम र पहाडी क्षेत्रमा सेनाको उपस्थितिले लोकतान्त्रिक प्रक्रियालाई समावेशी र विश्वसनीय बनाएको छ ।

**चुनौती र सुधारको आवश्यकता**

सशक्त नागरिक-सैन्य सम्बन्धको आधार आपसी सम्मान, स्पष्ट भूमिकाको समझ र साझा राष्ट्रिय दृष्टिकोण हो । नेपालमा यस सन्तुलनलाई कायम राख्न केही चुनौतीहरू देखिन्छन् । बारम्बार सरकार परिवर्तनका कारण नीतिगत असंगतता देखा पर्न सक्छ, जसले दीर्घकालीन योजना प्रभावित हुन्छ ।

कतिपय अवस्थामा नेपाली सेनाको गैर-युद्धात्मक योगदान-जस्तै मानवतामूलक सहायता, शान्ति स्थापना, सांस्कृतिक कूटनीतिको पर्याप्त मूल्याङ्कन नहुने प्रवृत्ति पनि देखिन्छ । यी चुनौती समाधान गर्न सूचित सार्वजनिक संवाद, नागरिक शिक्षा र सुदृढ संस्थागत समन्वय आवश्यक छ ।



**सार्वजनिक विश्वास र धारणा**

सेनाको सकारात्मक भूमिकाले नागरिक विश्वास र राष्ट्रिय गर्व बढाएको छ । शान्ति स्थापना, प्रकोप व्यवस्थापन र निर्वाचन सुरक्षामा सक्रियता यसको उदाहरण हुन् । तर गलत बुझाइ, अत्यधिक राजनीतिक आलोचना वा पारदर्शिताको कमीले सम्बन्धमा तनाव सिर्जना गर्न सक्छ । त्यसैले पारदर्शिता, जवाफदेहिता र स्पष्ट सञ्चार अत्यावश्यक हुन्छ ।

**सुदृढ नागरिक–सैन्य सम्बन्धका उपाय**

नागरिक-सैन्य सम्बन्धलाई मजबुत बनाउन दीर्घकालीन रणनीति आवश्यक छः जनचेतना कार्यक्रम र सञ्चारमार्फत सेनाको बहुआयामिक योगदानको जानकारी प्रवाह । नागरिक नेतृत्व र सैन्य नेतृत्वबीच नियमित परामर्श र समन्वय। रक्षा तथा मानवतामूलक पहलमा पारदर्शिता र जवाफदेहिता सुदृढीकरण । अन्तर्राष्ट्रिय तालिम र शान्ति स्थापना अनुभवको रणनीतिक उपयोग । युवा तथा समुदायसँग सम्बन्ध विस्तार, नागरिक उत्तरदायित्व प्रवर्द्धन ।

**भविष्यको मार्गदर्शन**

नेपाल सेनाले व्यावसायिकता, निष्पक्षता र मानवतामूलक सेवाको परम्परा कायम राख्दै आधुनिक प्रविधि, तालिम र व्यवस्थापन क्षमता सुदृढ गर्नुपर्छ । सार्वजनिक संलग्नता र पारदर्शिता बढाउनु, क्षेत्रीय तथा वैश्विक सहकार्य विस्तार गर्नु र लोकतान्त्रिक प्रक्रियामा निष्पक्ष भूमिका निर्वाह गर्नु भविष्यका प्रमुख प्राथमिकता हुन सक्छन् ।

**निष्कर्ष**

नेपाल सेनाले घरेलु तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो व्यावसायिकता र नैतिक प्रतिबद्धता प्रमाणित गर्दै आएको छ । यसको योगदान–निर्वाचन सुरक्षा, मानवतामूलक सहायता, शान्ति स्थापना र सैन्य कूटनीति–राष्ट्र निर्माणका महत्वपूर्ण आधार हुन् ।

सकारात्मक नागरिक-सैन्य सम्बन्ध, सूचित सार्वजनिक समझ र रणनीतिक मूल्याङ्कन नेपालको दीगो प्रगतिका लागि अनिवार्य छन्। विश्वास, संवाद र पारदर्शिताको माध्यमबाट सेना जनताको भरोसायोग्य, निष्पक्ष र सक्षम संस्था रहिरहन सक्छ, जसले राष्ट्रिय सुरक्षा, लोकतान्त्रिक शासन र अन्तर्राष्ट्रिय प्रतिष्ठालाई थप सुदृढ बनाउँछ ।

*(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७ । इमेलः thapalok53@gmail.com)*

## स्वास्थ्य/घरेलु उपचार

### जेन–जी पुस्ताको स्वास्थ्य संकट



*काठमाडौं । प्रविधिसँगै हुर्किएको जेन-जी पुस्ता आज अवसर र जोखिम दुवैको संगममा उभिएको छ । सन् १९९७ पछि जन्मिएको यो पुस्ता डिजिटल रूपमा सक्षम भए पनि स्वास्थ्यका आधारभूत पक्षमा भने चुनौतीको सामना गरिरहेको चिकित्सकहरू बताउँछन् । अनियमित निद्रा, असन्तुलित खानपान, अत्यधिक स्क्रिन समय र मानसिक दबाबले उनीहरूको समग्र स्वास्थ्यमा असर पारिरहेको अध्ययनहरूले देखाएका छन् ।*

*विशेषज्ञका अनुसार राति अबेरसम्म मोबाइल प्रयोग गर्ने बानी जेन-जी पुस्तामा सामान्यजस्तै बनेको छ । 'मिडनाइट स्क्रोलिङ'का कारण औसत निद्रा अवधि घट्दै गएको छ । पर्याप्त निद्रा नहुँदा प्रतिरक्षा प्रणाली कमजोर हुने, ध्यान केन्द्रित गर्न समस्या आउने र चिडचिडापन बढ्ने समस्या देखिन्छ । विद्यालय र विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरू बिहान कक्षामा थकित देखिनु सामान्य भएको शिक्षकहरूको अनुभव छ ।*

*खानपानमा पनि तीव्र परिवर्तन आएको छ । मानव स्वास्थ्यका लागि हानिकारक फास्ट फूड, प्रशोधित खानेकुरा र ऊर्जा पेयको प्रयोग बढ्दै गएको छ । यसले मोटोपना, पाचन समस्या तथा हर्मोन असन्तुलन जस्ता दीर्घकालीन समस्या निम्त्याउन सक्ने स्वास्थ्यकर्मीको चेतावनी छ । 'फिट देखिने' दबाबका कारण छोटो अवधिका डाइट ट्रेन्ड पछ्याउने तर दीर्घकालीन सन्तुलित आहारमा ध्यान नदिने प्रवृत्ति पनि बढ्दो छ ।*

*मानसिक स्वास्थ्य अर्को गम्भीर पक्ष बनेको छ । सामाजिक सञ्जालमा निरन्तर तुलना, 'लाइक' र 'फोलोअर'को प्रतिस्पर्धाले आत्मसम्मानमा असर पुर्‍याइरहेको मनोविशेषज्ञहरू बताउँछन् । चिन्ता, अवसाद र सामाजिक अलगावका घटना बढ्दै जानु चिन्ताको विषय बनेको छ ।*

*स्वास्थ्य विज्ञहरू जेन-जी पुस्तालाई डिजिटल सचेतनासँगै जीवनशैली सन्तुलनमा ध्यान दिन आग्रह गर्छन् । नियमित व्यायाम, समयमै निद्रा, सन्तुलित भोजन र सीमित स्क्रिन प्रयोगलाई प्राथमिकता दिनुपर्ने सुझाव दिइएको छ । प्रविधि उपयोगी साधन भए पनि त्यसको अनुशासित प्रयोग नै दीर्घकालीन स्वास्थ्य सुरक्षाको आधार हुने चिकित्सकहरूको भनाइ छ ।*

### स्क्रिन लतले बिग्रँदो स्वास्थ्य



*काठमाडौं । स्मार्टफोन, ट्याबलेट र ल्यापटप आजको जीवनको अभिन्न अंग बनेका छन् । तर, अत्यधिक स्क्रिन प्रयोगले स्वास्थ्यमा गम्भीर असर पार्न थालेको चिकित्सकहरू बताउँछन् । विशेषगरी किशोर र युवा पुस्तामा 'स्क्रिन लत' नयाँ स्वास्थ्य चुनौतीका रूपमा देखिएको छ ।*

*नेत्र रोग विशेषज्ञहरूका अनुसार लामो समय मोबाइल वा कम्प्युटर स्क्रिन हेर्दा आँखा सुख्खा हुने, टाउको दुख्ने र दृष्टि कमजोर हुने समस्या बढिरहेको छ । निलो प्रकाश (ब्लु लाइट)को दीर्घकालीन प्रभावले निद्राको चक्र बिग्रने र हर्मोन सन्तुलनमा असर पर्ने देखिएको छ । राति सुत्नुअघि मोबाइल प्रयोगले मेलाटोनिन उत्पादन घटाउने अध्ययनले देखाएका छन् ।*

*शारीरिक रूपमा पनि समस्या देखिन थालेको छ । लामो समय एउटै अवस्थामा बस्दा घाँटी, ढाड र काँध दुख्ने समस्या बढेको छ । 'टेक्स्ट नेक' नाम दिइएको यो अवस्था युवामाझ सामान्य बन्दै गएको फिजियोथेरापिस्टहरू बताउँछन् । शारीरिक गतिविधि घट्दा मोटोपना र मधुमेहको जोखिम पनि बढ्न सक्छ ।*

*मनोवैज्ञानिक प्रभाव पनि गम्भीर छ । अनलाइन गेम, भिडियो प्लेटफर्म र सामाजिक सञ्जालमा बित्ने समयले वास्तविक सामाजिक सम्बन्धमा दूरी ल्याइरहेको छ । ध्यान केन्द्रित गर्ने क्षमता घट्ने र चिडचिडापन बढ्ने समस्या अभिभावकहरूले अनुभव गरिरहेका छन् ।*

*विशेषज्ञहरू स्क्रिन प्रयोगमा समय सीमा निर्धारण गर्न सुझाव दिन्छन् । '२०-२०-२० नियम' (हरेक २० मिनेटमा २० सेकेन्ड २० फिट टाढा हेर्ने) अपनाउन, सुत्नुभन्दा कम्तीमा एक घण्टा अघि मोबाइल बन्द गर्न र नियमित शारीरिक गतिविधि बढाउन आग्रह गरिएको छ । प्रविधि उपयोगी भए पनि त्यसको दुरुपयोगले स्वास्थ्यमा गम्भीर क्षति पुर्‍याउन सक्ने चेतावनी दिइएको छ ।*

# नेपाली सेनाका अधिकृतहरू कहिलेसम्म ग्रेडिङको जन्जिरमा बाँधिने ?
# नेपाली सेनाभित्रको मौन पीडा : अंकले रोकिएको भविष्य !

## चिठ्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

***श्रीमान् सम्पादकज्यू, साँघु साप्ताहिक, काठमाडौं ।***

***विषय : नेपाली सेनाभित्र बढुवा तथा तालिम छनोटसम्बन्धी नीतिगत अन्यायबारे गुनासो***

***सादर नमस्कार ।***

हामी नेपाली सेनाका विभिन्न तहमा कार्यरत तथा सेवामा रहँदै पीडा भोगिरहेका अधिकृतहरू, हाम्रो संस्थाभित्र लागू हुँदै आएको बढुवा र तालिम छनोटसम्बन्धी नीतिगत व्यवस्थाले सिर्जना गरेको गम्भीर असमानताबारे सार्वजनिक रूपमा ध्यानाकर्षण गराउन बाध्य भएका छौँ । संस्थागत अनुशासन, मर्यादा र शपथका कारण प्रत्यक्ष रूपमा बोल्न असहज हुने भएकाले तपाईंको प्रतिष्ठित पत्रिका साँघु साप्ताहिक मार्फत प्रधानसेनापतिज्यूलगायत सम्बन्धित निकायहरूको ध्यान यसतर्फ आकृष्ट गराउन चाहन्छौँ ।

नेपाली सेनामा सेनानीबाट प्रमुख सेनानी, प्रमुख सेनानीबाट महासेनानी हुँदा खरिपाटीको क्याडेटको ग्रेडिङ, वाइओजेएस, सीसीएससी, स्टाफ कलेजको ग्रेडिङ विदेश कोर्सको अंक र शिक्षक अंक प्रत्येक कुरामा जोड्दा एउटै व्यक्ति मात्रै लाभान्वित हुने हालको नीति छ । स्टाफ कलेज गरिसकेपछि मात्र प्रमुख सेनानीमा बढुवा हुने हुँदा यही क्रममा सबै अंक जोडी सकेको हुन्छ र सिनियरटी कायम गरिन्छ । तत्पश्चात पनि उक्त कोर्सको ग्रेडिङहरू जोडी प्रमुख सेनानीबाट महासेनानी हुँदा पुन सोही नम्बर जोडिने हुँदा एउटै व्यक्तिलाई मात्रै फाइदा पुग्ने गरेको अवस्था छ । यसका लागि सेनानीबाट प्रमुख सेनानी पदमा बढुवा हुँदा यसका लागि सबैलाई समान अवसर प्रदान गर्नका लागि अन्य अवसर दिंदा ग्रेडिङको अल्फा ब्राभो चार्ली बिचको ग्याप कम गर्दा कार्यसंपादन मूल्यांकनमा राम्रो गर्ने समूहलाई समेत समेट्न सकिने छ । शिक्षक ग्रेडिङ प्राप्त गर्नेले विदेश तालिम गर्ने अवसर पाउने र उपत्यकाका शिक्षालयहरूमा मात्रै पोस्टिङ हुने गर्दछन् ।

महासेनानीबाट राष्ट्रिय प्रतिरक्षा अध्ययन (एनडीसी) तालिमका लागि छनोट गर्दा समेत एउटै कोर्सको ग्रेडिङ नम्बरलाई अत्यधिक महत्व दिइने वर्तमान नीति हाम्रो प्रमुख पीडाको विषय बनेको छ । करिअरको सुरुवाती चरणमा प्राप्त गरिएको एउटा ग्रेडिङ नम्बरले जीवनभर पछ्याउने गरी अवसर र सम्भावनाको ढोका बन्द वा खुला गर्ने व्यवस्था न्यायोचित मान्न सकिँदैन ।

हामीमध्ये धेरै अधिकृतहरू मध्यमवर्गीय पृष्ठभूमिबाट आएका छौँ । सुरुवाती तालिमका क्रममा भाषिक, पारिवारिक, शैक्षिक वा अन्य विविध कारणले अत्यधिक प्रतिस्पर्धात्मक वातावरणमा उच्च ग्रेडिङ ल्याउन नसकेका हुन सक्छौँ । तर, त्यसपछिका वर्षहरूमा कठिन क्षेत्र, दुर्गम तैनाथी, शान्ति मिसन, विपत् व्यवस्थापन, तालिम सञ्चालन, व्यवसायिक, प्रशासनिक दक्षता र नेतृत्व क्षमतामा उत्कृष्ट प्रदर्शन गर्दै आएका छौँ । तथापि, प्रारम्भिक कोर्सको अंक नै हाम्रो भविष्य निर्धारण गर्ने निर्णायक आधार बनेपछि हाम्रो समर्पण र पछिल्लो उपलब्धि ओझेलमा परेका छन् ।

वर्तमान व्यवस्थाअनुसार मेजरबाट प्रमुख सेनानी हुँदा सबै अंकहरूको गणना हुन्छ । तर प्रमुख सेनानीबाट महासेनानी र महासेनानीबाट एनडीसी जस्ता महत्वपूर्ण तालिममा छनोट गर्दा पनि त्यही प्रारम्भिक ग्रेडिङको अंकभार निर्णायक रूपमा जोडिँदा अवसर सीमित व्यक्तिमा मात्रै केन्द्रित हुने अवस्था देखिएको छ । यसले संस्थाभित्र 'अल्फा, ब्राभो, चार्ली' जस्ता प्रारम्भिक श्रेणी विभाजनलाई स्थायी विशेषाधिकारमा परिणत गरेको अनुभूति हामीले गरेका छौँ । प्रारम्भिक सूचीको माथिल्लो स्थानमा रहेका केही अधिकृतहरू निरन्तर अवसरको सिँढी चढिरहने र मध्यम वा तल्लो श्रेणीमा परेकाहरू सधैँ पछाडि पर्ने परिपाटीले संगठनभित्र अदृश्य वर्गीकरणको संस्कृति विकास गरेको महसुस भएको छ ।



हामी यो पत्र कुनै व्यक्ति वा समूहविरुद्ध होइन, नीतिगत पुनरावलोकनको आग्रहस्वरूपलेखिरहेकाछौं। सेनाजस्तो अनुशासित र व्यावसायिक संस्थामा अवसरको समानता, पारदर्शिता र समावेशी मूल्य झन् महत्वपूर्ण हुन्छ । यदि प्रारम्भिक कोर्सको ग्रेडिङ नै जीवनभरको नियति बनाइयो भने त्यसले मनोबल घटाउँछ, प्रतिस्पर्धालाई अस्वस्थ बनाउँछ र संस्थागत एकताको भावनामा पनि असर पुर्‍याउँछ भन्ने हाम्रो मत रहेको छ ।

हामी प्रस्ताव गर्न चाहन्छौँ कि-

१. बढुवा तथा उच्च तालिम छनोटमा प्रारम्भिक कोर्स ग्रेडिङको अंकभार क्रमशः घटाउँदै पछिल्ला वर्षहरूको कार्यसम्पादन, नेतृत्व मूल्याङ्कन, तालिम उपलब्धि, अनुशासन, व्यवसायिक कार्यक्षमता, मिसन अनुभव र समग्र योगदानलाई बढी महत्व दिइयोस् ।

२. निश्चित तहपछिका बढुवामा नयाँ मूल्याङ्कन प्रणाली लागू गरी 'दोस्रो अवसर' को अवधारणा संस्थागत गरियोस् ।

३. मध्यम तथा तल्लो ग्रेडिङमा रहेका तर उत्कृष्ट सेवा अभिलेख भएका अधिकृतहरूको लागि विशेष मूल्यांकन, समीक्षा समिति गठन गरियोस् ।

४. एनडीसी जस्ता रणनीतिक तालिम छनोटमा बहुआयामिक मूल्याङ्कन (इण्टरभ्यु, प्रस्तुति, नेतृत्व क्षमता, रणनीतिक सोच) समावेश गरियोस् ।

हामीलाई विश्वास छ कि संस्थाको मूल शक्ति केवल केही उच्च अंक ल्याएका अधिकृतहरू होइनन्, बरु हजारौं समर्पित व्यवसायिक सैनिक अधिकृत र जवानहरूको संयुक्त परिश्रम हो । सेनाको आधार स्तम्भ मध्यम तहका अधिकृतहरू हुन्, जो प्रशासन, तालिम, अपरेसन र फिल्ड कमाण्डमा प्रत्यक्ष रूपमा ज्यानको बाजी थापेर खटिरहेका हुन्छन् । यदि उनीहरूको मनोबल खस्कियो भने संस्थाको समग्र प्रभावकारिता पनि प्रभावित हुन सक्छ ।

हामी सम्मानपूर्वक अनुरोध गर्दछौँ कि प्रधानसेनापति अशोक राज सिग्देल, जङ्गी अड्डा, पीएसओज् तथा रक्षा मन्त्रालयले यस विषयमा गम्भीर समीक्षा प्रारम्भ गरून् । रक्षा मन्त्रालयले समेत नीतिगत तहमा आवश्यक परामर्श र निर्देशन दिई संस्थाभित्र न्यायोचित अवसरको सुनिश्चितता गर्न पहल गरोस् । नेपाली सेनाभित्रको असन्तोष सार्वजनिक विवादमा परिणत हुनु अघि नै आन्तरिक सुधारको प्रक्रिया सुरु हुनु अत्यन्त आवश्यक छ ।

हामी सेनाको गौरव, परम्परा र अनुशासनप्रति पूर्ण प्रतिबद्ध छौँ । हाम्रो उद्देश्य संगठनलाई कमजोर बनाउने होइन, बरु अझ व्यावसायिक, निष्पक्ष र समावेशी बनाउने हो । नीति परिमार्जनले केवल केही व्यक्तिलाई फाइदा पुर्‍याउने होइन, दीर्घकालीन रूपमा संस्थाको सुदृढीकरणमा योगदान दिनेछ भन्ने हाम्रो विश्वास छ ।

अन्त्यमा, तपाईंको पत्रिकाले सधैँ राष्ट्रिय सरोकारका विषयहरूमा साहसिक रूपमा आवाज उठाउँदै आएको छ । त्यसैले हामी नेपाली सेनाका पीडित अधिकृतहरुको यो गुनासोलाई पनि सार्वजनिक विमर्शको विषय बनाई सम्बन्धित निकायहरूको ध्यानाकर्षण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ । न्याय र समान अवसरको पक्षमा तपाईं साँघु साप्ताहिकको मञ्च सधैँझैँ प्रभावकारी हुनेछ भन्ने अपेक्षा राखेका छौँ ।

*धन्यवाद ।*

*भवदीय,*

*नेपाली सेनाका पीडित अधिकृतहरू*



# ठूला व्यक्तिहरूको सम्पत्ति अन्तर्राष्ट्रिय निकायसँग जोडिएको छ

# अवैध सम्पत्ति रहेका बैंकखाताहरू समेत सिज गर्छौं



**गजेन्द्र कुमार ठाकुर,**
**महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग**

*(सरकारले २०६८ असार ३१ गते सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना गरेको थियो। बिभागले सम्पत्ति शुद्धीकरण, आतत्तवादी क्रियाकलापमा वित्तीय लगानी र अन्य विनासका हातहतियार विस्तारमा सहयोग गर्न कुनैपनि प्रकारका गैरकानूनी कमाइ र योगदानका विरूद्ध अनुसन्धान गर्दै आएको छ। विभागले मूलतः नेपाल राष्ट्र बैंकस्थित वित्तीय जानकारी इकाईबाट सूचना प्राप्त भएपछि अनुसन्धानकोक्रममा प्रारम्भिक रूपमा शुरुवात गरी आवश्यक परेमा विस्तृत र व्यापक अनुसन्धान तहकिकात गर्दै आएको छ। विभागले प्राप्त गर्ने सूचनाको लागि नेपाल प्रहरी अर्को महत्त्वपूर्ण स्रोत मानिन्छ। सरकारी संयन्त्रभित्रका सरोकारवालाहरुमा नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय पर्ने गरेका छन्। बाह्य सरोकारवालामा व्यवसायिक संगठनहरु, विभिन्न पेशाविद् संगठनहरू पनि उत्तिकै महत्वपूर्ण रहेका छन्। दोस्रो पटक विभागको नेतृत्व गर्ने अवसर प्राप्त गरेका महानिर्देशक ठाकुरले यतिखेर भने विभागको कार्यक्षेत्र सीमित भएको कारण आवश्यक कार्य गर्न नसकेको स्वीकार्नु हुन्छ। हाल, नेपाल एफएटीएफको ग्रे लिष्टमा परेको छ। जसबाट बाहिर निस्कनको लागि विभागले खेलिरहेको भूमिका, मनि लाउन्डरिङमा भइरहेको अनुसन्धान, आगामी रणनीति, उजुरीको संख्या र अवस्थालगायत बिबिध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले गरेको कुराकानीको सम्पादित अंश : सम्पादक)*

**० तपाईंले दोस्रोपटक विभागको नेतृत्व गर्ने अवसर पाएपछि गरेका मुख्य कामहरू र पहिचान गर्नुभएको समस्याका क्षेत्रहरु कुन कुन रहेछन् ?**

विभागमा मेरो यो दोस्रो कार्यकाल हो। यसअघि ०७७ फागुनदेखि ०७८ असोजसम्म विभागको नेतृत्व गरेको थिएँ। ०८२ असोज २१ गतेबाट पुन विभागको नेतृत्व संहालेपछि अपराधबाट आर्जित सम्पत्तिको खोजी, अनुसन्धान र छानबिन गरी कानूनी दायरामा ल्याउने कार्यमा निरन्तर रुपमा लागि रहेका छौं। साथै, अनुसन्धान प्रक्रिया पूरा भएपछि आवश्यक प्रमाणसहित मुद्दा अभियोजनका लागि सरकारी वकिल कार्यालयमा पठाउँछौं। मैले दोस्रोपटक जिम्मेवारी सम्हालेको करिब पाँच महिना बित्दैछ। यो अवधिमा आफ्नो विगतको अनुभवका आधारमा अनुसन्धान प्रणालीलाई थप प्रभावकारी बनाउने, कार्य प्रणालीमा सुधार र विभिन्न क्षेत्रमा देखिएका कमी कमजोरीहरूलाई क्रमशः समाधान गर्नेगरी अगाडि बढिरहेको अवस्था छ। विभागको लक्ष्य भनेको कार्यक्षमता बढाउँदै सुशासन र पारदर्शितालाई सुदृढ बनाउनु नै मुख्य दायित्व हो।

**० त्यसोभए ती कार्यका लागि कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि कस्ता सुधारात्मक कदमहरू चाल्नु भएको छ त ?**

खासगरी विभागमा कार्यरत अनुभवी कर्मचारीको बारम्बार हुने सरुवाका कारण अनुसन्धान गर्ने दक्षता तुलनात्मक रूपमा कमजोर हुने समस्या पहिचान भइसकेको छ। जसलाई समाधान गर्न कर्मचारीहरूको क्षमता सुदृढ गर्ने उद्देश्यले विभागले स्पष्ट योजना बनाएर काम अगाडि बढाइरहेको अवस्था छ। त्यसकारण पनि प्रथमत विभागमा कार्यरत कर्मचारीहरूको दक्षता बढाउने र विभिन्न निकायहरुसँग समन्वय गरेर अगाडि बढ्ने कार्यहरु भइरहेका छन्। अझ कानून कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धिमासमेत विशेष ध्यान दिएका छौं। उपलब्ध आन्तरिक स्रोत-साधन र देशभित्र रहेका विशेषज्ञ मानव स्रोतको उपयोग गर्दै विभागका कर्मचारी तथा अन्य निकायका कर्मचारीहरूलाई तालिम प्रदान गर्ने कार्य विभागको सक्रियतामा भइरहेको छ। यसका अतिरिक्त, अर्थ मन्त्रालयमातहत रहेको राजस्व प्रशासन तालिम केन्द्रसँग समन्वय गरी स्रोत व्यक्तिहरू परिचालन गरेर पनि विभिन्न खालका तालिम कार्यक्रम सञ्चालन गरेर कर्मचारीलाई दक्ष बनाउने कार्यमा सक्रिय ढंगले लागेका छौं।

**० त्यसबाहेक यो अवधिमा अन्य के कस्ता महत्वका कार्यहरु भए त ?**

विभागले यतिखेर अन्तरर्ाष्ट्रियस्तरमासमेत पनि क्षमता अभिवृद्धिलाई प्राथमिकता दिएको छ। नेपाल सरकारको सहयोगी छिमेकी मित्र राष्ट्र भारतद्वारा सञ्चालित तालिम कार्यक्रममा विभागका साथै नेपाल प्रहरी र अन्य कानून कार्यान्वयन निकायका कर्मचारीहरूलाई सहभागी गराइएको छ। जसले अनुसन्धानलाई अझ प्रभावकारी र व्यवसायिक बनाउन सहयोग पुगेको विभागको ठहर छ। त्यसैगरी, नयाँ र जटिल विषयहरूलाई मध्यनजर गर्दै बेलायती संस्थासँग सहकार्य गरी क्रिप्टोकरेन्सी जस्ता आधुनिक वित्तीय अपराध सम्बन्धी विषयमा अनलाइन तालिमसमेत सञ्चालन गरिसकेका छौं। यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा तालिमको व्यवस्था गरी अनुसन्धान क्षमताको समग्र अभिवृद्धि गर्ने कामलाई बिभागले प्राथमिकताका साथ अगाडि बढाएको अवस्था छ।

**० यति मेहनत गर्दासमेत नेपाल किन फाइन्नासियल एक्सन टास्कफोर्स (एफएटीएफ) को ग्रे लिस्टमा परेको हो त ?**

नेपाल एफएटीएफको ग्रे लिस्टमा पर्नुको मुख्य कारण अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको कार्यान्वयन प्रभावकारी हुन नसक्नु हो। एफएटीएफले दिएका सिफारिसहरू कानूनी रूपमा समावेश गरेपनि त्यसको व्यवहारिक रुपमा अर्थात् टेक्निकल कम्प्लायन्स र विशेषगरी इफेक्टिभनेस कम्प्लायन्स कार्यान्वयन कमजोर रहेको देखिएको छ। यही कारणले नेपाललाई वित्तीय जोखिमको दृष्टिले उच्च निगरानीमा राखिएको बताइन्छ। यसले अन्तर्राष्ट्रिय रूपमा नेपालको छवि, बैंकिङ प्रणाली र वैदेशिक लगानीमासमेत प्रभाव पार्ने अवस्था सिर्जना गरेको छ।

**० त्यसो हो भने अब ग्रे लिस्टबाट बाहिर निस्कन नेपालले के-कस्ता कदम चाल्न आवश्यक छ त ?**

ग्रे लिस्टबाट बाहिर निस्कनका लागि कुनै एक निकायको मात्र जिम्मेवारी नभएर समग्र राष्ट्रको साझा दायित्व हो भन्ने लाग्छ। जसमा ५० भन्दा बढी सरकारी निकाय, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तथा ८५ हजार भन्दा बढी निजी क्षेत्रका संस्थाहरूको समन्वित भूमिका आवश्यक रहनेछ। एफएटीएफको प्रतिवेदनअनुसार नेपालमा विभिन्न निकायहरूबीच सम्पत्ति शुद्धीकरण र आतङ्कवादी वित्तीय गतिविधिबारे साझा बुझाइको अभाव रहेको देखिन्छ। त्यसैले सबै सरोकारवालाबीच स्पष्ट समझदारी, प्रभावकारी समन्वय र जिम्मेवारीसहित कार्यान्वयनलाई सुदृढ बनाउनु नै बाहिर निस्कने यो नै प्रमुख उपाय हुनसक्छ।

**० त्यसका लागि विभागले के-कस्ता कदम चालिरहेको छ ?**

विभागले कानून कार्यान्वयन निकाय र सम्बन्धित सरोकारवालासँग नियमित अन्तरक्रिया गर्दै साझा बुझाइ निर्माण गर्ने कार्य गरिरहेको छ। जसबाट पहिलो फाइदा भनेको सबै सरोकारवालाले सम्पत्ति शुद्धीकरण र आतङ्कवादी गतिविधि सम्बन्धी उच्च जोखिमको वास्तविक अवस्था बुझ्नु नै हो। दोस्रो, उच्च, मध्यम र न्यून जोखिम भएका मुद्दाहरूलाई छुट्ट्याउन सकिनेछ। जसले उजुरी वा बाह्य दबाबमा मात्र अनुसन्धान नगरी वास्तविक जोखिमअनुसार काम अघि बढाउन सहयोग पुऱ्याउनेछ भन्ने हाम्रो बुझाई रहेको छ। साथै, हजारौं पृष्ठमा तयार पारिएका रिपोर्टहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रभावकारी थिएनन्। अहिले ती रिपोर्टहरू परिमार्जन गरेर सबै निकायका गतिविधि, जोखिम मूल्याङ्कन र अनुसन्धान प्राथमिकता र अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने खालका तयारी गरिरहेका छौं। यस प्रक्रियामा विभागले समन्वयकारी भूमिका खेल्दै आवश्यक जानकारी संकलन, विश्लेषण र रिपोर्टिङ सुनिश्चित गरिरहेको अवस्था रहेको छ।

**० जोखिम व्यवस्थापन कसरी गर्ने र कुन क्षेत्रहरू उच्च जोखिममा रहेको पाइएको छ ?**

जोखिम व्यवस्थापनका लागि विभागले यतिखेर विस्तृत विश्लेषण गरिरहेको छ। हामीले सेक्टरल रिपोर्ट इन्भेस्टिगेसन, रिस्क एसेसमेन्ट रिपोर्ट र नेशनल रिस्क एसेसमेन्ट रिपोर्ट तयार गर्दैछौं। यस प्रक्रियाले उच्च जोखिम भएका क्षेत्रहरू पहिचान गर्न, जोखिमको कारण बुझ्न र त्यसअनुसार स्रोत परिचालन गर्न थप सहयोग पुऱ्याउँने अपेक्षा गरेका छौं। नेपालमा जोखिम समान रूपमा फैलिसकेको भने छैन। हाल प्रमुख उच्च जोखिम क्षेत्रहरूमा कर छली, मानव बेचबिखन, भ्रष्टाचार, फर्जी, बैंकिङ अपराध, वातावरणीय अपराध, सुनचाँदी र अन्य मूल्यवान वस्तुसहित तस्करी, हुन्डी र क्रिप्टोकरेन्सी समावेश रहेको अवस्था देखिन्छ।

**० यीमध्ये हाल कुन क्षेत्रमा बढी जोखिम विभागले पहिचान गरेको छ ?**

प्रत्येक क्षेत्रको जोखिम विश्लेषण गरेर कुन क्षेत्र बढी संवेदनशील छ भन्ने गोप्य तरिकाले पहिचान गरिने कार्य जारी छ। जोखिम पहिचान भएपछि उच्च जोखिम भएका क्षेत्रलाई प्राथमिकताकासाथ अनुसन्धान अगाढि बढाइनेछ। यजसले स्रोतको सदुपयोग सुनिश्चित गर्छ नै। अझ उच्च जोखिम क्षेत्रमा स्रोत केन्द्रित गर्दै मध्यम र न्यून जोखिम भएका क्षेत्रमा आवश्यकता अनुसार मात्रै तहकिकात गरिनेछ। जुन कार्य मेरै नेतृत्वमा भइरहेको छ। जसअन्तर्गत सुपरभिजन, अनुगमनलगायतमा केन्द्रित भइरहेको छ। यसरी जोखिमको मूल्याङ्कन र व्यवस्थापनको कार्यलाई व्यवस्थित रूपमा अघि बढाउने कोशिष भइरहेको छ।

**० विभागले उच्च जोखिमका क्षेत्रमा कसरी अनुसन्धान गर्दै आएको छ ?**

मैले माथिपनि बताइसकें हाम्रो अध्ययन र अनुसन्धान मुख्यतया उच्च जोखिम क्षेत्रहरूमा केन्द्रित छ। मध्यम वा न्यून जोखिम क्षेत्रमा स्रोत सीमितता कारण पनि प्राथमिकता दिन सकिँदैन। यी क्षेत्रको अनुसन्धान गर्दा विशेष ध्यान अपराधी व्यक्ति, स्थान, वस्तु र अपरेशन मोडेलअनुसार केन्द्रित छौं। साथै, अनुसन्धानका क्रममा नयाँ प्रविधि र प्रवृत्तिहरू कसरी प्रयोग भएका छन् भन्ने कुरा पनि विश्लेषण गरिदै आएको छ। अझ जोखिम पहिचान र वर्गीकरण गरेर प्राथमिकता अनुसार नै अनुसन्धान अगाडि बढाइन्छ। अनुसन्धानको क्रममा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आर्जित सम्पत्तिको वास्तविक अवस्थालाई ट्याक गर्नु नै हो। अपराध वा गल्तीबाट आर्जित सम्पत्ति कहाँ राखिएको छ, कसरी सञ्चालन भएको छ भन्ने प्रमुख सवाल मानिन्छ।

> - **यो कुनै एक निकायको मात्रै जिम्मेवारी होइन।**
> - **हामी मध्यम जोखिममा होइन, उच्च जोखिममै केन्द्रित छौं।**
> - **यो समग्र राष्ट्रको साझा दायित्व हो भन्ने लाग्छ।**
> - **अपराध प्रमाणित नभएसम्म विभागले निजी सम्पत्ति हड्पिदैन।**
> - **ग्रे लिस्टबाट बाहिर निस्कन राष्ट्रले ठूलै प्रयत्न गर्नुपर्छ।**
> - **हामी एक क्लिकमै तथ्य देखाउने प्रणाली बिकसित गर्दैछौं।**
> - **कर्मचारीहरूको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिएका छौं।**
> - **अन्तर्राष्ट्रिय सहकार्य नभएपनि कानूनअनुसार अघि बढ्नेछौं।**
> - **स्रोत सीमित छ, उच्च जोखिममा मात्र अनुसन्धान गरिनेछ।**

**० अपराधबाट आर्जित सम्पत्तिको पहिचान, ट्र्याकिङ र व्यवस्थापन विभागले कसरी गरिरहेको छ ?**

कसैले अपराधबाट सम्पत्ति आर्जन गर्छ, त्यसको स्रोत रकम र लगानीको स्थान पहिचान गर्नु विभागको मुख्य कार्य हो। पहिला अपराधीले कति पैसा वा सम्पत्ति आर्जन गरेको छ भन्ने पहिचान र त्यसपछि त्यसको स्रोत, स्थान र लगानीको विवरण पत्ता लगाउने कार्य गर्नेछौं। चाहे त्यस्तो रकम बैंक वा बित्तीय संस्था, सेयरमा वा अन्य क्षेत्रमा नै किन लगानी गरिएको होस्। त्यसरी आर्जित सम्पत्ति, नगद, सामान, बैंक खाताहरूमा जम्मा गरेको रहेछ भने सिज गर्छौं। त्यसको जानकारी सम्बन्धित गृह मन्त्रालयमातहतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई पठाइनेछ। यदि सम्पत्ति भन्नाले घर, जग्गा हो भने त्यसलाई बिक्री गर्न नदिई फ्रिज गरिनेछ। यस्तो करिब २९ करोड पुरानो र हालको सम्पत्तिसमेत विभागले व्यवस्थापन गरिसकेको छ।

**० अपराधबाट आर्जित सम्पत्ति व्यवस्थापन र रिकभरीमा विभागले के कस्तो प्रगति हासिल गरेको छ ?**

कतिपय अवस्थामा सर्वोच्च अदालत वा विशेष अदालतको निर्णयपछि धरौटी निर्धारण हुने प्रक्रिया अघि बढिरहेको छ। हाल करिब १६ सय रोपनीभन्दा बढी त्यस्ता जग्गा पनि व्यवस्थापन गर्ने कार्य सकिएको छ। अपराधबाट आर्जित सम्पत्तिको कानूनी व्यवस्थापन र अभिलेख सुनिश्चित गर्दै उच्च जोखिम क्षेत्रमा केन्द्रित अनुसन्धान गर्ने कार्यमा बिभाग सक्रिय ढंगले अगाडि बढिरहेको छ।

**० विभागको अधिकार क्षेत्र कटौतीमा परेको छ, नि होइन ?**

अब विभागले २०८० साल चैत मसान्तभन्दा अगाडिका मुद्दा मात्रै हेर्न मिल्छ। त्यसपछि विभागमा दर्ता भएका मुद्दाको अनुसन्धान गर्ने कुनै अधिकार छैन। त्यसैले विभागको कार्यक्षेत्र सीमित हुन पुगेको छ। सामान्य मुद्दामा प्रारम्भिक छानबिन र जटिल केसको अनुसन्धान अगाडि बढाउन भने सक्छ। जस्तो जटिल केस सामान्य सिंगल अपराध जस्तो सरल हुँदैन। यस्तोमा दुई वा दुईभन्दा बढी घटनासँग जोडिनुपर्छ। अन्यथा विभागले अनुसन्धान गर्न सक्दैन। कतिपय केस अनुसन्धानका लागि अन्तर्राष्ट्रिय निकायसँग सम्बन्धित हुनुपर्छ। त्यसकारण सुरुमा यसको वास्तविक अन्तर्राष्ट्रिय लिंकेज सहजै पत्ता लाग्दैन। उजुरी, एक्टिभिटी रिपोर्ट वा ट्रान्जेक्सन रिपोर्टजस्ता स्रोतहरूले मात्र त्यसका जोखिम र अपराधको वास्तविकता देखाउनेछ। जसले गर्दा एउटै निकायले यस प्रकारको केस सम्पूर्ण रुपमा अनुसन्धान गर्न सक्दैन। त्यसैले विभागले मात्र विदेशी सहकार्यमा मात्र अनुसन्धान गर्छ। अनुसन्धान प्रक्रिया पूरा भएपछि पनि यस्ता केसको मुद्दा दायर गर्ने अधिकार विभागसँग भने हुँदैन। तयार गरिएको रिपोर्ट सम्बन्धित निकायमा नै पठाइनेछ। हाल विभागले कम्प्लेक्स अपराध पहिचान र प्रारम्भिक अनुसन्धानमा मात्र प्रमुख भूमिका निर्वाह गरिरहेको अवस्था छ।

**० यतिखेर विभागमा मनि लाउण्डिङ सम्वन्धी उजुरीको संख्या के कति रहेको छ ?**

दैनिक रूपमा करिब चार-पाँचवटा उजुरी आउँछन् नै। तर, उजुरी लिने अधिकार हाल विभागसँग छैन। विभागले विभिन्न स्रोतहरुबाट प्राप्त उजुरीलाई दर्ता गरेर सम्बन्धित निकायमा पठाउने गरेका छौँ। पुरानो उजुरीको सन्दर्भमा भन्नुपर्दा ८० साल भन्दा अगाडिका करिब ७ सय उजुरीहरू संकलित छन्। जसमा अधिकांश व्यक्तिगत रिसइवीका कारण परेकोले अनुसन्धान गर्नुपर्ने बाध्यता छ। विभागले ती उजुरीहरूको प्रारम्भिक छानबिन गरी कतिपय सम्बन्धित निकायमा पठाउने र आवश्यक परेको खण्डमा अनुसन्धान प्रक्रिया अगाडि बढाईरहेको अवस्था छ।

**० ०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनकाक्रममा कतिपय राजनीतिक दलका नेताहरूको घरमा भेटिएको रकमका बारेमा आम जनताले चासो राखेपनि विभागले भने कानमा तेल हाले झैं गरी अनुसन्धान नगरेको प्रति गुनासाहरु बढेका छन्, नि ?**

कतिपय नेताहरूको घरमा जलेको अवस्थामा रकम भेटिएपछि आम नागरिकको बुझाई विभागले उनीहरुमाथि कारबाही गर्नेछ भन्ने हो। तर, वास्तविकता यस्तो छ कि विभागलाई अनुसन्धान गर्ते कानूनी दायरा सीमित गरिएको छ। ०८१ साल बैशाख १ गतेदेखि नयाँ मुद्दा अनुसन्धान गर्ने अधिकार विभागसँग छैन। अझ भन्नुपर्दा कतिपय मुद्दाहरुमा अनुसन्धान प्रक्रियामा पनि लामो समय लाग्नसक्छ। प्रमाण जुटाउने, भिडियो, दस्तावेज र सम्पत्ति सम्बन्धी आधिकारिक जानकारी संकलन गर्ने कार्य थप जटिल छ। यसका लागि सम्बन्धित अन्य निकायहरू सक्रिय छन्। उनीहरुले समयअनुसार आफ्नो काम गरिरहेका पनि छन्।

**० अकुत सम्पत्ति आर्जित गर्नेहरुलाई बिभागले कसरी हेर्दै आएको छ र यसको सीमा के हो ?**

विभागको कार्य क्षेत्र भनेकै अपराधबाट आर्जित भएको सम्पत्ति हेर्ने हो। त्यसका लागि पनि अपराध प्रमाणित हुनुपर्छ। कुनै व्यक्तिको सम्पत्तिमा उजुरी पर्दैमा सिधै परीक्षण गर्न पाइँदैन। नेपालमा कर्मचारी वा सरकारी पदमा रहेकाहरूको व्यक्तिगत सम्पत्ति छानबिन गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्दै आएको छ। त्यसैले विभागको दायरामा पर्ने मुख्य विषय भनेको अपराधबाट आर्जित सम्पत्ति नै हो। जस्तो, उदाहरणका लागि यदि कुनै व्यक्तिले रु. १ सय चोरी गरेको तर उससँग लाखौंको सम्पत्ति रहेको छ भने विभागले हेर्दैन। केवल रु. १ सयबाट सुरु भएको लगानीबाट आर्जित सम्पत्ति कहाँ लगानी भयो र त्यसबाट कति बढ्यो भन्ने चेनको भने ट्रेसिङ गर्छ नै। त्यसैले विभागको अधिकार क्षेत्र र अनुसन्धानको सीमा स्पष्ट रूपमा मनी लाउन्डिङसँग सम्बन्धित अपराधमा सीमित रहेको छ।

**० त्यसो हो भने विभागले हाल सामना गरिरहेको मुख्य समस्याहरू के-के हुन त ?**

विभागका समस्या केवल आन्तरिक मात्र नभई मुलुककै ठूलो चुनौतीसँग सम्बन्धित रहेका छन्। हाल हामी एफएटीएफको ग्रे लिस्टमा रहेका छौं। जसबाट ह्वाइट लिस्टमा फर्किनु मुलुकका सबै सरोकारवाला निकायहरुको साझा जिम्मेवारी मानिन्छ। यस प्रक्रियामा विभागले सबै कानूनी, प्रशासनिक र अनुसन्धानात्मक कार्य गरिरहेको छ। तरपनि केही ठूला चुनौतीहरू भने रहेका छन् नै। जस्तो विभागको प्रमुख समस्या भनेको संस्थागत क्षमता कमजोर हुनु हो। स्रोत साधन, जनशक्ति र अनुभवका दृष्टिले विभाग अझ सुदृढ हुनुपर्ने अवस्थामा छ। यो चुनौती केवल हाम्रो विभागमा मात्र सीमित छैन। अन्य सम्बन्धित विभागहरूले पनि समाना गरिहेको सुनिन्छ। त्यसकारण विभागले अनुसन्धानमा मुख्य तीन चुनौतीको सामना गरिरहेको मैले महसुस गरेको छु।

**० तपाईंले सामना गरिरहेका के कस्ता त्यस्ता चुनौती हुन् त ?**

पहिलो कर्मचारीहरूको अनुसन्धान क्षमता नै कमजोर र सीमित छ। अनुसन्धान केवल ज्ञानको विषय होइन सीपसँग जोडिएको हुन्छ। जसमा अनुभव र अभ्यास पनि उत्तिकै अत्यावश्यक पर्नेछ। तर, फ्रिक्वेन्ट ट्रान्सफरले कर्मचारीमा आवश्यक अनुसन्धानात्मक सीप अभिवृद्धि हुन कठिन बनाएको अवस्था छ। दोस्रो, अपराधबाट आर्जित सम्पत्ति अनुसन्धानमा नयाँ प्रविधिहरू जस्तै भर्चुअल एसेट्स, साइबर सेक्युरिटी, क्रिप्टोकरेन्सी, डीफेक र एआई–को प्रयोग बढ्दोक्रमा रहेको छ। यी प्रविधिहरूको पहिचान र विश्लेषण गर्न विभागको क्षमता अझ चुनौतीपूर्ण रहेको महसुस भइरहेको छ। तेस्रो, महत्वपूर्ण चुनौती भनेको डेटा फ्र्याग्मेन्टेशन हो। नेपालमा आवश्यक सबै डेटाहरू एकीकृत भइसकेको अवस्था छैन। त्यसैले कुनै व्यक्तिको सम्पूर्ण विवरण हेर्न धेरै समय लाग्ने गरेको छ।

**० त्यसका लागि सरकारी निकायहरुकाबिचमा एक आपसमा समन्वय गर्न सकिदैन र ?**

हुनुपर्ने हो। तर, हुन सकिरहेको छैन। जस्तो उदाहरणका लागि कुनै व्यक्तिको नाममा शेयर, बैंक ब्यालेन्स, कर विवरण, भन्सार डेटा, स्वास्थ्य वा शिक्षा सम्बन्धी जानकारी फरक-फरक स्रोतमा भएको कारण प्रमाण जुटाउन समय लाग्छ र लिकेजको सम्भावना पनि उत्तिकै रहन्छ। डेटा एकीकृत नभएसम्म अनुसन्धानमा ढिलाइ हुन्छ नै। विश्लेषण कठिन हुने र निर्णयमा प्रभाव पर्ने अवस्था रहन्छ। यसरी, विभागले डिजिटल युगमा पनि डेटा प्रणाली एकीकृत गर्ने र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने चुनौतीको सामना गर्दै आएको छ।

**० अन्तर्राष्ट्रिय निकायसँगको सहकार्यमा विभागले के कस्ता चुनौतीहरूको सामना गर्नु परिरहेको छ ?**

अनुसन्धानकाक्रममा कपिय ठूला व्यक्तिहरूको सम्पत्ति प्रायः अन्तर्राष्ट्रिय निकायसँग जोडिएको देखिन्छ। तर, नेपाल र ती निकायबीच म्युचुअल लिगल एग्रिमेन्ट छैन। त्यसकारण हामीले बाहिर मुलुकमा राखिएको अपराधबाट आर्जित सम्पत्ति सीधा प्रमाणसहित फिर्ता ल्याउन सक्दैनौं। कानुनी रूपमा मात्र प्रमाणित प्रमाणको आधारमा फिर्ता ल्याउन सकिन्छ। यदि कानून अभावको कारणले हाम्रो अनुरोध स्वीकृत हुँदैन अनि सहयोग पनि सम्भव हुँदैन। जसले अनुसन्धान प्रक्रिया ढिला हुन्छ। अनि नीतिगत, कानुनी तथा संस्थागत चुनौती उत्पन्न गर्छ नै।

**० विभागले कर्मचारीको क्षमता अभिवृद्धि र तालिमका बिषयमा के कस्ता कदम चालिरहेको छ ?**

कर्मचारीको क्षमता अभिवृद्धि र अनुसन्धान सीप सुधार गर्न म्यानुअल र इन्भेस्टिगेसन गाइडलाइन तयार गरेको छ। जसमा बेसिक सिद्धान्तदेखि अनुभवसम्मका अभ्यासहरू समेटिएका छन्। साथै, मुलुकभरिका सम्बन्धित संस्थाहरूमा मनि लाउन्डिङसँग जोडिएको स्ट्यान्डर्ड ट्रेनिङ कोर्स डिजाइन गरेका छौं। जसमार्फत कर्मचारीहरूले तालिम प्राप्त गरी अनुसन्धान गर्न थप सक्षम भइरहेको अवस्था छ। विभागले साना सुधारहरू-जस्तै म्यानुअल पढेर अभ्यास गर्ने, स्ट्यान्डर्ड फर्मेटमा मुद्दा तयार पार्ने र एफएटीएफमा पठाउनेलगायको क्षमता वृद्धिका कार्य गरिरहेको छ।

**० विभागले अनुसन्धानको गुणस्तर र रिपोर्टिङ सुधारमा सुनिश्चिता कसरी गर्दैछ ?**

अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न विभागले मुद्दा तयार गर्ने प्रक्रिया स्ट्यान्डर्डाइज गरेको छ। मुद्दा तयार भएपछि यसको अंग्रेजी अनुवाद र संक्षिप्तिकरण गरी एफएटीएफमा पठाइन्छ। यसरी रिपोर्टिङको एकरूपता र मान्यता सुनिश्चित गरिन्छ। साना सुधार र सुझावहरू लागू गरेर विभागले अनुसन्धान, दस्तावेजीकरण र अन्तर्राष्ट्रिय प्रस्तुतिकरणको गुणस्तरमा लगातार सुधार गर्दै अगाडि बढिरहेको छ।

# स्थायित्वको खोजीमा भड्किएको राष्ट्र भीडको शासन कि कानूनी राज्य ?



शंकरमान सिंह

**नेपालको राजनीतिक इतिहासलाई हेर्दा अराजकता कुनै नयाँ शब्द होइन । तर पछिल्ला दशकमा देखिएको अराजकता केवल अस्थिरता वा विरोधको सामान्य रूप होइन, यो संस्थागत क्षय, सामाजिक विभाजन र आर्थिक असुरक्षासँग गाँसिएको विनाशकारी प्रवृत्ति हो । हामी सडकदेखि संसदसम्म, नागरिकदेखि नेतासम्म, र इतिहासदेखि वर्तमानसम्मको कथा बुनेर नेपालमा अराजकताले ल्याएको प्रभावलाई बुझ्ने प्रयास गर्नु समयको माग हो ।**

**अराजकताका बीज**

नेपालमा अराजकताका बीज विभिन्न जनआन्दोलनपछि रोपिएका थिए भन्ने अभिमत राख्नेहरू पनि छन् । यो छलफलको विषय हुन सक्छ । बहुदलीय लोकतन्त्रको आगमनले आशा जगायो, तर संस्थागत स्थायित्व निर्माण गर्न असफल भयो। भनिन्छ, कहाँसम्म सत्य हो, २०५२-२०६२ को दशकमा सशस्त्र द्वन्द्वले राज्य संरचनालाई कमजोर बनायो ।

२०६२-६३ को दोस्रो जनआन्दोलनले राजतन्त्रको अन्त्य गऱ्यो, तर संक्रमणकालीन राजनीति लामो समयसम्म जारी रह्यो । संविधान निर्माण प्रक्रियामा बारम्बार अवरोध हुँदा नागरिकमा निराशा बढ्दै गयो । यी घटनाले अराजकताका बीजलाई पानी हालिदिए, जसको फल आजसम्म समाजले भोगिरहेको छ ।

**नागरिक जीवनमा अराजकता**

काठमाडौंको एक बिहान । सडकमा टायर जलिरहेको छ, ट्राफिक अवरुद्ध छ, यात्रुहरू पैदल यात्रा गर्न बाध्य छन् । ट्याक्सी चालकको आवाजः "हामीलाई राजनीति भन्दा पेटको चिन्ता छ । तर, हरेक हप्ता सडक बन्द हुँदा आम्दानी शून्य हुन्छ ।" विद्यार्थीको निराशाः "हामी परिवर्तन चाहन्छौं, तर नेताहरूले हाम्रो आवाजलाई प्रयोग मात्र गर्छन् ।"

सडक आन्दोलन नेपालमा राजनीतिक दबाबको प्रमुख औजार बनेको छ । तर, यसले नागरिक जीवनलाई ठप्प पार्छ, आर्थिक गतिविधि अवरुद्ध हुन्छन्, र जनतामा असुरक्षा बढ्छ ।

**संसदको कथा**

विगतमा संसदमा बारम्बार अवरोध हुने गऱ्यो। दलहरूबीचको अविश्वास, गठबन्धनको अस्थिरता र कानूनी प्रक्रियाप्रति बेवास्ताले संस्थागत संरचनालाई कमजोर बनाएको हो भन्ने प्रश्न उठेको छ। यसलाई मजबुत गर्नु पर्छ। एक पूर्व प्रशासकको भनाइः "संविधान बनेपछि स्थायित्व आउला भन्ने आशा थियो। तर अहिले कानुनी शासनभन्दा बढी 'रुल अफ मब' देखिन्छ ।"

संसदमा नीति निर्माणभन्दा बढी शक्ति संघर्ष हुन्छ । यसले कानूनी शासनलाई कमजोर बनाउँछ र नागरिकमा लोकतन्त्रप्रति विश्वास घटाउँछ ।

**अराजकताका गहिरा घाउ**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक समाज हो । तर, राजनीतिक लाभका लागि जातीय वा क्षेत्रीय असन्तोषलाई प्रयोग गर्दा समाजमा विभाजन गहिरो हुन्छ । उदाहरणका रूपमा संघीयता र पहिचानको बहसले समाजलाई दुई ध्रुवमा विभाजन गऱ्यो कि ? पुनर्मूल्यांकन गर्नु पर्ने देखियो । यसको परिणाम देखियो—नागरिकबीच अविश्वास, सहकार्यभन्दा बढी प्रतिस्पर्धा ।

मुलुकमा हुने सम्भावित अराजकताले केवल राजनीतिक संस्थालाई मात्र होइन, सामाजिक सम्बन्धलाई पनि कमजोर बनाउँछ । यसबारे समयमा नै सचेत हुनु पर्छ ।

**मुलुकमा हुने सम्भावित अराजकताले केवल राजनीतिक संस्थालाई मात्र होइन, सामाजिक सम्बन्धलाई पनि कमजोर बनाउँछ । यसबारे समयमा नै सचेत हुनु पर्छ ।**

**आर्थिक असुरक्षा**

नेपालको अर्थतन्त्रमा अराजकताले गहिरो असर पारेको छ । भ्रष्टाचार र कर प्रणालीमा अव्यवस्था, लगानीकर्तामा अविश्वास, दीर्घकालीन विकास योजनाहरू अवरुद्ध । एक व्यवसायीको भनाइः "हामी लगानी गर्न चाहन्छौं, तर कानूनी स्थायित्व नभएसम्म जोखिम लिन सक्दैनौं ।"

**नागरिक स्तरमा सहकार्य**

यद्यपि अराजकताले समाजलाई थिचिरहेको छ, नागरिक स्तरमा संवाद र सहकार्यका प्रयासहरू पनि देखिन्छन् । युवाहरूले सामाजिक अभियानमार्फत पारदर्शिता र उत्तरदायित्वको माग गरिरहेका छन् । स्थानीय स्तरमा सामुदायिक सहकार्य अझै पनि आशा जगाइरहेको छ ।

समाधानका बाटाहरूमा संस्थागत स्थायित्वः संसद, न्यायालय र संवैधानिक निकायलाई बलियो बनाउनु। कानुनी शासन अन्तर्गत न्यायालय र प्रहरी प्रणालीलाई स्वतन्त्र र उत्तरदायी बनाउनु पर्ने टड्कारो आवश्यकता छ । साथै, नागरिक शिक्षा अन्तर्गत पनि असन्तोषलाई हिंसात्मक अराजकतामा होइन, रचनात्मक बहसमा रूपान्तरण गर्नु पर्छ । आर्थिक पारदर्शिता अर्को पाटो हो । भ्रष्टाचार नियन्त्रण र कर प्रणाली सुधार पनि हुनु पर्ने प्राथमिकतामा परेका विषय हुन् । आज अराजकताका कम्तिमा चार परिभाषाहरू प्रतिस्पर्धा गर्छन्, जसले धेरैजसो मानिसहरूलाई भ्रमित पार्न सक्छ ।

**अराजकता** : "कुनै नियम छैन": धेरै शून्यवादी र स्वतन्त्रतावादीहरू "अराजकता !" भनेर चिच्याएर यो परिभाषा प्रदर्शन गर्न खुसी हुन्छन्, किनकि तिनीहरूले अन्य मानिसहरूका गतिविधिहरूमा बाधा पुऱ्याउँछन् ।

**अराजकता** : "कुनै पदानुक्रम छैन": धेरै अराजकतावादीहरूले शासकहरूलाई मात्र होइन, कुनै पनि नेतृत्वलाई अस्वीकार गर्छन् । तिनीहरू विशेषगरी सम्पत्ति स्वामित्वबाट उत्पन्न हुने नेतृत्वको अवहेलना गर्छन् ।

**अराजकता** : "कुनै शासक छैन": अराजक-पूँजीवादी स्वतन्त्रतावादीहरूले प्रयोग गरेको परिभाषा ग्रीक मूल 'अर्खोस'को नजिक छ, जसको अर्थ शासक हो (जस्तै, मोनार्की र एक शासकर ओलिगार्की र केही शासकहरू, एनार्की र कुनै शासक छैनन्) ।

**अराजकता** : "सहमतिविहीन शासकहरू छैनन्": स्वैच्छिक स्वतन्त्रतावादीहरू चुनिएका शासकहरूमा विश्वास गर्छन्-जबसम्म तपाईं सजिलै छोड्न सक्नुहुन्छ, स्वेच्छाले शासकको अधीनमा बस्न सक्नुहुन्छ ।

सम्भावित अराजकताबाट स्थायित्वतर्फ जान नेपालमा अराजकता केवल राजनीतिक अस्थिरताको कथा होइन ! यो सडकमा संघर्षरत नागरिक, संसदमा अवरुद्ध सांसद र न्यायालयमा दबाब महसुस गर्ने न्यायाधीशहरूको साझा कथा हो ।

विनाशकारी अराजकता रोक्न संस्थागत स्थायित्व, कानूनी शासन र नागरिक संवाद अपरिहार्य छन् । यदि यसलाई समयमै सम्बोधन गरिएन भने यसले लोकतन्त्रलाई मात्र होइन, समाजको नैतिक आधारलाई पनि कमजोर पार्छ ।

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### सुतेरै बढी तलब खाने कर्मचारी, मालिक दंग !



फोर्ड मोटर कम्पनीका संस्थापक हेनरी फोर्डले कारखानामा पसिना बगाएर काम गर्ने मजदुरभन्दा सुतेर बस्ने कर्मचारीलाई बढी तलब दिन्थे ।

हेनरी फोर्ड फोर्ड मोटर कम्पनीका संस्थापक हुन् । उनलाई आधुनिक अटोमोबाइल उद्योगलाई सर्वसाधारणसम्म पुऱ्याउने व्यक्तिका रूपमा मानिन्छ । उनी आफ्ना कर्मचारी र कामदारलाई उत्कृष्ट तलब र सुविधा प्रदान गर्ने विश्वका पहिलो उद्योगपतिमध्ये एक मानिन्छन् । एक दिन फोर्डको कारखानामा एक पत्रकार आएर प्रश्न गर्छन्- "तपाईंको कारखानामा सबैभन्दा धेरै तलब खाने कर्मचारी को हुन् ?"



हेनरी फोर्ड पत्रकारलाई आफूसँगै आउन भन्छन् र कारखानाभित्र लैजान्छन् । त्यहाँ सयौं मजदुर पसिना बगाउँदै मेहनतका साथ काम गरिरहेका थिए । उनले अलि पर एउटा क्याबिनको ढोका खोले । क्याबिनमा एक व्यक्ति टेबलमाथि खुट्टा राखेर आरामसँग सुतिरहेका थिए । उनले हेनरीलाई देखेर "हेलो, हेनरी" भने र फेरि आराम गर्न थाले । हेनरी फोर्डले पत्रकारलाई भने, "यही व्यक्ति हो, जसलाई म सबैभन्दा धेरै तलब दिन्छु ।"

हेनरीको यस्तो उत्तर सुनेर पत्रकार अचम्मित हुँदै सोधे, "सुतेर बस्ने व्यक्तिलाई किन सबैभन्दा धेरै तलब ?" हेनरीले मुस्कुराउँदै भने, "यो व्यक्ति मेरो लागि अत्यन्त महत्त्वपूर्ण छ । मैले यसलाई काम गर्न होइन, सोच्नका लागि राखेको हुँ । यसले आफ्नो दिमाग प्रयोग गरेर गाडीको नयाँ डिजाइन र नयाँ आइडिया दिन्छ । त्यही आइडियाको आधारमा मजदुरहरूले गाडी बनाउँछन्, र म त्यसबाट करोडौं कमाउँछु ।"

*-खिलध्वज थापा*

### भीडले नेतृत्वको निर्णय गर्ने कि विचारले ?



हरेक राजनीतिक दलको पछाडिको भीड,
राजाको स्वागतमा देखिएको भीड,
जेन्जी आन्दोलनको भीड,
राजनीतिक दलका नेताको घरमा आगो लगाउने भीड,
व्यवसायीको व्यवसाय जलाउने भीड,
राज्यको महत्त्वपूर्ण सम्पत्ति जलाउने भीड,
जेल तोडेर कैदी भगाउने भीड,
२०६२/६३ को आन्दोलनमा देखिएको भीड,
व्यवसायीको बसन्तपुरमा सेतो लुगामा देखिएको भीड,
विमानस्थलबाट कामका लागि विदेशिनेहरूको भीड,
पासपोर्ट लिनका लागि लागेको भीड,
खेतबारी बाँझो छाडेर आएको भीड,
श्रम र इलम गर्न छाडेर राजनीतिमा होमिएको भीड ।
यस्तै भीडबाट परिवर्तन खोज्दै हामी,
यस्तै भीडबाट विकासको परिकल्पना गर्दै हामी,
यस्तै भीडबाट समृद्धि खोज्दै हामी,
यस्तै भीडबाट आत्मनिर्भरमुखी अर्थतन्त्र खोज्दै हामी,
यस्तै भीड हेरेर नेतृत्व छान्दै हामी !!
पशुपति नाथले हामी सबैको कल्याण गरुन् !

*-प्रवलजंग पाण्डे*

### सैनिक ब्याण्ड, कूटनीतिक सौहार्दता

भारतको सेना दिवसका अवसरमा दिल्लीमा आयोजित परेडमा नेपाली सेना ब्याण्डले चिफ सामु पुग्दा "रातो र चन्द्र" धुन बजाउँदा दर्शकबाट ताली प्राप्त भएको देखियो ।

ब्याण्ड सेनाको मनोबल, अनुशासन र सांगीतिक गौरवको प्रतीक हो । यसलाई गैर-सैन्य (Non-Military Affairs) क्षेत्रसँग पनि जोडेर हेरिन्छ, किनकि यसले सांस्कृतिक र कूटनीतिक सन्देश प्रवाह गर्छ ।



एकअर्काको देशमा सेना दिवस, राष्ट्रिय दिवस वा अन्य औपचारिक समारोहमा सहभागिता जनाउनु दुई देश तथा तिनका सेनाबीचको सौहार्दताको प्रतीक हो । वर्षौंदेखि बेलायत र भारतसँग यस्ता आदान-प्रदान हुँदै आएका छन्, जसअनुसार उनीहरू यहाँका दिवस तथा समारोहमा सहभागी हुन्छन् र नेपालका प्रतिनिधिहरू पनि त्यहाँ जाने गर्छन् ।

अमेरिका, बेलायतपछि सन् १९४६ देखि नेपालको दोस्रो प्रमुख कूटनीतिक साझेदारको रूपमा रहँदै आएको छ । संयुक्त राष्ट्रसंघमा नेपाललाई स्वतन्त्र राष्ट्रका रूपमा सदस्यता दिलाउन अमेरिका महत्त्वपूर्ण रूपमा उभिएको थियो, विशेषगरी सोभियत संघ (USSR) का आपत्तिहरूका बीच नेपाल स्वतन्त्र देश हो भन्ने समर्थन गर्दै सदस्यता प्रक्रियामा सहयोग गरेको थियो ।

सन् १९६५ देखि अमेरिकाले नेपाली सेनालाई स्टाफ कलेजमा अध्ययनका लागि सिट उपलब्ध गराउँदै आएको छ, जसले नेपाली सेनालाई आधुनिक सेनाको रूपमा अन्तर्राष्ट्रिय स्तरमा स्वीकृति दिलाउन सहयोग पुऱ्यायो । मेजर अर्जुन नरसिंह राणा अमेरिकामा स्टाफ कलेज गर्ने पहिलो नेपाली सैनिक अधिकृत थिए ।

नेपालमा भारत, चीन, अमेरिका लगायत विभिन्न देशसँग संयुक्त सैनिक अभ्यासहरू हुँदै आएका छन्, र ती देशहरूमा पनि नेपाली सेनाको सहभागिता रहने गरेको छ । शान्ति सैनिक तालिम, स्टाफ कलेज, काउन्टर इन्सर्जेन्सी (जसको संस्थापक शैक्षिक प्रमुख म २०३४ सालमा थिएँ), माउन्टेन वारफेयर तथा क्याडेट तालिमजस्ता कार्यक्रमहरूमा अफ्रिकालगायत विभिन्न देशका सैनिकहरू पनि सहभागी हुने गर्छन् ।

सेनाबीचको सम्बन्धले सैनिक, राष्ट्रिय सुरक्षा, ज्ञान-विज्ञान, युद्धकला, प्रविधि, आतंकवादविरुद्धको रणनीति तथा विपद् व्यवस्थापन, राहत र उद्धारसम्बन्धी आधुनिक संरचना, उपकरण र अभ्यासहरूको आदान-प्रदानमा महत्वपूर्ण भूमिका खेल्छ ।

सैनिक सम्बन्ध प्रत्येक देशको कूटनीतिक क्षेत्रमा 'सफ्ट पावर' तथा 'ट्र्याक-टु' कूटनीतिक संयन्त्रको सशक्त माध्यम मानिन्छ । स्मरणीय कुरा के छ भने, नाकाबन्दीका बेला जनता कठिन अवस्थामा रहेका समयमा सम्बन्ध सुधार गर्नुपर्ने दायित्व सरकारको थियो । तर, परिस्थितिलाई राजनीतिक नारामा सीमित गरिँदा समस्या जटिल बनेको थियो । त्यस्तो अवस्थामा पनि सैनिक तहको समन्वयले सम्बन्ध सुधारतर्फ सकारात्मक भूमिका खेलेको उल्लेख गर्न सकिन्छ ।

ब्याण्डको प्रदर्शन शैली बाजाको प्रकृति अनुसार फरक-फरक हुन्छ । सकेसम्म मनोरञ्जनात्मक र प्रभावकारी बनाउन विश्वभर यही शैली अपनाइन्छ । अज्ञानता ज्ञानको प्रकाशले हट्छ ! त्यसैले विषयलाई बुझेर मात्र टिप्पणी गर्नु उपयुक्त हुन्छ ।

*-राजेन्द्र थापा, उपरथी(अप्रा.)*

### नेपाली सेनाका पहिलो इन्जिनियर प्यारा ट्रुपर



१) स्याङ्जामा जन्मेका पिता कर्नेल झपटबहादुर राणा र माता तोरणकुमारी राणाका छोरा इन्जिनियर सहायक रथी जर्नेल यज्ञविक्रम राणा नेपाली सेनाका पहिलो इन्जिनियर प्यारा ट्रुपर थिए । जनरल राणाको जन्म वि.सं. १९८० चैत १५ गते भएको थियो । उहाँ वि.सं. २००७ साउन ५ गते सहायक सेनानी पदमा भर्ती हुनुभएको थियो ।



२) वि.सं. २०२२ सालमा नेपाली सेनाले मेजर यद्बन शमशेर राणाको कमान्डमा १ जना डाक्टर क्याप्टेन खगेन्द्र श्रेष्ठ तथा इन्जिनियर मेजर यज्ञविक्रम राणासहित जम्मा १०० जनाको टोली इजरायल पठाएको थियो । उक्त टोलीले त्यहाँ प्यारा जम्प तालिम गरी फर्केको थियो । त्यसअघि १५ जनाको अर्को नेपाली सैनिक टोली "प्यारा सुटिङ इन्स्ट्रक्टर" (प्रशिक्षक) का रूपमा इजरायल गइसकेको थियो ।


३) यज्ञविक्रम राणा जर्नेल साहेब सेनाको प्रमुख स्थापति (इन्जिनियर) भई वि.सं. २०४६ साउन ९ गते सेवानिवृत्त हुनुभएको थियो। उहाँले ५ विषयमा एम.ए. तथा ३ विषयमा बी.ए. गर्नुभएको थियो । राणाको विवाह सैनध्वज खड्का र नन्दकुमारी खड्काकी छोरीमध्ये जेठी छोरी केशरकुमारीसँग वि.सं. २००७ फागुन ४ गते भएको थियो । यी दम्पतीबाट पाँच छोरी-गीता, रीता, नीता, अनीता र वनीता-तथा एक छोरा अरुण राणा जन्मिएका थिए ।

४) साहित्य र अध्ययनमा विशेष रुचि राख्ने जर्नेल राणाले थुप्रै सामाजिक सेवाका कार्य गर्नुभएको थियो। उहाँ वि.सं. २०६८ साउन ५ गते स्वर्गारोहण गर्नुभएको थियो ।

*- प्रेम सिंह बस्न्यात*

## रंग विरंग

### मुसाको भिडियो भाइरलपछि सडक खानामाथि प्रश्न




*मुम्बई । भारतको आर्थिक राजधानी मुम्बईमा एक सडकखाना स्टलसँग सम्बन्धित भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि देशव्यापी रूपमा खाद्य स्वच्छता र जनस्वास्थ्यको विषयमा तीव्र बहस सुरु भएको छ । भिडियोमा लोकप्रिय पानीपुरी स्टलको मसला राखिएको भाँडाभित्र एउटा मुसा पौडी खेलिरहेको देखिन्छ। केही सेकेन्डको उक्त दृश्यले लाखौं दर्शकलाई स्तब्ध बनाएको छ ।*

*भिडियो सार्वजनिक भएलगत्तै स्थानीय प्रशासनमाथि निगरानी र अनुगमन कमजोर भएको आरोप लागेको छ। उपभोक्ताहरूले सडकखाना व्यवसायमा न्यूनतम स्वच्छता मापदण्डको पालना सुनिश्चित गर्न कडा कदम चाल्न माग गरेका छन् । सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले "स्वादभन्दा स्वास्थ्य महत्वपूर्ण" भन्दै व्यापक जनचेतना अभियान चलाउनुपर्ने बताएका छन् ।*

*खाद्य सुरक्षासम्बन्धी विज्ञहरूका अनुसार अनियन्त्रित सडकखाना व्यवसायमा नियमित निरीक्षण नहुँदा यस्ता घटना दोहोरिन सक्छन् । दूषित खाद्य पदार्थका कारण फूड प्वाइजनिङ, संक्रमण र महामारीको जोखिम बढ्न सक्ने चेतावनी पनि दिइएको छ । उनीहरूले स्थानीय निकायलाई दर्ता प्रणाली कडाइ गर्ने, स्वच्छता तालिम अनिवार्य गर्ने तथा उल्लंघनमा कडा जरिवाना लगाउने सुझाव दिएका छन् ।*

*यस घटनाले केवल एक फास्टफुड स्टलको मात्रै प्रश्न उठाएको छैन, बरु शहरी भारतमा तीव्र गतिमा फैलिएको असंगठित खाद्य व्यवसायको संरचनामै प्रश्न खडा गरेको छ । उपभोक्ताहरूले अब सडकखाना छनोट गर्दा बढी सचेत हुनुपर्ने अवस्था सिर्जना भएको छ ।*

### यो कला हो कि पशुपतिमाथि क्रूरता ?



*गुवाहाटी । असमको गुवाहाटीमा आयोजित एक सांस्कृतिक कार्यक्रमका क्रममा गरिएको कथित पशुहत्या घटनाले व्यापक विवाद निम्त्याएको छ । प्रत्यक्षदर्शीका अनुसार कार्यक्रममा मंचमै एक बोकाको वध तथा एक परेवाको गर्दन काटिएको दृश्य प्रस्तुत गरिएको थियो । उक्त दृश्य सार्वजनिक भएसँगै पशु अधिकारकर्मीहरू आक्रोशित भएका छन् ।*

*घटनापछि सम्बन्धित कलाकार र आयोजकमाथि उजुरी दर्ता गरिएको छ । प्रशासनले घटनाको अनुसन्धान सुरु गरेको जनाएको छ । पशु संरक्षणसम्बन्धी कानुन उल्लंघन भएको आशंकामा कानूनी कारबाही प्रक्रिया अघि बढाइएको बताइएको छ ।*

*पशु अधिकार अभियन्ताहरूले मनोरञ्जन वा कलाको नाममा जीवित प्राणीमाथि हिंसा स्वीकार्य नहुने बताएका छन् । उनीहरूले यस प्रकारका गतिविधिमाथि कडा नियन्त्रण र दण्डको माग गरेका छन् । सामाजिक सञ्जालमा पनि यस विषयमा तीव्र प्रतिक्रिया देखिएको छ, जहाँ धेरैले सांस्कृतिक स्वतन्त्रताको सीमारेखा पुनःपरिभाषित गर्नुपर्ने बताएका छन् ।*

*यद्यपि आयोजक पक्षले उक्त प्रस्तुति परम्परागत धार्मिक सन्दर्भमा आधारित रहेको दाबी गरेका छन् उनीहरूले कुनै दुर्भावनापूर्ण उद्देश्य नरहेको स्पष्टीकरण दिएका छन् । तर, कानूनी विज्ञहरूका अनुसार परम्परा वा कलात्मक अभिव्यक्तिले पनि विद्यमान कानून उल्लंघन गर्न पाउने छुट नदिने बताएका छन् । यस घटनाले कला, संस्कृति, धर्म र कानूनी जिम्मेवारीबीचको जटिल सम्बन्धलाई फेरि राष्ट्रिय बहसको विषय बनाएको छ ।*

### भेष बदलेर सालीको ज्यान लिने दुष्प्रयास



*नयाँ दिल्ली । राजधानी दिल्लीको रोहिणी क्षेत्रमा पारिवारिक विवादले डरलाग्दो रूप लिँदा २७ वर्षीया एक फिजियोथेरेपिस्टमाथि उनका आफ्नै भिनाजुले महिलाको भेषमा आएर घाँटी रेट्ने प्रयास गरेको घटना सार्वजनिक भएको हो । प्रहरीले घटनालाई गम्भीर मान्दै हत्या प्रयासको मुद्दा दर्ता गरेर अनुसन्धान अघि बढाएको जनाएको छ ।*

*प्रहरीका अनुसार आरोपी भिनाजुले साडी लगाएर र अनुहार ढाकेर महिलाजस्तै देखिने भेष बनाएर सालीको ज्यान लिने दुष्प्रयास गरेका थिए । यसरी पहिचान लुकाएर उनी आफ्नी साली नजिक पुगेका थिए । प्रारम्भिक अनुसन्धानले देखाएअनुसार भिनाजु र सालीबीच लामो समयदेखि पारिवारिक मनमुटाव चलिरहेको थियो । पारिवारिक सम्बन्ध, व्यक्तिगत असमझदारी र घरेलु विवादका कारण तनाव बढ्दै गएको बताइएको छ ।*

*घटना दिउँसोको समयमा भएको जनाइएको छ । साली आफ्नै आवास नजिकै थिइन्, त्यही बेला भिनाजुले बोलाएर नजिक ल्याए र अचानक धारिलो हतियार प्रयोग गरी घाँटीमा प्रहार गरेका थिए । आक्रमणपछि उनी गम्भीर घाइते अवस्थामा लडेकी थिइन् । आसपासका मानिसहरूले तत्काल प्रहरीलाई खबर गरेका थिए । प्रहरी टोली घटनास्थलमा पुगेर घाइतेलाई अस्पताल पुऱ्याएको थियो ।*

*अस्पताल स्रोतका अनुसार, समयमै उपचार पाएकाले युवतीको ज्यान जोगिएको छ । उनको घाँटीमा गहिरो चोट लागेको भए पनि अवस्था हाल स्थिर रहेको बताइएको छ । चिकित्सकहरूले केही दिन निगरानीमा राख्ने बताएका छन् ।*

*प्रहरीले भिनाजुलाई घटनापछि नै पक्राउ गरेको जनाएको छ । प्रारम्भिक बयानमा उनले पारिवारिक विवाद र व्यक्तिगत रिसिइबीका कारण आक्रमण गरेको संकेत दिएका छन् । समाजशास्त्रीहरूका अनुसार घरेलु विवाद समयमै समाधान नगर्दा हिंसात्मक परिणाम निम्तिन सक्छ । प्रहरीले नागरिकलाई पारिवारिक समस्यामा कानुनी तथा परामर्श सेवाको सहारा लिन आग्रह गरेको छ ।*

*घटनाबारे थप अनुसन्धान जारी रहेको छ भने आरोपी भिनाजुमाथि कडा कानूनी कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।*

## वाणिज्य विभागको नेतृत्व फितलो भएर कि...?

# निर्वाचनको मुखमा मूल्यवृद्धि र ग्यास अभाव !

● साँघु संवाददाता

**काठमाडौं । २०८२ माघ महिना सुरु हुनासाथ अप्रत्याशित रुपमा दैनिक उपभोग्य बस्तु खाना पकाउने ग्यासको कृतिम अभाव सिर्जना गरियो । लगत्तै बजारमा खाने तेलको मूल्य प्रति लिटर रु. ५०। सम्म वृद्धि भएको छ । फागुन पहिलो तेस्रो हप्तासम्म आइ पुग्दासम्म पनि मूल्य घट्ने संकेत दिएको छैन । अन्तर्राष्ट्रिय बजारमा कच्चापदार्थको मूल्य बढेको बहानामा उद्योगी र बिचौलियाले छोटो समयमै खानेतेलको मूल्य प्रतिलिटर रु. ३०। देखि ५०। रुपैयाँसम्म बढाए ।**



जसको प्रत्यक्ष मार आम उपभोक्ताले खेप्दै आइरहेका छन् । यतिखेर मुलुक प्रतिनिधिसभा चुनावी माहोलमा होमिएको छ । विगतमा सरकारको नेतृत्व गरेका राजनीतिक दलका नेता तथा आम कार्यकर्ताहरु विभिन्न जिल्लाका गाउँ-गाउँमा पुगेर सुशासन र समृद्धिका झुठा आश्वासन मतदाताहरुलाई बाँडिरहेका छन् । तर, मतदाताको भान्सा भने दैनिक उपभोग्य वस्तुमा महंगी बढ्दा पीडित बनेका छन् । जनता दुई छाकको जोहो कसरी व्यवस्थापन गर्ने भन्नेमा पिरोलिएका छन् । जनताका समस्यामा को बोल्ने ? राजनीतिक दलका नेताहरुमा चुनावको रौनक चढ्दो छ ।

तर, निमुखा मतदाताहरु भने दैनिक उपभोग्य वस्तुको जोहो कसरी गर्ने भन्ने पिरलोमा पर्दै आएका छन् । पछिल्लो समयम बजारमा खाना पकाउने ग्यासको सहज आपूर्ति र खानेतेलमा भएको भारी मूल्यमा वृद्धिले सर्वसाधारण उपभोक्ताहरुमा आक्रोश र निराशा दुवै पैदा गरेको बताइन्छ ।

**व्यवसायीहरु आन्दोलित**

विगत डेढ महिनादेखि नेपाल र भारत दुवै मुलुकका ग्यास बुलेट व्यवसायीहरूले एलपी ग्याँसको ढुवानी भाडा दर बढाउन माग गर्दै दबाब दिँदै आएका छन् । उनीहरुले दैनिक ५०/६० वटा बुलेटबाट मात्र ग्याँस ओसार्दै आएका छन् । जसकाकारण बजारमा खाना पकाउने ग्यास केही समयबाट चरम अभाव हुन थालेको आम उपभोक्ताले गुनासो गर्नु परेको थियो ।

कम आयात हुन थालेपछि ग्यास कम्पनी र डिलर व्यापारीहरूले तोकिएको मूल्य भन्दा महंगो मूल्य लिएर कालो बजार ासमेत गरेका थिए । जसले गर्दा सर्वसाधारण उपभोक्ताहरूले परल मूल्यमा तिरेरसमेत सहज रुपमा ग्यास हात पार्न सकेका थिएनन् । भलै, यतिखेर भने केही सहज हुन थालेको छ । कतिपय व्यवसायीहरुले कालो बजारी गर्दै प्रति सिलिण्डर १९ सय १० मूल्यको ग्यासलाई २५ सयसम्ममा बिक्री गरेको गुनासाहरुसमेत सुनिएका थिए । अझ कतिपय ग्यास कम्पनीहरूले सिलिन्डरको लेदो नफाली ग्याँस भर्दै ग्यास सप्लाई आएकाले प्रति सिलिन्डर ३ केजीसम्म एलपी ग्यासमा उपभोक्ताहरु ठगिने गरेका गुनासाहरु सुनिएका छन् ।

त्यतिहुँदासमेत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमातहतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल आयल निगमको नेतृत्व रमिते भएर बसिरहेको गुनासो आम उपभोक्ताहरुले गर्दै आएका छन् । यी निकायका नेतृत्वले चासो देखाएपनि ग्यासको सहज आपूर्ति र तेलको मूल्य घटाउनलाई प्रभावकारी रुपमा कुनै कदम चालेको पाइँदैन । जाडो समयमा १० देखि १५ प्रतिशत ग्यासको माग बजारमा बढी उच्च हुने गरेको बताइन्छ ।

जाडो समयमा खाना पकाउन अतिरिक्त पानी तताउन र कोठा न्यानो बनाउन पनि ग्यासको बढी प्रयोग हुने गरेको छ । छिमेकी मुलुक भारतमा नेपालको तुलानामा ग्यास ढुवानी भाडा सस्तो देखिन्छ । भूगोलका कारण र अझ सडक पनि सिधा भएकोले भारतको तुलानामा नेपालमा ढुवानी भाडा खर्चिलो छ । पहाडी घुमाउरो बाटो, बीमालगायतमा पनि अनेकौं कागजी झन्झटका कारण भारतीय बुलेट नेपालमा आउन कम प्राथमिकता दिने गरेका छन् ।

अर्कोतिर भारतीय आयल कर्पोरेसनको ग्यास भर्ने बरौनी रिफाइनरी स्टेसन विगत दुई-तीन महिनादेखि मर्मत र सफाई कार्य भइरहेकोले नियमित ग्यास लोड गर्न पनि समस्या परेको कारण आपूर्तिमा असर गरेको बताइन्छ । जसले गर्दा केही समय बजारमा ग्यासको अभाव हुन गएको साल्ट ट्रेडिङ स्रोतले बताएको छ । नेपालमा मासिक लगभग ४५ हजार मेट्रिकटन एलपी ग्यास खरिद हुने गरेको छ । जाडो समय र ग्यास अभाव हुँदा नेपाल आयल निगमले थप १० प्रतिशत ग्यास आयातको अडर दिने गरेको निगम स्रोतले बताएको छ ।

**बजार अनुगमन किन फितलो ?**

हाल बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको नेतृत्व महानिर्देशक रोशन ज्ञवालीले गर्दै आएका छन् । बजारमा एलपी ग्यास र खाने तेल, दाल, चामल लगायत खाद्यबस्तुको मूल्य चरम रुपमा बृद्धि हुँदासमेत अनुगमनको जिम्मेवारी बोकेको विभागका प्रमुख सहसचिव ज्ञवालीको नेतृत्व क्षमताप्रति सर्वत्र आलोचना हुँदै आएको छ । मन्त्री अनिल कुमार सिन्हा र सचिव डा. रामप्रसाद घिमिरेले पनि विभागको नेतृत्वलाई प्रभावकारी रुपमा परिचानल गर्न नसकेको आरोप खेप्दै आएका छन् ।

विभागले आम उपभोक्ताको आँखामा छारो हाल्नका लागि मात्र देखावटी बजार अनुगमन गर्न गरेर कालोबजारी गर्नेहरुलाई कारवाही गर्न नसकेको बताइन्छ । बजारमा अचानक देखा परेको मूल्य बृद्धि र अभाव हुँदा पनि मन्त्रालयले विभागको कमजोर बजार अनुगमनका बारेमा कुनै प्रश्न नै उठाउन सकेको पाइँदैन । विभागको नेतृत्व यतिखेर अति कमजोर भएको गुनासो विभागका कतिपय कर्मचारीहरुले गरेका छन् ।

रोचक विषय त उपभोक्ता अदालत गठन भएको १ वर्ष बितिसक्न लाग्दासमेत विभागले एउटा पनि मुद्दा दर्ता गर्न नसकेको स्रोत बताउछ । जसले विभागको कर्मचारी संयन्त्र बजार अनुगमन गर्नेभन्दा पनि काला बजारियासँग व्यक्तिगत लाभ लिन व्यस्त रहेको दावी स्रोतले गरेको छ । विभागले गरेको अनुगमनमा कैफियत गर्ने र गम्भीर त्रुटि भेटिदा समेत १ हजार रुपैयाँ जरिवाना तोकेर झारा टार्ने काम कर्मचारीहरुले गर्दै आएका छन् । सहसचिव ज्ञवाली भन्दा अगाडि विभागको नेतृत्व गरेका सहसचिव कुमारप्रसाद दाहालले प्रभावकारी अनुगमनले विभागको चर्चा र भूमिका निकै बढेको थियो ।

उनको कार्यकालमा कम तौलका गुट्खा बजारमा बिक्री गर्दै आएको भन्दै कमलकिशोर मालपानीको श्रीराम टोबाको कम्पनीको डिलरमा छापा हानेर कारवाही गरेका थिए । त्यसपछि दाहालले आरजु राणाको युलेन्सलगायत ठूला स्कुलदेखि चौतर्फी भएको उपभोक्ता ठगीमा कडा एक्सन लिएका थिए । तर, आरजु राणाहरुले डीजी दाहाललाई हटाएर सहसचिव ज्ञवालीलाई विभागको नेतृत्वको जिम्मेवारी दिएपछि बजार अनुगमन प्रभावकारी हुन नसकिरहेको उपभोक्ताहरुको गुनासो रहेको छ । जसको फाइदा केही बजारमा माफिया, काला व्यापारीहरुले उठाउँदै आएका छन् । जसले गर्दा बजार अनियन्त्रित भएको पुष्टि बिना कारण खाने तेल, चामल, दाल र गेडागुडीको मूल्य बृद्धि र ग्यासको सहज आपूर्ति हुन नसक्नुले देखाइरहेको छ ।

महानिर्देशक ज्ञवाली विभागमा आउनु अघि स्थानीय तहको प्रमुख प्रशासकीय हुँदा ठेक्का र डीपीआरमा रमाउने कर्मचारी भनेर चर्चित थिए । त्यसैले पनि उनले ब्यापारीसँग लाभ लिनको लागि बजार अनुगमन प्रभावकारी रुपमा नगरेको आरोप उपभोक्ता अधिकारकर्मीहरुले लगाएका छन् । जसका कारण बजारमा उपभोग्य सामानको मूल्यबृद्धि अचाक्ली बढ्न गएको उनीहरुको तर्क छ । विभागले निकासी पैठारी तथा अन्तर प्रदेशलगायतका आन्तरिक व्यापार व्यवसायको नियमन तथा व्यवस्थापनको कार्य गर्दै आएको छ ।

साथै, सहजीकरण र प्रबर्द्धन गरी व्यापार घाटा कम गर्दै राष्ट्रिय अर्थतन्त्रमा बाणिज्य क्षेत्रको योगदान बढाउने दायित्व विभागको रहेको छ । अझ बजारमा व्यवसायिक क्रियाकलाप स्वच्छ पारदर्शी एवं प्रतिस्पर्धी बनाउँदै गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको पहुँच पुऱ्याइ उपभोक्ताको अधिकार संरक्षण गर्ने बृहत् उद्देश्य बोकेको दावी गरिन्छ ।

**गुणस्तरीय वस्तु तथा सेवा उपभोक्ताको अधिकार**

विभागले वाणिज्य व्यवसायको नियमन तथा सहजीकरणमार्फत राष्ट्रिय अर्थतन्त्रमा यो क्षेत्रको योगदान बढाउने अधिकार पाएको छ । यसका साथै गुणस्तरीय वस्तु तथा सेवा पाउने उपभोक्ताको अधिकार संरक्षण गर्ने दुरदृष्टिसहित विभाग गठन गरिएको थियो ।

तर, विभागले वस्तुको सहज आपूर्ति, सुपथ मूल्य, वास्तविक तौल र गुणस्तर कायम गराउन नसकेको आरोप खेप्दै आएको छ । बजारमा वस्तुको अभाव, कम तौल, कम गुणस्तर, उपभोग गर्ने मिति सकिएका, मिसावट भएका वस्तु प्रशस्त भेटिने गरेका छन् । जसले गर्दा कालोबजारी निरन्तर रुपमा बढेको उपभोक्ताहरु बताउँछन् । विभागमा पर्याप्त जनशक्ति, स्रोत-साधन, सवारी साधन र इन्धन नभएको बहानामा दैनिक बीस-पच्चीस वटा सामान्य पसलको अनुगमन गरेर झारा टार्ने गरेको छ ।

वस्तु तथा सेवाको अभाव पार्ने र कालोबजारी गर्ने, लागत मूल्यको २० प्रतिशत भन्दा बढी मूल्य लिने, तौल कम गर्ने, वस्तुमा मिसावट गर्ने, उपभोग गर्ने म्याद सकिएपछि पनि वस्तु बेच्ने रोकिएको छैन । यस्तै, रि-लेवलिङ गर्ने, उपभोग गर्ने म्याद बढाउने ठुला व्यापारी, तस्कर र आयातकर्ताहरूलाई अनुगमन नगरी विभागको नेतृत्वले खुद्रा व्यापारीको अनुगमन गर्दै आएको गुनासाहरु बढेका छन् ।

विभागले आक्कलझुक्कल उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ बमोजिमको कसुर गरेको भन्दै दफा ३९ अनुसार ५ हजार रूपैयाँदेखि ५ लाख रूपैयाँसम्म जरिवाना कारवाही गर्ने, सचेत गराउने, विभागमा बोलाउने र मुद्दा चलाउने चेतावनी दिदै आएको छ । यस्तो कार्यशैलीले बजारमा स्वच्छता कायम, वस्तुको अभाव, वस्तुको सहज प्राप्ति र कालोबजारी घट्न नसक्ने अधिकारकर्मीहरुको दावी छ । त्यसैले विभागको नेतृत्ले बजार अनुगमनलाई नियमित गरी अनुगमनकाक्रममा शक्तिशालीहरु समेत दोषी देखिएमा वा पाइएमा कडा भन्दा कडा सजाय गर्नुपर्ने माग उपभोक्ताहरुको रहेको छ ।

त्यसपछि मात्र बजार व्यवस्थित, मर्यादित र अनुशासित हुने तर्क उनीहरुले गरेका छन् । ज्ञवालीले विभागको नेतृत्व गरेसँगै साना खुद्रे व्यापारीहरूलाई दुःख दिने र ठुला व्यवसायीहरूलाई केही नगर्ने प्रवृत्ति मौलाएको जानकारहरु बताउँछन् । यी आरोपका विषयमा प्रतिक्रिया लिन पटक-पटक महानिर्देशक ज्ञवालीको मोवाइल नम्वर ९८५१२१४४९५ मा फोन गर्दासमेत सम्पर्कमा आएनन् ।

## बी.पी. राजमार्गमा कालो धन्दा 'सेटिङ'को सन्देहः

# खुर्कोटमा ३६ लाखका अवैध कपडा बरामद

साँघु संवाददाता



सिन्धुली । निर्वाचन नजिकिँदै जाँदा तराई-पहाड जोड्ने मुख्य मार्गहरूमा अवैध कारोबार सक्रिय हुने पुरानै प्रवृत्ति यसपटक पनि दोहोरिएको संकेत देखिएको छ । बी.पी. राजमार्गअन्तर्गत गोलन्जोर गाउँपालिका-७, खुर्कोटस्थित प्रहरी चेकपोइन्टमा ३६ लाख रुपैयाँभन्दा बढी मूल्यका कपडा बरामद भएपछि लामो समयदेखि चल्दै आएको भनिएको 'सेटिङ'को जालो सतहमा आएको छ ।

२०८२ फागुन ३ गते आइतबार दिउँसो नियमित सवारी जाँचका क्रममा काठमाडौंबाट सोलुतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०३० च ७२२० नम्बरको डबल क्याप बोलेरोबाट ठूलो परिमाणमा कपडा फेला परेको हो । गाडी उदयपुर कटारी नगरपालिका-९ का २५ वर्षीय प्रेमबहादुर सार्कीले चलाइरहेका थिए । प्रहरीका अनुसार बोरा भित्र लुकाइ-छिपाइ राखिएको अवस्थामा ८१ पिस कोलम्बिया ज्याकेट, ८७ पिस फेसन स्पोर्ट ज्याकेट, ४८९ पिस कोलम्बिया ट्याक, १८ पिस महिला ट्राउजर र २६२ पिस फेसन स्पोर्ट ट्राउजर बरामद गरिएको छ ।

बरामद सामग्री र सवारी साधनको संयुक्त मूल्य ३६ लाख १३ हजार ७ सय रुपैयाँ आँकलन गरिएको छ, जसमा बोलेरो गाडीको मूल्य मात्रै करिब २६ लाख रुपैयाँ रहेको प्रहरीले जनाएको छ । बिलबिजक नभएको अवस्थामा यति ठूलो परिमाणमा सामान फेला परेपछि चालकसहित सवारी साधन नियन्त्रणमा लिइएको थियो । फागुन ४ गते सोमबार थप कानूनी प्रक्रिया अघि बढाउन सम्पूर्ण सामान, गाडी र चालकलाई राजस्व अनुसन्धान कार्यालय पथलैया पठाइएको प्रहरीले जानकारी दिएको हो ।

तर, घटनाको गम्भीर पक्ष केवल बरामदमा सीमित छैन । प्रारम्भिक जानकारीअनुसार उक्त कपडा महोत्तरी नाकाबाट भन्सार छली गरी भित्र्याइएको आशंका छ । तराई क्षेत्रबाट बी.पी. राजमार्ग हुँदै सिन्धुली प्रवेश गरेको सवारी साधनले भिमानस्थित इलाका प्रहरी कार्यालयको चेकपोइन्ट पार गरेर आएको तथ्य बाहिरिएपछि प्रश्न थप गहिरिएको छ ।

सामान्यतया कडाइका साथ जाँच गरिनुपर्ने नेपाल प्रहरीको भिमान चेकपोइन्टमा गाडी बिना अवरोध अघि बढेको आरोप स्थानीय स्रोतले लगाएको छ । सुरक्षा निकायभित्रकै केही जानकारहरूका अनुसार लामो समयदेखि 'सेटिङ'का आधारमा अवैध सामान छाड्ने अभ्यास भइरहेको दाबी गरिएको छ । भिमानस्थित प्रहरी कार्यालयमा लामो समयदेखि कार्यरत हवल्दार राजु गुरुङ घुमुवाको रूपमा परिचालित रहेको बताइन्छ । उनी झण्डै आठ वर्षदेखि सोही क्षेत्रमा कार्यरत रहेको र हालका प्रहरी निरीक्षक राजु कार्कीले समेत उनलाई त्यही जिम्मेवारीमा राखेको स्रोतको दाबी छ । सुरक्षा प्रणालीअनुसार घुमुवा कर्मचारीहरूको समयमै स्थानान्तरण गरिनुपर्ने भए पनि लामो समय एउटै स्थानमा बस्दा स्थानीय तस्कर समूहसँग सम्बन्ध विकसित हुने जोखिम रहने जानकारहरूको मत छ ।

स्रोतहरूका अनुसार तराईबाट बी.पी. राजमार्ग हुँदै कपडा, इलेक्ट्रोनिक्स र अन्य उपभोग्य सामग्री भित्र्याउने सञ्जाल सक्रिय छ । भन्सार छली सफल भएपछि पहाडी बजारलाई लक्षित गरी सामान पठाइने गरेको बताइन्छ । यसपटक बरामद भएको ब्रान्डेड नामका ज्याकेट र ट्राउजरको संख्या हेर्दा संगठित तस्करी सञ्जालको संलग्नता हुनसक्ने आशंका बलियो भएको छ । यद्यपि, भिमान चेकपोइन्टबारे उठेका आरोपमा प्रहरीले औपचारिक प्रतिक्रिया दिएको छैन । इलाका प्रहरी कार्यालय खुर्कोटले भने नियमित जाँच कडाइ गरिएकै कारण सामान बरामद भएको दाबी गरेको छ । "निगरानी अझ कडा बनाइनेछ, कुनै पनि अवैध गतिविधि छुट दिइने छैन," एक प्रहरी अधिकारीले बताए ।

सुरक्षा विश्लेषकहरू भन्छन्-एउटै मार्गमा रहेको एक चेकपोइन्टबाट सामान छुटेर अर्कोमा समातिनु समन्वय र निगरानी प्रणालीमाथिको प्रश्न हो । यदि कुनै एक बिन्दुमा मिलेमतो भयो भने सम्पूर्ण सुरक्षा चक्र कमजोर बन्ने खतरा रहन्छ । घटनापछि स्थानीय तहमा आन्तरिक छानबिनको माग उठेको छ । यदि आरोप पुष्टि भए सम्बन्धित प्रहरी कर्मचारीमाथि विभागीय कारबाही हुन सक्ने कानुनी व्यवस्था छ। तर, विगतका अनुभवले यस्ता घटनामा औपचारिक छानबिनमै सीमित रहने प्रवृत्तिले वास्तविक जरो उखेल्न नसकेको गुनासो नागरिक समाजको छ । खुर्कोटमा गरिएको अवैध सामान बरामदले दुई सन्देश दिएको छ-एकातिर प्रहरीको सक्रियता, अर्कोतर्फ सम्भावित मिलेमतोको सन्देह । महोत्तरी नाकाबाट सुरु भएको भनिएको सञ्जाल, भिमानसम्मका नेपाल प्रहरी चेकपोइन्टहरुको भूमिकामाथि उठेको प्रश्न र लामो समय एउटै क्षेत्रमा कार्यरत कर्मचारीको विषय अब गम्भीर अनुसन्धानको विषय बन्नुपर्छ ।

# निर्वाचनको मौकामा सीमामा कडाइ : जमुनाहबाट १० लाखका अवैध सामान बरामद



नेपालगञ्ज, बाँके । निर्वाचनको चहलपहलले सुरक्षा संयन्त्र शान्ति-सुरक्षामा केन्द्रित भइरहेका बेला बाँके जिल्लाको सीमाक्षेत्रमा तस्करीका गतिविधि सक्रिय भएको छ । तर, यसपटक बाँकेको नेपाल-भारत सीमामा सशस्त्र प्रहरीले कडाइ देखाउँदै केही परिमाणमा अवैध सामान नियन्त्रणमा लिएपछि तस्कर सञ्जालमा तरंग पैदा भएको समाचार छ ।

सशस्त्र प्रहरी बल नेपाल नं.३० गण मुख्यालय बागेश्वरी, बाँकेका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भिम बहादुर चन्दको नेतृत्वमा सीमाक्षेत्रमा निगरानी तीव्र बनाइएपछि जमुनाह नाकाबाट अवैध रूपमा भित्र्याइँदै गरेको करिब १० लाख रुपैयाँ बराबरको मोटर पार्टस तथा लत्ताकपडा २०८२ फागुन ७ गते बिहीबार बिहान बरामद गरिएको हो ।

स्रोतका अनुसार, २०८२ फागुन ७ गते बिहान करिब १:४५ बजे सीमा सुरक्षा गुल्म जमुनाहबाट खटिएको विशेष टोलीले नेपालगञ्ज उपमहानगरपालिका-१६, जयसपुर क्षेत्रको सीमावर्ती भागमा शंका लागेर जाँच गर्दा सामान नियन्त्रणमा लिएको हो । रातको अँध्यारो र सुनसान समयको मौका छोपेर भारततर्फबाट भन्सार छली गरी नेपालतर्फ ल्याइँदै गरेको सामान गस्ती टोलीले घेरा हालेर बरामद गरेको बताइएको छ ।

बरामद सामग्रीमा विभिन्न सवारी साधनमा प्रयोग हुने मोटर पार्टस तथा ब्रान्डेड कपडाहरू रहेका छन् । ती सामान कुनै वैध बिलबिजक वा भन्सार कागजातबिना ल्याइएको पुष्टि भएपछि नियन्त्रणमा लिइएको हो । प्रारम्भिक मूल्याङ्कनअनुसार सामानको मूल्य करिब १० लाख रुपैयाँ बराबर रहेको बताइएको छ ।

सशस्त्र प्रहरी स्रोतका अनुसार, एसपी चन्दको सरुवापछि सीमाक्षेत्रमा 'जिरो टोलरेन्स' नीति लागू गरिएको छ । नियमित गस्ती, आकस्मिक चेकजाँच र गोप्य सूचनाको आधारमा अपरेसनहरू बढाइएको दाबी गरिएको छ । एक अधिकृतले भने, "सीमाबाट हुने चोरी-तस्करी नियन्त्रणमा कुनै सम्झौता हुँदैन । अवैध सामान भित्रिन नदिने स्पष्ट निर्देशन छ ।"

जमुनाह नाका व्यापार तथा आवतजावतका हिसाबले संवेदनशील मानिन्छ । खुला सीमाको फाइदा उठाउँदै विगतमा कपडा, इलेक्ट्रोनिक्स, मोटर पार्टस र उपभोग्य वस्तुहरू सानो-ठूलो परिमाणमा अवैध रूपमा भित्रिने गरेको गुनासो बारम्बार उठ्दै आएको थियो। विशेषगरी रातको समयमा हुने गतिविधि नियन्त्रण चुनौतीपूर्ण रहँदै आएको छ । स्थानीय बासिन्दाका अनुसार पछिल्लो समय सीमा क्षेत्रमा गस्ती बाक्लो देखिन थालेको छ । "पहिले जस्तो खुला रूपमा सामान ओसारपसार भएको देखिँदैन," एक स्थानीयले बताए, "राति पनि सुरक्षा बलको उपस्थिति बढेको छ ।"

बरामद गरिएको सामान आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाउने तयारी गरिएको छ। तस्करीमा संलग्न व्यक्तिहरू फरार रहेको र पहिचानका लागि अनुसन्धान जारी रहेको सशस्त्र प्रहरीको भनाइ छ। दोषी भेटिए कानुनअनुसार कारबाही गरिने बताइएको छ । सीमाबाट हुने अवैध आयातले राज्यलाई ठूलो राजस्व नोक्सानी पुऱ्याउँदै आएको छ । भन्सार छली गरी ल्याइने सामान सस्तो मूल्यमा बजारमा पुग्दा वैध रूपमा कर तिरेर आयात गर्ने व्यापारीहरू प्रतिस्पर्धामा पछि पर्ने अवस्था सिर्जना हुन्छ । त्यसैले सीमा नाकामा कडाइलाई राजस्व संरक्षणको दृष्टिले महत्वपूर्ण मानिएको छ । सुरक्षा विश्लेषकहरू भन्छन्, खुला सीमाका कारण तस्करी पूर्ण रूपमा अन्त्य गर्न कठिन भए पनि नियमित निगरानी, सूचना सञ्जाल सुदृढीकरण र स्थानीयसँगको सहकार्यले प्रभावकारी नियन्त्रण सम्भव हुन्छ । एकपटकको कारबाहीले मात्र सञ्जाल नटुट्ने भएकाले निरन्तरता अनिवार्य छ ।

नेपालगञ्ज उपमहानगरपालिका-१६ जयसपुर क्षेत्र विगतमा पनि अवैध गतिविधिका कारण चर्चामा आएको थियो। तर पछिल्लो कडाइले सीमाक्षेत्रमा स्पष्ट सन्देश दिएको छ-रातको अँध्यारो छोपेर राजस्व छली गर्ने प्रयास अब सहज छैन । सुरक्षा संयन्त्रको सक्रियतासँगै स्थानीय प्रशासन र अन्य निकायबीच समन्वय बैठकहरू नियमित भइरहेका छन् । संयुक्त गस्तीको समेत तयारी भइरहेको जनाइएको छ । सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरूले पनि शंका लागे सूचना दिन तत्पर रहेको बताएका छन् । फागुन ७ गते बिहानको कारबाही केवल सामान बरामदमा सीमित छैन, यसले सीमामा बदलिँदो सन्देश दिएको छ । अब प्रश्न यो हो-यो कडाइ निरन्तर रहन्छ कि केही समयपछि पुनः पुरानै शैली फर्किन्छ ? तस्करी नियन्त्रणमा दीर्घकालीन प्रभाव पार्न निरन्तर निगरानी र निष्पक्ष कार्यान्वयन अपरिहार्य देखिन्छ ।

# डेपुटी गभर्नर बन्न क-कसको दौडधुप ?

● साँघु संवाददाता

काठमाडौं । नेपाल राष्ट्र बैंकमा दुईजना डेपुटी गभर्नरको पद रिक्त हुन लागेको छ । २०८२ फागुन २५ गतेबाट डेपुटी गभर्नरद्वय डा. निलम ढुंगाना तिम्लिसना र डा. बम बहादुर मिश्रले चार वर्षे कार्यकाल पूरा गरेर अनिवार्य अवकासमा जाँदैछन् । त्यसपछि रिक्त हुने दुई डेपुटी गभर्नर पदमा नियुक्तिका लागि यतिखेर करिब डेढ दर्जन कार्यकारी निर्देशकहरूको छटपटी र दौड सुरु भएको चर्चा वित्तीय क्षेत्रमा हुने गरेको छ । नेपाल राष्ट्र बैंकको ७ सदस्यीय सञ्चालक समितिमा गभर्नर अध्यक्ष रहने कानूनी प्रावधान रहेको छ ।

अन्य ६ जना सदस्यहरूमा दुईजना डेपुटी गभर्नर, अर्थ मन्त्रालय सचिव र सरकारले मनोनित गर्ने तीनजना अर्थविद्हरु सदस्य रहने गर्छन् । यसैगरी, मौद्रिकविद्, कानूनविद्, चार्टर्ड एकाउन्टेन्टसहितका व्यक्तिहरू पनि सदस्य रहने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम हाल डेपुटी गभर्नरद्वय ढुंगाना र मिश्र पनि सञ्चालक समिति सदस्य रहेका छन् । उनीहरू दुबै जना अनिवार्य अवकाशमा जाने भएसँगै राष्ट्र बैंकमा डेपुटी गभर्नर नियुक्तिमा कार्यकारी निर्देशकहरूबीचमा रस्साकस्सी चलेको बताइन्छ ।

राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू नेपाल सरकारका सचिवहरु झैं विशिष्ट श्रेणी सरहको पद मानिन्छ र उनीहरूको कार्यकाल पनि ५ वर्षको रहेको छ । डेपुटी पद भने सचिव भन्दा मर्यादामा अझ माथिल्लो मानिन्छ । तरपनि कार्यकारी निर्देशकहरूबाटै जेष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा नियुक्त गरिदै आएको छ । त्यसैले पनि भावी डेपुटी गभर्नरमा यी दुईको अवकाशपछि कसले बाजी मार्ला भन्ने चासो वित्तीय क्षेत्रमा बढेको छ ।

त्यसकारण यतिखेर डेढ दर्जन कार्यकारी निर्देशकहरू डेपुटी गभर्नर पदमा छलाङ्गमार्न चलखेलमा लागेको चर्चा सुरु भएको छ । हुन त २०८२ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन हुन गइरहेको छ । सो निर्वाचनको परिणाम बाहिर आउन र नयाँ सरकार बन्न झण्डै दुई महिना लाग्ने छ । त्यसैले पनि भावी डेपुटी गभर्नरको नियुक्तिको सिफारिस अन्तरिम सरकारले नै गर्ने संभावना छ । अर्थ सचिव भएर नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको सदस्य समेत रहिसकेका अर्थमन्त्री डा. रामेश्वर प्रसाद खनाल राष्ट्र बैंकको कर्मचारी प्रशासनका बारेमा राम्रो जानकार मानिन्छन् ।

त्यसैले नयाँ सरकार गठन हुनु अगावै उनले जेष्ठता, वरिष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा डेपुटी गभर्नर नियुक्ति गर्ने चर्चा सुर भएको छ । त्यसैले निकै कनिष्ठ कार्यकारी निर्देशकहरुले डेपुटी गभर्नरको नियुक्तिमा अनावश्यक दौड गर्नुको कुनै अर्थ नरहेको दावी नेपाल राष्ट्र बैंक सम्वद्ध स्रोतले गरेको छ । हुन त निवर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले मुलुकको मौद्रिकविज्ञ र वित्तीय अवस्थाको विशेष जानकार नरहेका डा. विश्वनाथ पौडेललाई सेटिङमा गभर्नर नियुक्ति गरेको थियो ।

त्यसैले अव नयाँ डेपुटी गभर्नर नियुक्तिमा मौद्रिकनीतिविज्ञ, क्षमतावान र कार्यक्षमतामा सफल मानिएकालाई नियुक्तिका लागि सिफारिस गर्नुपर्ने माग रहेको नेपाल राष्ट्र बैंक स्रोत बताउछ । जसले मौद्रिक नीति र नियमनकारी भूमिकालाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलोस् भन्ने अपेक्षा राष्ट्र बैंकका कर्मचारीहरूले गरेका छन् । हालका गभर्नर पौडेलको मौद्रिक नीतिमा र प्रशासनिक कार्यक्षमता अति कमजोर रहेको वित्तीय क्षेत्रमा चर्चा हुने गर्दछ । जसले गर्दा भावी डेपुटी गभर्नरहरु पौडेललाईसमेत सही सल्लाह र सुझाव दिनसक्ने खालको आवश्यक रहेको चर्चा चल्ने गरेका छन् ।

अझ प्रशासनिक रूपमा क्षमतावान, मौद्रिक र वित्तीय क्षेत्रलाई बुझेको, बोल्ड डिसिजन गर्न सक्ने, आवश्यकता अनुसार, निर्मम, लचकदार व्यक्ति हुनुपर्ने राष्ट्र बैंकका इमान्दार कर्मचारी, अर्थविद् र मौद्रिक नीतिका जानकार व्यक्तिहरू बताउछन् । राष्ट्र बैंकमा हाल १८ जना कार्यकारी निर्देशकहरू रहेका छन् । उनीहरुमा नरेश शाक्य, रेवती प्रसाद नेपाल, रामु पौडेल, विश्रुत थापा, दयाराम शर्मा, गुरुप्रसाद पौडेल, किरण पण्डित, डा. सत्येन्द्र तिमिल्सिना, चेतप्रसाद उप्रेती, रोशनकुमार सिग्देल, डा. रामशरण खरेल, डा. डिल्लीराम पोखरेल, दीर्घबहादुर रावल, निश्चल अधिकारी, अनुज दाहाल, दीपकराज लामिछाने, राजन विक्रम थापा र राजेन्द्र भट्टराई कार्यकारी निर्देशक रहेका छन् । यी मध्ये कतिपय कार्यकारी निर्देशकहरू निकै कनिष्ठ रहेका छन् ।

माथि उल्लेखित नाममध्येबाट जेष्ठता, कार्यक्षमताका आधारमा डेपुटी गभर्नर नियुक्तिका लागि सिफारिस गर्नुपर्ने माग भइरहेको छ । डेपुटी गभर्नरका लागि राष्ट्र बैंक सञ्चालक समितिले अर्थ मन्त्रालयमा सहमतिकासाथ तीनजना कार्यकारी निर्देशकको नाम सिफारिस गर्नुपर्नेछ । सिफारिस भएकामध्ये दुई जनालाई मन्त्रिपरिषद बैठकले नियुक्त गर्ने कानूनी प्रावधान रहेको छ । १८ जनामध्ये लघुवित्त सुपरीवेक्षण विभागका प्रमुख रहेका नरेश शाक्य, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका प्रमुख रेवतीप्रसाद नेपाल र बैंक तथा वित्तीय संस्था नियमन विभाग रामु पौडेल, नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलमध्येबाट डेपुटी गभर्नर नियुक्तिका लागि सिफारिसमा पर्न सक्ने चर्चा सुरु भएको छ । गभर्नर डा. पौडेलको सोच, भावनामा समझदार, मिलनसार, सहयोगी, समन्वयकारी भूमिका निभाउन सक्ने, विश्वसनीय, सही सल्लाह र सुझाव दिनसक्ने क्षमतावान डेपुटी गभर्नरको आवश्यकता रहेको चर्चा हुँदै आएको छ ।

अर्थमन्त्री रामेश्वर खनाल र गभर्नर पौडेलकामबीचमा भावी डेपुटी गभर्नर कसलाई बनाउने भन्ने सम्बन्धमा छलफल भइसकेको चर्चा पनि सुनिन्छ । हाल निर्वाचन आचारसंहिता लागू भएको कारण पनि केही अलमल भएको स्रोतको बुझाई रहेको छ । निर्वाचन आयोगले नियमित र जरुरी काम नरोक्नु भनेर नियमित कामसँग जोडेर नीतिगत स्वीकृति भने अन्तरिम सरकारलाई दिइसकेको बुझिएको छ ।

# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*चुनाव हुने दिन नजिकिँदै गर्दा*
*पहाड मधेशका दुरदराजमा बस्ने भुइँ मतदाताहरुमा*
*एक प्रकारको कठोरता देखिन थालेको छ ।*
*यसलाई हरकोईले साधारण तबरले देख्न नभ्याउलान्*
*तर भोट हाल्नेहरुको बीचमा*
*लेउ परेर बसेको चुप्पीहरुलाई केलाउन सकियो भने*
*एउटा भिन्नै प्रकारको कठोरता तिनीहरुबाट निस्किरहेको देख्न सकिन्छ ।*
*ती प्रतिकृया दिन मन नपराएर चुप रहेका हुन् ।*
*यसलाई जडताको अर्थमा बुझ्ने गल्ती गरिनु हुन्न ।*
*बरु, विचारको तहमा विकसित दह्रोपना देखिनु राम्रो हुन्छ ।*
*कुनाकाप्चामा बसेर भोट हाल्नेहरुमा देखिन थालेको यो सोचलाई*
*जस जसले जितहारको पहिचानको वरमाला पहिऱ्याउन खोजेका हुन्*
*ती हिस्सिने पक्का देख्छु, म ।*
*भोट हाल्नेहरुको कठोरता तिनीहरुभित्र रहेको आत्म स्वीकृति बढी हो ।*
*सार्वभौम शक्तिको पहिचानको आत्मस्वीकृति ।*
*तिनलाई अब सजिलै झुक्याउन सकिन्न ।*
*ती चुप छन्, तिनलाई एलगोरिदमले पासोमा अंठ्याएको पनि छैन ।*
*तर ती घरिघरि तर्सिएको जस्तो सतर्क व्यवहार देखाई रहेका भने छन् ।*
*मानौ कोई कतै, तिनलाई विचलित बनाउन अस्त्र नै त बोकिहिंड्या छैनन् ।*
*लिखु खोलाका किनारका बस्तीहरु हुँदै कमला खोंचका बस्तीहरुसम्म*
*नुन ढाकरको पदयात्रामा हिड्न भ्याउनु भयो भने*
*मलाई लाग्छ,*
*तपाईं पनि मसित मिसिनु हुन्छ ।*
*भोट दिन जाने चुपचापको यो जत्था*
*आजभोलि मधेश पहाडका दुरदराजका बस्तीहरुमा*
*एउटा शक्तिशाली मत उमार्न खोजिराख्या छन् ।*
*चुनावी जंगलमा बाघहरु रैथाने कब्जामा रहेका छन्*
*यो देखिएको दृश्य हो र साँचो पनि हो ।*
*सबलाई थाहा छ, बाघहरु प्रतिरक्षात्मक हुन्छन्, हिंस्रक पनि ।*
*तर, पनि बाघ जंगलका राजा हुन पाउँदैनन्, पक्का हुन्छ ।*
*उसमा सबथोक हुन्छ तर राज गर्ने क्षमता भने शंकामा पर्छ ।*
*बाघ त्यसैले जंगलको राजा होइन ।*
*किनकि ऊ घातमा शिकार गर्छ, सुरक्षित नहुञ्जेल जाइ लाग्दैन ।*
*त्यसैले जंगलमा बाघलाई राजा मानिदैन ।*
*यतिखेर आफ्ना संगठनहरुलाई बुथसम्म विस्तार गरेर*
*भोट दिनेहरुको एक एक शिला गिन्ती गर्नेहरु*
*बाघ जस्तो शक्तिशाली भलै देखिएका होलान*
*तर ती जंगलमा राजाको हैसियतमा छैनन् ।*
*जंगलमा सिंह हिंड्दा मात्रै पनि जंगलका रैथानेहरु चाल पाउँछन,*
*जंगल सम्राट आफ्नो इलाकाको भ्रमणमा छन भनेर ।*
*सिंह चाल मारेर हिंड्दैन ।*
*बाघको जस्तो चाल मारेर आक्रमण गर्नु र राजा हुनु छुट्टै भेद्द हो ।*
*भोटहाल्न भनेर दह्रो भएको भुइँ मानिस*
*यो भेद्द जान्दछ, त्यसैले उसमा कठोरता आएको पनि छ ।*
*मलाई लाग्दछ,*
*चुनाव हुने दिन नजिकिँदै पर्दै गर्दा*
*भोट दिने एउटा भुइँ मानिस कठोरतापूर्वक*
*आफूलाई उभ्याउन सामर्थ्य हुन्छ*
*र, फेरिंन खोज्दो अवस्थाको सम्राट बन्न खोज्दो छ ।*
*चुनावको दृश्य भन्दा पनि भोटहाल्नेको कठोरपन बेग्लै छ ।*
*यसलाई चिन्दा मात्र*
*मुलुकको कृतिम भयावहता देखाएर खान पल्केकाहरुलाई*
*चिन्न सकिन्छ ।*
*भुइँ मानिस मुलुकसित छ उसलाई राम्रो थाहा छ ।*
*यो धर्तिमा तिनका पुर्खाले आर्ज्याको के भनेर ।*
*तिनको कठोरता तिनै पुर्खाको लिनियर हो ।*

## घण्टीको लहर...

देखिन्छन् । कोशी प्रदेशका सुनसरी र मोरङ क्षेत्रमा मतदाताहरू पुराना दलहरूसँग निकै आक्रोशित रहेको भेटिन्छन् । एमालेभित्र केपी ओलीको दम्भका कारण कार्यकर्तामा शिथिलता आएको छ भए पनि २०८२ फागुन ८ गते रास्वपाले दाङमा एमालेको झण्डा जलाएपछि एमाले कार्यकर्ता मतभेद त्यागेर एक भएको पाइन्छ । कांग्रेसका देउवा पक्षका गगनसँग रुष्ट मतदाताहरू 'घण्टी' मा भोट हालेर प्रतिशोध लिने मुडमा देखिन्छन् ।

**६. हर्क साम्पाङ र साना दलको प्रभाव**

पूर्वमा हर्क साम्पाङको 'श्रम संस्कृति पार्टी' ले सोचेजस्तो प्रभाव जमाउन सकेको देखिँदैन । साम्पाङको व्यक्तिगत व्यवहार र हालै बाहुन-क्षेत्रीको मत नचाहिने भनी दिएको विवादास्पद अभिव्यक्तिका कारण उनीप्रति नकारात्मक धारणा बढेको छ, जसले सुनसरी-१ मा उनको जित्ने सम्भावना घटाएको छ । अर्कोतर्फ, रिक्सा, बस र टेम्पो चालक जस्ता श्रमजीवी वर्ग, जो पहिले कम्युनिस्टका आधार भोट थिए, अहिले 'घण्टी' तर्फ आकर्षित भएका छन् । बालेनको क्रेजका कारण रास्वपाले समानुपातिकमा भारी मत ल्याउने निश्चित छ । तटस्थ मतदाताहरू विगत ३५ वर्षको कुशासनको बदला लिन 'पुरानालाई स्वाद चखाउने' मनस्थितिमा छन् ।

**७. चुनावी प्रचार र नतिजाको आंकलन**

प्रचारको शैली हेर्दा नयाँ पार्टीहरूप्रति बाध्यात्मक आकर्षण देखिन्छ । नयाँ दलहरूले शून्यबाट संगठन र मतदाता बनाउनुपर्ने भएकाले उनीहरूको चहलपहल बढी देखिनु स्वाभाविक हो । पुराना दलका उम्मेदवारहरू परिचित भएकाले उनीहरू 'सेट भोटर' सम्झाउनमा केन्द्रित छन् । नतिजाको हिसाबले रास्वपा समानुपातिकमा करिब २५ देखि ३५ लाख मतका साथ प्रथम हुने प्रक्षेपण छ भने प्रत्यक्षतर्फ नेपाली कांग्रेस नै पहिलो दल हुने सम्भावना देखिन्छ । दोस्रो स्थानमा रास्वपा उक्लिनेछ भने तेस्रो र चौथोमा क्रमशः एमाले र माओवादी केन्द्र रहने आंकलन गरिँदैछ ।

**८. सरकार गठनको म्याजिक नम्बर**

२०८२ को निर्वाचन केवल प्रतिनिधि छनोट मात्र नभई, विद्यमान व्यवस्था र पात्रहरूमाथिको अन्तिम फैसला हुनेछ । निर्वाचनपछि कुनै पनि एक दलको बहुमत पुग्ने सम्भावना छैन । पहिलो र दोस्रो दल (कांग्रेस र रास्वपा, डेमोक्रेटिक एलाइन्स) मिलेर सरकार नबनाएको खण्डमा सरकार गठनका लागि पुनः कम्युनिस्ट धार (एमाले र माओवादी) नै निर्णायक 'म्याजिक नम्बर' हुने देखिन्छ । गगन थापाको सर्लाही यात्रा र बालेनको झापा विद्रोहले नै केपी ओली-बालेन साह र नेपाल राष्ट्रको आगामी राजनीतिक दिशा र नयाँ नेतृत्वको मार्ग तय गर्नेछ ।

## पूर्व राजाको...

जनभावना प्रभावित गर्ने यो शैलीलाई कतिपय विश्लेषकहरूले "नो-रिग्रेट रणनीति"को संज्ञा दिएका छन्-जसले जोखिम कम, प्रभाव बढी पार्ने प्रयास झल्काउँछ । "सर्वपक्षीय सहमतिपछि मात्र निर्वाचन" भन्ने सन्देशलाई पनि यही रणनीतिक श्रृंखलाको निरन्तरता मानिन्छ । राजनीतिक अस्थिरता र व्यवस्थाप्रतिको असन्तुष्टि बढिरहेको बेला राजसंस्थालाई प्रतीकात्मक संकटमोचकको रूपमा प्रस्तुत गर्ने प्रयत्न स्पष्ट देखिन्छ ।

कम्युनिष्ट धारका केही नेताहरूले समेत विवादास्पद अभिव्यक्ति दिँदै राजसंस्थासँग मोर्चाबन्दीको सम्भावना औंल्याएका छन् । बामदेव गौतमले विदेशी हस्तक्षेपको सन्दर्भमा राजतन्त्रलाई स्वीकार गर्न सकिने संकेत दिएका छन् भने माओवादी धारका भरत बमले राष्ट्रिय स्वाधीनताको आन्दोलनमा राजासँग सहकार्य सम्भव रहेको सामाजिक सञ्जालमा उल्लेख गरेका छन् । यस्ता अभिव्यक्तिले परम्परागत गणितभन्दा बाहिरको राजनीतिक पुनर्संरचना सम्भावनाको बहस चर्काएको छ ।

**चुनाव कि नव-सम्झदारी ?**

राजतन्त्रवादी धारले वर्तमान संविधान र व्यवस्थाले आर्थिक, सामाजिक र भू-राजनीतिक संकटको निकास नदिने दाबी गर्दै आएको छ । "अभिभावकत्वविहीन चुनावले मुलुकलाई भँड्खालोमा जाक्नेछ" भन्ने तर्कसहित सर्वपक्षीय सम्मेलनको माग दोहोऱ्याइएको छ । पूर्वराजाले पनि निर्वाचन गराउने अन्तरिम सरकारको वैधता र प्रक्रियामाथि प्रश्न उठाएका छन् । संवैधानिक प्रक्रियाबाट गठन नभएको संरचनाबाट गरिने निर्वाचनको दुष्परिणाम कसले वहन गर्ने ?-उनको सन्देशले यही प्रश्न उठाएको छ ।

**अबको दृश्य**

पूर्वराजाको सन्देशले चुनाव बहिस्कारको स्पष्ट आव्हान नगरे पनि "देशभक्त नेपाली सतर्क होऊन्" भन्ने संकेतले राजनीतिक मनोविज्ञानलाई असर गरेको छ । पूर्वराजा ज्ञानेन्द्र शाह २०८२ फागुन १ गते झापाबाट राजधानी फर्किंदा पाएको जनसमर्थनलाई उनले आफ्नो सक्रिय दायित्वबोधसँग जोडेको विश्लेषण गरिदैछ ।

अब प्रश्न छ-पूर्व राजाको भावनालाई सम्मान गर्दै चुनावी मैदान छोड्ने कि चुनावमै नयाँ समझदारीको दबाब सिर्जना गर्ने ? राप्रपाले दोस्रो विकल्प रोजेको देखिन्छ । तर, चुनावी वातावरणमा आएको यो तरंगले २०८२ फागुन २१ गतेको मतगणनामा मात्र होइन, त्यसपछिको शक्ति सन्तुलनमा पनि प्रभाव पार्ने संकेत देखिन्छ । नेपालको राजनीति फेरि एकपटक इतिहास र वर्तमानको चौराहामा उभिएको छ-जहाँ मतपत्र मात्र होइन, वैचारिक दिशा पनि परीक्षणमा छ ।

## रास्वपा...

उनीहरुले प्रत्यक्षमा सिट बढाउने तर समानुपातिकमा मत घटाउने अवस्था हुँदा पनि रास्वपाले अधिक मत ल्याउने संभावना देखिएको छैन । रास्वपाको सभामा देखिएको उभार सबै मतमा परिवर्तन नहुने र अधिकांश भोटर लिस्टमा नाम नभएकाहरु नै भएको भन्दै विश्लेषणहरु पनि देखिएको छ । त्यसैले, अहिलेको अवस्थामा रास्वपा क्रेज घटन थालेकोले चुनावको विषयमा प्रश्न उठाउन थालेको छ । अहिलेसम्म रास्वपाको बढीमा ७५ सिट पुग्ने अनुमान गरिएको छ । हालैको एक सर्भेले उक्त संख्या देखाएको हो । चर्चा अनुसार, केही विदेशी दूतावासहरुले गरेको अध्ययन र सुरक्षा निकायको विश्लेषणले पनि रास्वपाले ७०-७५ सिट नकटाउने अवस्था देखिएको बताइएको छ । पछिल्ला दिनमा बालेन शाह र रवि लामिछाने समेतको पनि क्रेज घट्ने क्रममा रहेकाले उनीहरु पनि तनावमा रहेका छन् । पहिला जितेका क्षेत्रहरु ललितपुर, काठमाडौं र तनहुँमै रास्वपालाई अहिले तनाव भइरहेको पनि ती सर्भेमा देखिएको छ ।

## राजस्व लक्ष्यमा...

तर्क छ-आयात घट्नु मात्र कारण होइन, राजश्व चुहावट र प्रशासनिक कमजोरी पनि उत्तिकै जिम्मेवार छन् ।

**नेतृत्व र प्रशासनिक फितलोपन**

आन्तरिक राजस्व विभाग र भन्सार विभाग राजस्व संकलनका प्रमुख स्तम्भ हुन् । यी निकायको नेतृत्व प्रभावकारी नहुँदा लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको विश्लेषण हुँदै आएको छ । विशेषगरी बीरगंज, भैरहवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय जस्ता उच्च राजस्व संकलन केन्द्ररूमा देखिएको प्रशासनिक कमजोरीले असर पारेको स्रोतहरूको दाबी छ ।

भन्सार बिन्दुहरूमा अण्डर-इनभ्वाइसिङ, गलत वर्गीकरण, तथा अनौपचारिक सीमा व्यापारजस्ता समस्या पुरानै हुन्। नेपाल उद्योग वाणिज्य महासंघका अनुसार कुल आयातको १०-१५ प्रतिशतसम्म राजस्व चुहावट हुने अनुमान गरिएको छ। यदि यो अनुमान सही हो भने वार्षिक करिब १ खर्ब रुपैयाँ बराबरको सम्भावित राजस्व गुमिरहेको हुनसक्छ

अर्थमन्त्री रामेश्वर प्रसाद खनाल अनुभवी प्रशासक र पूर्वअर्थसचिव हुन्। तर मन्त्रालय सम्हालेपछि महत्वपूर्ण विभागीय नेतृत्व परिवर्तन गर्न नसकेको विषयले प्रशन उठेको छ । कर्मचारी वृत्तमा "नीतिगत इच्छाशक्ति कमजोर हुँदा प्रशासनिक सुधार हुन नसकेको" चर्चा छ ।

**खर्च व्यवस्थापनमा दबाब**

राजस्व लक्ष्यमा कमी आउँदा यसको प्रत्यक्ष असर विकास खर्च र पूँजीगत बजेटमा पर्ने देखिएको छ । हाल प्रतिनिधि सभा निर्वाचन सञ्चालन गर्न विकास बजेट कटौती गर्नुपरेको अवस्था छ । अर्थ मन्त्रालयकै तथ्यांकअनुसार अर्धवार्षिक अवधिसम्म पूँजीगत खर्च २५-३० प्रतिशत मात्र भएको छ, जुन विगत वर्षहरूकै झैं न्यून दर हो । यदि राजस्व संकलन अपेक्षाकृत कमजोर रहिरह्यो भने सरकारले निम्न विकल्पमध्ये एक रोज्नुपर्ने हुनसक्छ-

**आन्तरिक ऋण वृद्धि**

विदेशी सहायता तथा ऋणमा निर्भरता बढाउनु, विकास खर्च थप कटौती गर्नु, यी तीनवटै विकल्प अर्थतन्त्रका लागि दीर्घकालीन जोखिमयुक्त मानिन्छन् ।

**आर्थिक संकटको संकेत ?**

नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदनअनुसार आर्थिक वृद्धि दर ४ प्रतिशतभन्दा तल झर्ने जोखिम देखिएको छ । निजी क्षेत्रको लगानी सुस्त, निर्माण क्षेत्र थलिएको र उपभोग घट्दो अवस्थामा छ । यस्तो अवस्थामा राजस्व संकलन कमजोर रहँदा राजकोषीय घाटा बढ्ने सम्भावना प्रबल हुन्छ ।

अर्थ मन्त्रालयकै प्रारम्भिक अनुमानअनुसार चालु आर्थिक वर्षमा राजकोषीय घाटा जीडीपीको ५ प्रतिशत नाघ्न सक्ने संकेत छ । यो स्तर दीर्घकालीन रूपमा टिकाउ नहुने अर्थशास्त्रीहरूको चेतावनी छ ।

**सुधारको बाटो के ?**

विशेषज्ञहरूका अनुसार तत्काल तीनवटा कदम अपरिहार्य छन्- भन्सार र आन्तरिक राजस्व प्रशासनमा कडाइ र प्रविधिको प्रयोग

**उच्च राजस्व केन्द्रमा सक्षम र निष्पक्ष नेतृत्व**

कर प्रणाली सरलीकरण र करदाताप्रति विश्वासको वातावरण, राजस्व संकलन केवल लक्ष्यको अंक होइन, राज्य सञ्चालनको आधार हो । राजस्व कमजोर हुँदा सामाजिक सुरक्षा, विकास आयोजना र वित्तीय स्थिरता सबै प्रभावित हुन्छन् ।

**निष्कर्ष** : १४ खर्ब ८० अर्बको लक्ष्यबाट १२ खर्ब ९८ अर्बमा झर्नु केवल अंकको अन्तर होइन-यो राजकोषीय व्यवस्थापनको चुनौती हो । यदि प्रशासनिक सुधार, चुहावट नियन्त्रण र आर्थिक सक्रियता बढाउने पहल अर्थ मन्त्री रामेश्वर खनालबाट समयमै गरिएन भने आगामी आर्थिक वर्षमा संकट झन् गहिरिन सक्ने चिन्ता बढ्दै गएको छ । अर्थमन्त्री खनालको अनुभव र नीति-निर्माण क्षमता अब वास्तविक परीक्षामा छ-राजस्व लक्ष्यको खाडल कसरी पुर्ने र अर्थतन्त्रलाई कसरी स्थिरता दिने भन्ने प्रश्नको उत्तर यही वर्ष तय हुनेछ ।

## निर्वाचन...

रिक्त स्थानमा पदस्थापन नगरिएको विषयले थप प्रश्न उठाएको छ ।

मन्त्रालयले निर्वाचन आचारसंहिताको कारण देखाउँदै पदस्थापन नगरेको झुठो तर्क गर्ने गरेको भेद पनि खुलेको छ । मन्त्री माधव प्रसाद चौलागाईं र सचिव केशवप्रसाद शर्मा बिडारीले निर्वाचन आयोगबाट सहमति नआएकाले पदस्थापन गर्न नसकिएको झुठो दाबी गर्ने गरेका छन् । तर, मन्त्रालयभित्रै दीप बराही नामका एक सहसचिवलाई दुईवटा निकायको दोहोरो जिम्मेवारी दिइएको छ । यसले नयाँ बढुवा भएका तीन सहसचिवप्रति 'भेदभाव' गरिएको आरोपलाई बल दिएको छ ।

**निर्वाचन आयोगको स्पष्ट जवाफ**

यस विषयमा साँघु संवाददाताले निर्वाचन आयोगसँग सम्पर्क राख्दा आयोगका कानून अधिकृत मोहन जोशीले महत्वपूर्ण जानकारी दिएका छन् । उनका अनुसार, "बढुवा भएका कर्मचारीहरूको पदस्थापन र जिम्मेवारी बाँडफाँडमा निर्वाचन आचारसंहिताले कुनै रोकतोक गर्दैन र आयोगले पनि त्यस्तो कुनै प्रतिबन्ध लगाएको छैन ।"

जोशीले थप स्पष्ट पारे, "यदि कुनै मन्त्रालयलाई आचारसंहिताका कारण अन्योल भएको लागेमा आयोगसँग परामर्श गर्न सक्छन् । त्यस्तो अवस्थामा आयोगले तत्काल स्पष्ट निर्देशन दिन्छ ।" यसबाट मन्त्रालयले आचारसंहितालाई ढाल बनाएको हो कि भन्ने शंका बलियो बनेको छ ।

**प्रशासनिक अन्योल कि नियोजित थन्क्याइ ?**

विश्लेषकहरूका अनुसार, बढुवा भइसकेका अधिकृतलाई लामो समय जिम्मेवारी नदिनु प्रशासनिक व्यवस्थापनको कमजोरी मात्र नभई संगठनात्मक मनोबल घटाउने कार्य हो । सहसचिव स्तरका अधिकृतहरू नीति निर्माण, योजना कार्यान्वयन र ठूला परियोजनाको अनुगमनमा महत्वपूर्ण भूमिका खेल्छन् । तर, उनीहरूलाई कार्यालयको करिडोरमै 'थन्क्याएर' राख्नुले मन्त्रालयभित्र शक्ति-सन्तुलन वा आन्तरिक गुटबन्दीको संकेत दिनसक्ने कर्मचारी वृत्तमा चर्चा छ ।

**निष्कर्ष** : निर्वाचन आचारसंहिताको बहानामा बढुवा भएका सहसचिवहरूलाई जिम्मेवारी नदिनु र अर्कातर्फ एउटै अधिकृतलाई दोहोरो जिम्मेवारी दिनुले भौतिक मन्त्रालयका मन्त्री र सचिवको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ । अब प्रश्न उठ्छ-आचारसंहिता साँच्चै बाधक हो, वा प्रशासनिक निर्णयमा पारदर्शिताको अभाव ? निर्वाचन आयोगको स्पष्ट धारणा बाहिर आइसकेपछि मन्त्रालय नेतृत्वले अब के निर्णय लिन्छ, त्यो हेर्न बाँकी छ ।

## निर्मल निवासको...

**संवाद समितिको प्रस्तावित ढाँचा**

राजतन्त्र पक्षधरहरूबीचको छलफलमा प्रस्तावित 'संवाद समिति' को उद्देश्य दुई तहमा काम गर्ने बताइएको छ । पहिलो-विद्यमान राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी र पूर्वप्रशासकहरूलाई समेटेर बृहत् राष्ट्रिय संवाद समिति गठन गर्ने । दोस्रो-राष्ट्रिय सहमति सरकारको प्रारूप तयार गरी चुनावअघि नै राजनीतिक निकास खोज्ने ।

सीपी मैनाली निकट स्रोतका अनुसार, देशमा बढ्दै गएको द्वन्द्व, असमझदारी र राजनीतिक ध्रुवीकरणलाई संवादमार्फत समाधान गर्ने उद्देश्य राखिएको छ । "निर्वाचन केवल प्रक्रियात्मक समाधान हो, मूल समस्याको निकास सहमति र पुनर्संरचनाबाट मात्रै सम्भव छ," भन्ने धारणा बैठकमा उठाइएको बताइएको छ ।

**सर्वपक्षीय सरकारको बहस**

राजतन्त्रवादी वृत्तमा अहिले सर्वपक्षीय सरकारको अवधारणा फेरि चर्चामा आएको छ । संविधान संशोधन, शासन संरचना पुनरावलोकन र राजसंस्थाको संवैधानिक भूमिकाबारे बहस गर्न 'अन्तरिम सहमति सरकार' गठन गर्ने प्रस्ताव केही सहभागीहरूले अघि सारेको बुझिएको छ ।

यद्यपि, मुख्य राजनीतिक दलहरूले यस्तो प्रस्तावप्रति सार्वजनिक रूपमा कुनै प्रतिक्रिया दिएका छैनन् । नेपाली कांग्रेस र एमाले दुवैले निर्वाचन नै लोकतान्त्रिक निकास भएको बताउँदै आएका छन् । तर, चुनावपछिको सम्भावित गठबन्धन समीकरण अस्पष्ट रहेकाले राजावादीहरूले त्यसैमा अवसर देखेको विश्लेषण गरिएको छ ।

**राजतन्त्र पुनर्स्थापनाको रणनीति**

बैठकमा प्रत्यक्ष रूपमा राजतन्त्र पुनर्स्थापनाको माग अघि सारिए पनि रणनीतिक रूपमा 'राष्ट्रिय एकता' र 'अभिभावकीय भूमिका' को भाष्य प्रयोग गरिएको स्रोतहरू बताउँछन् । पूर्वराजाले सन्देशमा व्यक्त गरेको "देश र जनताको रक्षाका लागि त्याग गर्न तयार" भन्ने वाक्यलाई समर्थकहरूले राजनीतिक सक्रियताको संकेतका रूपमा व्याख्या गरेका छन् । राजतन्त्रवादी विश्लेषकहरूका अनुसार, प्रत्यक्ष आन्दोलनभन्दा 'भद्र सडक आन्दोलन' र बौद्धिक दबाबमार्फत वातावरण निर्माण गर्ने योजना छ । त्यसका लागि विभिन्न पेशागत संगठन, युवा समूह र पूर्वसैनिक वृत्तसँग पनि समन्वय गर्ने तयारी भइरहेको बताइएको छ ।

**निर्वाचनअघि सहमति सम्भव ?**

संविधानअनुसार निर्वाचन प्रक्रिया अघि बढिसकेको अवस्थामा निर्वाचनअघि राष्ट्रिय सहमति सम्भव हुने वा नहुने प्रश्न उठेको छ । निर्वाचन आयोगले कार्यतालिका सार्वजनिक गरिसकेको छ र उम्मेदवारी दर्ता, प्रचार-प्रसार प्रक्रिया अगाडि बढिरहेको छ । यस्तो अवस्थामा राजनीतिक सहमतिका नाममा निर्वाचन स्थगन गर्न संवैधानिक जटिलता उत्पन्न हुन सक्छ । तर राजावादी धारको तर्क छ-यदि व्यापक राजनीतिक असन्तोष र असुरक्षा देखिएमा सहमतिमार्फत वैकल्पिक बाटो खोज्न सकिन्छ । उनीहरूले चुनावपछि उत्पन्न हुनसक्ने विवाद, ध्रुवीकरण र अस्थिरतालाई रोक्न अहिले नै पहल गर्नुपर्ने धारणा अघि सारेका छन् ।

**राजनीतिक तरंग र शक्ति सन्तुलन**

२०८२ फागुन ७ को सन्देशपछि राजतन्त्रवादी समर्थकहरू उत्साहित देखिए पनि मुख्यधारका दलहरू सतर्क छन् । केही विश्लेषकहरूले यसलाई चुनावी गणित प्रभावित गर्ने मनोवैज्ञानिक रणनीति मान्छन् । यदि राजतन्त्रवादी मत एकत्रित भएमा केही निर्वाचन क्षेत्रमा परिणाममा असर पर्नसक्ने सम्भावना नकार्न सकिँदैन । अर्कोतर्फ, राजावादी खेमाभित्रै बहस छ-चुनाव बहिस्कार गर्ने कि चुनावमार्फत शक्ति प्रदर्शन गर्ने ? केही समूह बहिस्कारको पक्षमा छन् भने केहीले निर्वाचनलाई नै दबाबको माध्यम बनाउने रणनीति रोजेका छन् ।

**निष्कर्ष** : पूर्वराजा ज्ञानेन्द्र शाहको सन्देशपछि सुरु भएका कोठे बैठक र संवाद समिति गठनको पहलले नेपालको राजनीतिक परिदृश्यमा नयाँ आयाम थपेको छ । यद्यपि, यसको प्रभाव निर्वाचन प्रक्रियामा कति पर्छ भन्ने स्पष्ट छैन ।

राजनीतिक अस्थिरता र आर्थिक चुनौतीको पृष्ठभूमिमा राजावादी सक्रियता पुनः सतहमा आएको छ । निर्वाचनअघि राष्ट्रिय सहमति सम्भव हुन्छ कि हुँदैन, वा यो पहल केवल रणनीतिक दबाब मात्र हो-त्यो आगामी केही दिनले स्पष्ट पार्नेछ । अहिलेसम्म देखिएको संकेत भने यही हो–राजतन्त्रको मुद्दा पुनः चुनावी बहसको केन्द्रतिर धकेलिँदैछ, र निर्मल निवासको सन्देशले राजनीतिक तरंगलाई नयाँ मोड दिएको छ ।

## नेताको भाषण...

कमजोरीको पहिचान गरेका छन् र झुटा र मनगढन्ते विवरण, आरोप र प्रत्यारोपका आधारमा मतदातालाई सम्मोहित बनाउने परम्परागत प्रयत्नको पुनरावृत्तिमै लागिरहेका छन् । मतदाताहरूको यस्तो कमजोरी वा प्रवृत्तिलाई आधार बनाएर बेलाबखतमा कतिपय विदेशी शक्तिहरूले आफ्नो इशारामा चल्ने केही "डमी उम्मेदवार" खडा गरेर पैसा र सूचनाको प्रायोजित चलखेलबाट निर्वाचनमा अवाञ्छित प्रभाव पार्ने प्रयास गरेको दृष्टान्तहरू हाम्रो देशकै इतिहासमा समेत फेला पर्छन् । निर्वाचनको मुखमा विदेशी उच्चाधिकारीहरूले कुनै खास भौगोलिक क्षेत्रका उम्मेदवारहरूसँग गोप्य भेटघाट र छलफल गर्ने गर्छन् । विदेशी कूटनीतिज्ञहरूले खास-खास दलका नेताहरूसँग अपारदर्शी ढङ्गले वार्ता वा बैठक गर्ने र निर्वाचनको घोषणा भइसकेपछि कुनै खास दलका नेताका विरुद्धमा चलेका मुद्दाहरू कानूनी परम्परा र सिद्धान्तविपरीत झैं लाग्ने गरी सरकार आफैं अग्रसर भएर फिर्ता लिने प्रयास गर्ने जस्ता काम भएका दृष्टान्तहरू वर्तमान समयमा पनि चर्चामा रहेको पाइन्छ ।

रहस्यमय जस्ता लाग्ने यावत् घटनाहरूका सन्दर्भमा निर्वाचन आयोगको के-कस्तो धारणा रहेको छ भन्ने कुरा समेत सार्वजनिक नभएको अवस्थालाई पनि कतिपय विश्लेषकहरूले उत्तिकै अर्थपूर्ण मान्न सक्ने सम्भावना देखिन्छ ।

**नयाँ अनुहारको नौटंकी**

नयाँ र चर्चित अनुहारहरूको नौटंकीले त्यस्ता अनुहारहरू देश र जनताको रक्षा र हितप्रति साँच्चै प्रतिबद्ध भएर काम गर्ने उद्देश्य राखेर प्रतिस्पर्धामा उत्रेका छन् कि भ्रमको खेती गरेर नौटंकीको भरमा पदमा पुग्ने लालसा राखेर अगाडि आएका छन् भन्ने कुरा स्पष्ट हुन बाँकी नै छ । आफ्नो जस्तै अनुहार भएका अर्का पात्रलाई आफ्नो तर्फबाट मतदाताहरूको अगिल्तिर वास्तविक उम्मेदवारकै जस्तो अभिनय गरेर हात हल्लाउन लगाउनेसमेतका अभ्यासहरू प्रचार-प्रसारको क्रममा भएका देखिन्छन् । आम जनता र मतदाताहरूका पीडा र समस्याको पहिचान गरेर तिनको समाधान गर्ने व्यावहारिक योजना मतदाता समक्ष राख्ने साहस भने नयाँ भनिएका अनुहार हरूमा समेत देखिँदैन ।

अनियमितता र भ्रष्टाचारको आरोपमा छानबिनमा रहेका व्यक्तिले सबैभन्दा ठूलो स्वरमा भ्रष्टाचारको विरोध गरेको सुन्नुपर्ने पीडा बोक्न मतदाताहरू अभ्यस्त हुन थालेका छन् ।

**मतदाताको खरो परीक्षा**

कानूनको शासनमा कसैमाथि प्रतिशोध साँध्ने काम हुँदैन र गर्नु हुँदैन भन्ने कुराको हेक्का समेत उम्मेदवारहरूले राखेको पाइँदैन । "हामीले जित्यौं भने हामीहरूले फलानालाई थुन्छौं" भनेर खुलेआम भनिरहेका छन् । प्रजातन्त्रमा अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता निकायको कार्यक्षेत्र र अधिकार आफ्नो हातमा लिएर मनपरी गर्न पाइँदैन भन्नेसम्मको हेक्का नराख्ने व्यक्तिहरूको बीचबाट एकजना छान्ने कठिन परीक्षाको अगिल्तिर मतदाताहरू छन् ।

जनताको अगिल्तिर आफ्ना प्राथमिकताहरू राख्ने कुरामा भन्दा मन्दिर-मन्दिर चहारेर जनताको भावनासित खेल्ने प्रयास भइरहेको छ । सरकारी संयन्त्रहरूको निष्पक्षताको कुरा समेत प्रश्नको घेराबाहिर रहन सकेन भने त्यो अर्को विडम्बना हुन्छ । प्रणालीमा आधारभूत परिवर्तनको चाहना राखेका मतदाताहरूको अगिल्तिर व्यक्तिको चयनले अपेक्षा अनुसारको परिवर्तन ल्याउन नसक्ने कुरा स्पष्ट नै छ । यस प्रकारको जटिल पृष्ठभूमिमा मतदाताहरुको अगाडि निर्वाचनको रुपमा आएको खरो परीक्षाको परिणामको प्रतीक्षा गर्नुपर्ने घडी अहिले नजिकै आएको छ ।

## संसद भवन...

खासै चासो नदेखाएको सचिवालय स्रोतले जानकारी दिएको छ। यही कारण संसद बैठक कहाँ बस्ने भन्ने अन्यौलता यतिखेर थप बढ्दै गएको छ । संघीय २ सय ६५ जना सांसदहरुको लागि आवश्यक रोष्टम, सभामुख, उपसभामुख, सचिव, महासचिव बस्ने अस्थायी सचिवालय तत्काल उपलब्ध हुने त्यति ठुलो पूर्वाधार भएको हल अन्यत्र देखिँदैन ।

जसका कारण प्रतिनिधि सभाको बैठक अन्यत्र कहींकतै तत्काल आयोजना गर्नसक्ने अवस्था पनि छैन । त्यसैले सरकारले निर्माणाधीन नयाँ संसद भवनको समयमा निर्माण कार्य सम्पन्न गर्नुबाहेक तत्काल अर्को कुनै विकल्प पनि देखिएको छैन । सरकारले निर्माण कामलाई तिव्र गतिमा अगाडि बढाउँदा पनि कम्तिमा बैशाख पहिलो सातातिर मात्रै बैठक आयोजना गर्न सकिने जानकार स्रोत बताउँछ । समयमा प्रतिनिधि सभा बैठक आयोजना गर्न सकिएन भने सरकार गठनमासमेत ढिलाई हुनसक्ने अनुमान गरिएको छ । उता, सरकारले २०८३ जेठ १५ गते अनिवार्य रुपमा संघीय बजेट ल्याउनुपर्ने कानूनी बाध्यता रहेको छ ।

त्यसअगाडि प्रि-बजेट छलफल गर्नुपर्ने संवैधानिक व्यवस्थाका कारण पनि समयमा नै प्रतिनिधि सभाको बैठक आयोजना गर्नुको विकल्प अर्को हुन सक्दैन । यसमा पनि अझ महत्वपूर्ण र रोचक विषय त फागुन २१ गतेपछि निर्वाचित भएर आउने सांसदलाई शपथग्रहण, लोगो वितरणलगायतका कार्यहरु गर्नुपर्ने र प्रतिनिधि सभा निर्वाचन-२०८२ को अन्तिम नतिजा आएको एक महिनाभित्र संसदको बैठक आह्वान गर्नैपर्ने संवैधानिक व्यवस्था रहेकाले पनि समयमा बैठक आह्वान गर्नुको विकल्प देखिंदैन । अन्तरिम सरकारका प्रधानमन्त्री कार्की र सचिव सिग्देल संसद भवन तयार नहुँदा नवनिर्वाचित संसदको पहिलो बैठक कहाँ आयोजना गर्ने भन्ने विषयमा कानमा बतास लाग्न नसकेको गुनासो सुनिन्छ ।

## कुन-कुन...

सचिव डा. दीपककुमार खराल पनि २०८२ चैत १४ गते अवकाशमा जाने दिन गनेर बसिरहेका छन् ।

हाल उनी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पशुपन्छीतर्फको सचिवको भूमिकामा रहेका छन् । त्यसपछि ०८३ असार २० गते हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको उद्योगतर्फ कार्यरत सचिव मधुसुदन बुर्लाकोटी अवकासमा जानेछन् । त्यसलगत्तै २०८३ असार २३ गते सचिव डा. कृष्णहरि पुस्कर कर्ण पाँचवर्षे सचिवको कार्यकाल पूरा गरी निजामती प्रशासनबाट बिदा हुनेछन् । उनी अवकाशमा गएको भोलिपल्ट अर्थात असार २४ गते हाल मुख्यसचिवको जिम्मेवारीमा रहेका सुमनराज अर्याल पनि ५८ वर्षे उमेरहदका कारण अवकामा जाने तयारीमा रहेका छन् ।

## प्रशासनिक...

प्रशासनिक अनुभव र क्षमताको दृष्टिले महत्वपूर्ण जिम्मेवारी पाउनुपर्ने अधिकारीहरूलाई सीमित प्रभाव र औपचारिक भूमिकाका आयोग तथा समितिमा राखिएको आरोप छ । अर्का एक सहसचिवलाई जेनजी आन्दोलनका घाइतेहरूको उपचार सिफारिस समितिमा खटाइएको छ। यस्ता समितिहरूमा कार्यक्षेत्र सीमित हुने भएकाले वरिष्ठ अधिकृतहरूको प्रभाव र सक्रियता न्यून हुने देखिन्छ। कर्मचारी वृत्तमा यसलाई "हूर्मत लिने शैली" भन्दै आलोचना भइरहेको छ । उता, उपसचिवहरूलाई भने 'क' वर्गका संवेदनशील जिल्लामा खटाइएको छ। प्रशासनिक दृष्टिले महत्त्वपूर्ण जिल्लामा सहसचिव स्तरको नेतृत्व अपेक्षित हुँदा पनि उपसचिवलाई जिम्मेवारी दिइनुले कार्यशैलीप्रति शंका बढाएको छ। यसले पदानुक्रम, वरिष्ठता र संस्थागत परम्परामा असर पार्ने विश्लेषण हुन थालेको छ ।

**निर्वाचनको सन्दर्भ र प्रशासनिक तटस्थता**

निर्वाचनको मुखमा गरिएको प्रशासनिक फेरबदललाई अझ संवेदनशील मानिन्छ। प्रमुख जिल्ला अधिकारी निर्वाचन व्यवस्थापन र सुरक्षा संयन्त्रको समन्वयमा प्रमुख भूमिका खेल्ने पद हो । यस्तो बेला पदस्थापनमा पारदर्शिता र तटस्थता अपेक्षित हुन्छ। प्रश्न उठेको छ-के सहसचिवहरूलाई राजनीतिक दबाब वा अन्य कारणले पछाडि सारिएको हो ? वा, उपसचिवहरूलाई संवेदनशील जिम्मेवारी दिंदा भविष्यको समीकरणलाई ध्यानमा राखिएको हो ? यस्ता जिज्ञासाले प्रशासनिक निष्पक्षतामाथि प्रश्न खडा गरेको छ ।

**निजामती प्रशासनमा बढ्दो असन्तुलन**

निजामती सेवामा पदानुक्रम र अनुभवलाई सम्मान गर्ने परम्परा कमजोर बन्दै गएको आरोप पुरानै हो । तर, पछिल्लो घटनाक्रमले त्यो आरोपलाई बल दिएको देखिन्छ । सहसचिव स्तरका अधिकारीहरूलाई आयोग-समितिमा सीमित पारेर उपसचिवलाई महत्वपूर्ण जिल्ला नेतृत्वमा पठाउनु प्रशासनिक सन्तुलन विपरीत भएको कर्मचारीहरूको भनाइ छ । यसले दीर्घकालीन रूपमा तीनवटा असर पार्न सक्छ-

**वरिष्ठताको मनोबल कमजोर हुनु**

**संस्थागत निर्णय प्रक्रियामा पारदर्शिता घट्नु**

**प्रशासनिक तटस्थतामाथि अविश्वास बढ्नु**

यदि प्रशासनिक निर्णयहरू स्पष्ट मापदण्डबिना गरिन्छन् भने त्यसले संस्थाको विश्वसनीयतामा क्षति पुऱ्याउँछ ।

**पारदर्शिताको माग**

गृह मन्त्रालयले आफ्नो निर्णय प्रशासनिक आवश्यकता र रिक्तता पूर्तिको तर्कमा आधारित भएको दाबी गरे पनि कर्मचारी वृत्तमा उठेका प्रश्नहरू सहजै मेटिएका छैनन् । सहसचिव दरबन्दी कायम रहेको अवस्थामा उपसचिवलाई कामु जिम्मेवारी दिनुको औचित्य र समयको सन्दर्भ स्पष्ट पार्नुपर्ने माग उठेको छ ।

निजामती प्रशासन लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड हो । त्यसको तटस्थता र पेशागत मर्यादा कायम राख्न नेतृत्व तहको भूमिका निर्णायक हुन्छ । निर्वाचनको संवेदनशील घडीमा देखिएको यस्तो निर्णय-प्रवृत्तिले प्रशासनिक प्रणालीभित्र गहिरिँदै गएको असन्तुलन र बेथितिको संकेत दिएको विश्लेषण भइरहेको छ । यदि यस्ता निर्णयहरू निरन्तरता पाउँछन् भने प्रशासनिक संयन्त्र राजनीतिक प्रभावको छायामा जाने खतरा बढ्नेछ। प्रश्न अब एउटा जिल्ला वा एउटा पदको मात्र होइन–निजामती प्रशासनको संस्थागत विश्वसनीयताको हो ।

## मन्त्रिपरिषदमै...

कमलप्रसाद भट्टराईको बढुवा हुने निश्चित प्राय रहेको बताइन्छ । भट्टराई हाल मधेश प्रदेशको प्रमुख सचिवको जिम्मेवारीमा रहेका छन् । फागुन ८ गते शुक्रबार नै सेवा निवृत्त भएपछि घिमिरे कार्यरत रहेको बाणिज्य मन्त्रालयमा भने हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जगेडामा रहेका सचिव महादेव पन्थको सरुवा हुने चर्चा छ । सचिव पन्थलाई साढे दुई महिना अघि निर्वाचन आयोगबाट सरुवा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा थन्काइएको थियो । अतिरिक्त समूहमा थन्काइएका सचिव पन्थलाई अन्तरिम सरकारले न्याय दिनपनि उक्त मन्त्रालयमा खटाउने अनुमान गरिएको छ । हाल उनी दैनिक रुपमा कार्यालय गएर हाजिर मात्रै गरेर घर जाने गरेका छन् । निवर्तमान मुख्यसचिव एकनारायण अर्यालले यसैगरी जथाभावी सहसचिव र सचिव सरूवाको सरुवा गर्दै अतिरिक्तमा थन्काउने गरेका थिए । सोही प्रवृत्तिलाई वर्तमान मुख्यसचिव सुमनराज अर्यालले पनि निरन्तरता दिएको उदाहरण पन्थलाई जिम्मेवारी नदिनुले पनि पुष्टि गर्दै आएको छ ।

सचिव पन्थलाई जगेडामा राख्नुमा मुख्यसचिव अर्याल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री रामेश्वरप्रसाद खनाल मुख्यरुपमा जिम्मेवार रहेको प्रशासनिक स्रोत बताउँछ । यसअघि निवर्तमान मुख्यसचिव अर्यालले पनि सुदूरपश्चिम प्रदेशबाट प्रमुख सचिव कमलप्रसाद पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सरूवा गर्दै लामो समय जगेडामा थन्काएका थिए । त्यसपछि प्रदेशबाट आफू निकटका सचिवद्वय चन्द्रकला पौडेल र मदन भुजेललाई भने संघमा सरूवा गरेका थिए ।लगत्तै उनले सचिव पौडेललाई संघीय मामिला तथा सामान्य प्रशासन र भुजेललाई भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी दिएका थिए । निवर्तमान मुख्यसचिव अर्यालको कार्यशैलीलाई अहिलेका मुख्यसचिव सुमनले पनि निरन्तरता दिएको कारण सचिव पन्थ पीडित हुनु परेको चर्चा सिंहदरवार परिसरमा चल्ने गरेको छ । सचिव जस्तो विशिष्ट श्रेणीको कर्मचारीलाई साढे दुई महिनासम्म भूमिकाविहीन बनाएपछि मुख्यसचिव अर्याल र प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारको कार्यशैलीप्रति निजामती प्रशासनमा असन्तुष्टि छाएको छ ।

अझ अन्तरिम सरकारले प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा कनिष्ठ सहसचिवलाई कायममुकायम प्रमुख सचिवको जिम्मेवारीलाई अर्थपूर्णमा हेरिएको छ । सरकारले वरिष्ठ सचिवलाई संघको अतिरिक्त समूहमा थन्क्याएको यस्ता घटनाले जेनजी समर्थित सरकार पनि निजामती प्रशासनलाई सुधार गर्नेभन्दा पनि सु-शासनको धज्जी उडाएको अर्थमा हेरिदै आएको छ । जसले निजामती प्रशासनमा नकारात्मक सन्देशसमेत दिएको कर्मचारीहरु बताउँछन् ।

## सर्वपक्षीय...

धेरै अर्थ राख्ने पनि बताइन्छ । त्यसमा पनि दुर्गा प्रसाईंलाई पक्राउ गर्ने छोड्ने र पक्राउ गर्ने छोड्न् रफ्तारलाई पनि रहस्यमय ढंगले हेरिएको छ ।

प्रसाईंलाई सरकारले हरेक दिनजसो पक्राउ गर्ने र छोड्ने काम गरिरहेको छ । पक्राउले प्रसाईंको भाउ बढाउने काम भने गरिरहेका छ । अहिले नेपालमा सर्वपक्षीय सरकार बनाउनुपर्ने तर्कमा उनी पनि रहेका छन् । त्यसबाहेक कल्याण श्रेष्ठहरुको टीम पनि सार्वजनिक रुपमा सर्वपक्षीय सरकार बनाउने लाइनमा रहेका छन् । उनीहरुले बोली पनि रहेका छन् । उनीहरुको समर्थनमा अहिले प्रधानमन्त्री सुशीला कार्की नभएका कारणले मात्रै उक्त स्वर ठूलो भएको छैन ।

अहिले चुनावको पक्षमा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री कार्की र प्रधानसेनापति अशोकराज सिग्देल चाहिँ कडा रुपमा उभिएको बताइन्छ । सोही कारण विभिन्न च्यानलबाट चुनाव सार्ने विषयमा उठेको आवाजलाई सुनवाई गरेका छैनन् । कतिसम्म भने कांग्रेस र एमालेमात्र होइन, रास्वपाको एउटा पंक्ति पनि चुनावको पक्षमा रहेको थिएन । उनीहरुको च्यानलको कुरा गर्दा प्रधानमन्त्री कार्कीले अनदेखा गरिरहेको स्रोतले दाबी गरेको छ ।

चुनावअघि सर्वपक्षीय सरकार बन्ने अवस्था अहिलेलाई देखिएको छैन । सोहीकारण चुनाव सर्ने सम्भावना पनि रहेको छैन । तर, चुनावपछिको सरकार भने कस्तो र कहिले बन्छ ? भन्ने निकै चासोको विषय हेरिएको छ । राष्ट्रपति र अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरुले नै सरकारलाई कसरी चलाउँछन् भन्ने चासो निकै बढेको हो । अहिलेको चुनावमा आवश्यकतामात्र बढी बाहिरी चासो रहेका कारणले पनि नेपालको चुनाव आफ्नो भन्दा अरुका लागि भइरहेको जस्तो देखिएको छ ।

**निर्वाचनलाई वातावरणमैत्री बनाऔं**

- सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलुस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई ध्यान दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

*हरित निर्वाचन अभियानलाई सफल परौं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार